सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१० माघ २०८०, बुधबार (24 Jan 2024, Wednesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २७५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

प्रधानमन्त्रीलाई एमालेका ७५१ माग



दराजमा थन्किँदैन, बजेटमा समेटेर कार्यान्वयन गर्छु : प्रधानमन्त्री

खबरदारी गर्छौं, अहिलेलाई सरकारलाई शंकाको सुविधा दिएका छौं : ओली

(विस्तृत पृष्ठ ३)

परिवर्तित बजेट कार्यतालिका र पूर्वबजेट अभ्यास



अग्रलेख

● अनिरुद्र न्यौपाने

शतप्रतिशत बढ्यो शंकास्पद कारोबार

पाँच हजार नौ सय ३५ कारोबार सन्देहपूर्ण, भुक्तानी सेवाप्रदायकमा पनि देखिन थाल्यो समस्या

सबैभन्दा बढी वाणिज्य बैंकमा बढ्यो सन्देहपूर्ण कारोबार

(विस्तृत पृष्ठ ६)

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ विद्यार्थीलाई साँघुरा कोठा, खेलमैदान पनि अभाव
तर, सटर बनाएर भाडामा लगाउँछन् विद्यालय

जग्गा वा सटर भाडामा दिनेलाई कारबाही गर्दै महानगर

शिवहरि घिमिरे/नयाँ पत्रिका
तस्बिर : संजित परियार

उपत्यकाका अधिकांश सामुदायिक विद्यालयले साँघुरा कक्षाकोठा सँगसँगै खेलमैदान अभाव झेलिरहेका छन् । तर, तीमध्ये कतिपय विद्यालय व्यवस्थापनको जोड ठूला कक्षाकोठा र खेलमैदानतिर नभई सटर भाडामा लगाएर आन्तरिक आम्दानी जुटाउनेमा छ । यद्यपि, कतिपय भने आन्तरिक खर्च जुटाउन सटर भाडामा दिन बाध्य हुन्छन् ।

विनासूचना र मापदण्ड सटर भाडामा दिएपछि कतिपय विद्यालयमा पठनपाठन गर्ने ठाउँसमेत अभाव छ । मुख्य सहरको बीचमा रहेका कतिपय विद्यालयले ठोस कार्यविधि र प्रक्रिया नपुऱ्याई धमाधम सटर भाडामा लगाउन थालेपछि ती विद्यालयलाई नियमन गर्ने महानगरपालिकाको तयारी छ ।

काठमाडौं, भक्तपुर र ललितपुरका अधिकांश सामुदायिक विद्यालयले सटर तथा जग्गा भाडामा लगाएर आम्दानी गर्दै आइरहेको भेटिएको छ । काठमाडौं महानगरपालिकाभित्र ८७ र ललितपुर महानगरमा ४० वटा सामुदायिक विद्यालय छन् ।

काठमाडौं महानगरपालिका शिक्षा विभागको तथ्यांकअनुसार महानगरभित्र रहेका करिब ३० वटा सामुदायिक विद्यालयले सटर तथा जग्गा भाडामा लगाउने गरेका छन् । ललितपुर महानगरपालिकाका अनुसार करिब १० वटा सामुदायिक विद्यालयले सटर तथा जग्गा भाडामा लगाएर आम्दानी गर्दै आएका

» पृष्ठ २ मा क्रमशः



चाबहिलमा रहेको पशुपति मित्र माध्यमिक विद्यालयको सडकपट्टिको भाग जहाँ ३६ वटा सटर बनाएर भाडामा लगाइएको छ



डिल्लीबजारको विजय स्मारक मावि, विद्यालयले ६ सटर भाडामा लगाएको छ



डिल्लीबजारस्थित पद्मकन्या विद्याश्रम मावि, जसले नौ सटर भाडामा लगाएको छ

काठमाडौं महानगर शिक्षा विभागको तथ्यांकअनुसार महानगरभित्र रहेका करिब ३० सामुदायिक विद्यालयले सटर तथा जग्गा भाडामा लगाउने गरेका छन् । ललितपुर महानगरका अनुसार करिब १० सामुदायिक विद्यालयले सटर तथा जग्गा भाडामा लगाएर आम्दानी गर्दै आएका छन् । भक्तपुरमा करिब सात सामुदायिक विद्यालयले सटर तथा जग्गा भाडामा लगाउँदै आइरहेको तथ्यांक छ । तर, सटर तथा जग्गा भाडामा लगाउने विद्यालयको यकिन तथ्यांक नगरपालिकाहरूले राखेका छैनन् ।

जग्गा वा भवन भाडामा दिएको भए सम्झौता रद्द गराउँछौं



● **सीताराम कोइराला**, शिक्षा विभाग प्रमुख, काठमाडौं महानगर

विद्यालयहरूले आफूखुसी सटर भाडामा लगाएका रहेछन्, हामी खोज्दै छौं, हालै दुईवटा विद्यालयको अनुगमन पनि गरिसकेको छु, सटर भाडामा दिनेलाई नियममा ल्याउन मापदण्ड पनि तयार पार्छौं । कतिपय सामुदायिक विद्यालयलाई आन्तरिक खर्च टार्न धेरै गाह्रो छ, कतिपयले सटर भाडामा दुरुपयोग गर्ने गरेका छन् । यसरी सटर भाडामा लगाएर गरेको आम्दानी विद्यालयले सीधै प्रयोग गर्न पाउँदैनन्, अब ती सटरबाट उठेको भाडा महानगरको खातामा आउने बनाउँछौं, जग्गा वा भवन भाडामा दिएको भए सम्झौता रद्द गराउँछौं ।

ललितपुर महानगरले एक वर्षअघि भत्काएको थियो मच्छिन्द्र मार्गको सटर

ललितपुरको लगनखेलमा रहेको नमुना मच्छिन्द्र मार्गले विद्यालयको वरिपरि टहरा निर्माण गरेर २४ वटा सटर भाडामा लगाएको थियो । सटर भाडाबाट विद्यालयले मासिक झन्डै दुई लाख रकम उठाउँथ्यो । तर, एक वर्षअघि नै महानगरपालिकाले सबै सटर भत्काएको थियो । सँगै रहेको सप्तपाताल पोखरीको जग्गा मिचेरसमेत विद्यालयले टहरा र सटर बनाएर भाडामा दिएपछि महानगरपालिकाले भत्काएको हो ।

भिजिट भिसामा विदेश जानेलाई खुकुलो प्रावधान

नयाँ पत्रिका

भिजिट (पर्यटक) भिसामा विदेश जानेसम्बन्धी कार्यविधि सरकारले खुकुलो बनाएको छ । सम्बन्धित व्यक्तिलाई नै जिम्मेवार बनाई गृह मन्त्रालयले बुधबारदेखि ६ बुँदे नयाँ कार्यविधि लागू गरेको हो । यसअघिको १७ बुँदे मापदण्डले सेटिङ बढाएको निष्कर्ष निकाल्दै सरकारले त्यसलाई खारेज गरी नयाँ कार्यविधि लागू गरेको हो ।

नयाँ मापदण्डअनुसार भिजिट भिसामा खाडी देश जानेले अध्यागमन विभागले बनाएको एक कागजमा स्वघोषणा गर्नुपर्ने हुन्छ । खर्चदेखि तोकिएको मितिभित्रै फर्कने गरी स्वघोषणा गर्नुपर्ने व्यवस्था नयाँ कार्यविधिमा छ । संयुक्त अरब इमिरेट्स (युएई), बहराइन, कुवेत, कतार, ओमान र साउदी अरेबिया जान स्वघोषणासम्बन्धी कागजमा विवरण भरेर हस्ताक्षर गर्नुपर्ने हुन्छ । यसबाहेक ६ महिना म्याद भएको पासपोर्ट, दुईतर्फी टिकट, होटेल बुकिङ र पाँच सय अमेरिकी डलर चाहिने प्रावधान छ । भिजिट भिसामा जानेहरू अलपत्र पर्ने तथा बेचिन सक्ने भएकाले घुम्न मात्र जान लागेको हो भनेर स्वघोषणा गर्ने प्रावधान लागू गरिएको अध्यागमन विभागका अधिकारीहरू बताउँछन् ।



खर्चदेखि तोकिएको मितिभित्रै फर्कने गरी स्वघोषणा गर्नुपर्ने व्यवस्था नयाँ कार्यविधिमा छ । संयुक्त अरब इमिरेट्स (युएई), बहराइन, कुवेत, कतार, ओमान र साउदी अरेबिया जान स्वघोषणासम्बन्धी कागजमा विवरण भरेर हस्ताक्षर गर्नुपर्ने व्यवस्था नयाँ कार्यविधिमा छ । यसबाहेक ६ महिना म्याद भएको पासपोर्ट, दुईतर्फी टिकट, होटेल बुकिङ र पाँच सय अमेरिकी डलर चाहिने प्रावधान छ ।

पुरानो मापदण्डअनुसार वार्षिक न्यूनतम पाँच लाख आय तथा १२ कक्षा उत्तीर्ण गरेको शैक्षिक प्रमाणपत्र आवश्यक हुने प्रावधान थियो । यसले गर्दा नक्कली कागजपत्र बनाउने कारखाना नै चलेको भन्दै यसलाई हटाइएको छ । नयाँ मापदण्डले भिजिट भिसालाई सहज गरेको, तर भिजिट भिसाका नाममा काम गर्न विदेश जाने सुविधा भने नभएको अध्यागमन विभागका महानिर्देशक रुद्रसिंह तामाङले बताए । भिजिट भिसामा जानेलाई १४ बुँदे यात्रा परामर्श पनि जारी गरिएको छ । सो परामर्श स्थानीय तहलाई समेत परिपत्र गरी भिजिट भिसामा काम गर्न विदेश जाँदा हुने जोखिमबारे सचेतना जगाउन लागिएको विभागका महानिर्देशक तामाङ बताउँछन् ।

प्रहरीले हालै गरेको अनुसन्धानले डेढ लाख रुपैयाँसम्म लेनदेन गरी भिजिट भिसामा सेटिङ देखिएपछि सरकारले भिजिट भिसामा विदेश जान खुकुलो बनाएको हो । जसमा संलग्न अध्यागमन अधिकृत नरवीर खड्कासहितका गिरोहलाई प्रहरीले थुनामा राखी अनुसन्धान गरिरहेको छ । कार्यविधि खुकुलो भए पनि भ्रमण शंकास्पद लागेमा भने अध्यागमनका कर्मचारीले रोक्न सक्ने प्रावधान छ ।

संसद्को हिउँदे अधिवेशनको मिति तय
बिजनेसको गृहकार्यमा सरकार

संघीय निजामती र संघीय प्रहरी, सवारी तथा यातायात, सार्वजनिक सडक तथा सुरक्षासम्बन्धी विधेयकलगायत महत्त्वपूर्ण विधेयक प्राथमिकताका साथ संसद्मा पेस गर्ने सरकारको तयारी

● **धनराज गुरुङ**, कानुनमन्त्री



विधेयकहरू प्राथमिकतामा राखेर कुन-कुन विधेयक कहिले ल्याउन सकिन्छ भनेर छलफल गरेका छौं । कानुनको मस्यौदा निर्माणको प्राथमिकतालाई हामीले माघ मसान्त, फागुन १५ र फागुन मसान्तसम्म गरी तीन समयमा वर्गीकरण गरेका छौं । यसअनुसार सम्बन्धित मन्त्रालयसँग मिहिन ढंगले छलफल गरेर कुन समयमा कुन विधेयक ल्याउने भनेर टुंग्याउँदै छौं । तीनवटै समयभित्र नसकिने भएमा अहिले प्रयास नगर्ने र अर्को अधिवेशनमा ल्याउने भनेर अगाडि बढेका छौं ।

कमलराज भट्ट/नयाँ पत्रिका

सरकारले संघीय संसद्को हिउँदे अधिवेशन २२ माघदेखि सञ्चालन गर्ने निर्णय गरेको छ । सञ्चारमन्त्री रेखा शर्माका अनुसार मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले अधिवेशनको मिति तय गरेर आह्वानका लागि राष्ट्रपति रामचन्द्र पौडेललाई सिफारिस गरेको छ । अधिवेशनको बिजनेसका लागि सरकारले गृहकार्य थालेको छ ।

संविधान निर्माणपछि संघीयता कार्यान्वयनसम्बन्धी महत्त्वपूर्ण कानुन निर्माणमा अघिल्ला अधिवेशनमा खासै प्रगति भएन । विधेयक अधिवेशनका रूपमा रहेको हिउँदे अधिवेशनबाट कानुन निर्माणमा प्रगति हुने अपेक्षा गरिए पनि धेरै विधेयकमा ठोस प्रगति भएको छैन । वर्षमा एउटा कानुन बनाएको संसद्का समितिहरूमा १५ विधेयक विचाराधीन छन् ।

संसद्को बजेट अधिवेशन २४ वैशाखदेखि १६ कात्तिकसम्म चलेको थियो । अधिवेशनले बजेटबाहेक एउटा मात्रै कानुन बनाउन सक्यो, दर्जनभन्दा बढी विधेयक समितिमा थन्किएका छन् । ४ मंसिरको आमनिर्वाचनपछि २५ पुसदेखि १५ वैशाखसम्म चलेको पहिलो अधिवेशनमा त एउटा पनि कानुन बन्न सकेन ।

समितिमा रहेका सम्पत्ति शुद्धीकरणबाहेक अन्य विधेयक टुंगिएका छैनन्, टिआरसी र संवैधानिक

» पृष्ठ २ मा क्रमशः

आगामी बजेटमा अधुरा आयोजनाको निर्माण कार्यमा जोड हुन्छ : प्रधानमन्त्री



प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आगामी बजेट कनिका छेजस्तो नभई अधुरा आयोजनाको निर्माण कार्य सम्पन्न गर्नमा जोड दिइने बताएका छन् । मंगलबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा आयोजित आगामी वर्षको नीति तथा कार्यक्रम र बजेटको तयारीसम्बन्धी बैठकमा प्रधानमन्त्रीले परम्परागत नीति तथा कार्यक्रम र बजेटले समस्या समाधान नहुने बताए ।

पुराना योजना अलपत्र पर्ने, तर नयाँ-नयाँ योजना थपिँदै जाँदा एकातिर काम नहुने र अर्कोतर्फ ठूलो स्रोत खेर जाने भएकाले यसतर्फ गम्भीर हुन प्रधानमन्त्रीले अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगको ध्यानाकर्षण गराए । 'विकास भनेको योजनाबद्ध हुन्छ, हुनुपर्छ । विनासम्भाव्यता अध्ययन, विनाउपयोगिता जहाँ पनि विकास माग्ने, तर त्यसको अपनत्व पनि नलिने, स्रोत पनि नपुग्ने र विनियोजित बजेट पनि फ्रिज हुने विडम्बना छ । त्यसबाट हामी माथि उठ्नैपर्छ,' बैठकमा बोल्दै प्रधानमन्त्री प्रचण्डले भने, 'यसपटकको बजेट कनिका छेजस्तो हुँदैन । विगतमा छनोट भएर अधुरा रहेका योजना सम्पन्न गर्न सम्पूर्ण तागत लगाउनुपर्छ ।'

अर्थतन्त्रका सूचकहरू सकारात्मक भए पनि दबाबमुक्त नभइसकेको उनले बताए । आगामी बजेटबाट देशको समृद्धिको कार्यभार पूरा हुने गरी 'ब्रेक थ्रु' गर्नुपर्ने आवश्यकता उनले औंल्याए । प्रधानमन्त्रीले आगामी वर्ष र तीन वर्षका लागि स्रोतको अनुमान गरी सिलिङलाई अन्तिम रूप दिने, त्यसअघि योजना आयोग र अर्थ मन्त्रालयले सबै मन्त्रालयसँग घनीभूत छलफल गर्ने, हाल कार्यान्वयनमा रहेका आयोजनाहरू सम्पन्न हुने गरी बजेट विनियोजन गरिसकेपछि मात्र नयाँ कार्यक्रम तथा योजनाका लागि बजेट राख्नेलगायतका धारणा राखेका थिए ।

बलात्कार मुद्दामा फसाइदिने भन्दै 'ब्ल्याकमेलिङ' गर्ने युवतीलाई ६ महिना जेल

नयाँ पत्रिका

पुरुषसँग नजिकिएर एकान्तमा बोलाउने र बलात्कार मुद्दामा फसाइदिने भन्दै 'ब्ल्याकमेलिङ' गर्ने एक युवतीलाई ६ महिना जेल सजाय भएको छ । जिल्ला अदालत काठमाडौंले बुढानीलकण्ठ नगरपालिका- ६ घर भएकी देवी थापालाई दोषी ठहर गर्दै ६ महिना कैद र पाँच हजार जरिवानाको फैसला गरेको हो ।

थापाविरुद्ध दुई वर्षअघि दायर भएको आपराधिक लाभको एक मुद्दामा सोमबार न्यायाधीश श्यामलाल घिमिरेको इजलासले कैद र जरिवानासँगै उनीबाट पीडित पुरुषलाई सात लाख क्षतिपूर्ति भराउनसमेत आदेश दिएको छ । त्यस्तै, युवतीका सहयोगी ललितपुर महालक्ष्मी नगरपालिका- ५ का सुदर्शन सापकोटालाई सात दिन कैद र एक हजार जरिवानाको फैसला सुनाइएको छ ।

प्रहरीकै एक कनिष्ट अधिकृतलगायत व्यक्तिले थापाविरुद्ध उजुरी दिएका थिए । जिल्ला प्रहरी परिसर, काठमाडौंले ६ मंसिर ०७८ मा थापा र सापकोटालाई पक्राउ गरी मुद्दा चलाएको थियो । व्यक्तिगत लेनदेनको पैसा फिर्ता माग्दा थापाले बलात्कार मुद्दामा फसाइदिने भन्दै ब्ल्याकमेलिङ गरेको पुष्टि भएको भन्दै प्रहरीले मुद्दा दायर गरेको थियो । जसमा अदालतले आंशिक ठहरको फैसला गरेको हो ।



विभिन्न व्यक्तिसँग नजिकिने, एकान्तमा भेट्न बोलाउने र पछि ब्ल्याकमेलिङ गरेको उजुरी युवतीविरुद्ध थियो । एक ठेकेदार, प्रहरी कर्मचारी तथा सहकारीका कर्मचारीलाई उनले ब्ल्याकमेलिङ गरेकी थिइन् । एक व्यक्तिविरुद्ध भने जबर्जस्तीकरणी मुद्दामा जाहेरी नै दिएर पक्राउ गराएकी थिइन् । जसमा ती व्यक्तिले सफाइ पाएका थिए ।

विभिन्न व्यक्तिसँग नजिकिने, एकान्तमा भेट्न बोलाउने र पछि ब्ल्याकमेलिङ गरेको उजुरी युवतीविरुद्ध थियो । एक ठेकेदार, प्रहरी कर्मचारी तथा सहकारीका कर्मचारीलाई उनले ब्ल्याकमेलिङ गरेकी थिइन् । एक व्यक्तिविरुद्ध भने जबर्जस्तीकरणी मुद्दामा जाहेरी नै दिएर पक्राउ गराएकी थिइन् । जसमा ती व्यक्तिले सफाइ पाएका हो ।

विभिन्न व्यक्तिसँग नजिकिने, एकान्तमा भेट्न बोलाउने र पछि ब्ल्याकमेलिङ गरेको उजुरी युवतीविरुद्ध थियो । एक ठेकेदार, प्रहरी कर्मचारी तथा सहकारीका कर्मचारीलाई उनले ब्ल्याकमेलिङ गरेकी थिइन् । एक व्यक्तिविरुद्ध भने जबर्जस्तीकरणी मुद्दामा जाहेरी नै दिएर पक्राउ गराएकी थिइन् । जसमा ती व्यक्तिले सफाइ पाएका थिए ।

धनाढ्य पुरुषसँग नजिकिने र बलात्कार मुद्दामा फसाइदिने भन्दै ब्ल्याकमेलिङका घटना बढिरहेका छन् । यस्ता घटनामा प्रहरीले कैयौंलाई पक्राउ गरेर मुद्दा दायर गर्दै आएको छ ।

०७९ साउनमा दाङमा दिलीपकुमार वली, विमला डाँगी, शान्ता नेपाली, शर्मिला नेपाली र पवित्रा डाँगीलाई पक्राउ गरेको थियो । एक सुनपसलेलाई फसाउने योजनाअनुसार उनीहरूले धम्क्याएर चेक लिएको पुष्टि भएपछि प्रहरीले पक्राउ गरेको थियो ।

१३ साउन ०७९ मा काठमाडौंमा प्रहरीले यस्तै घटनाको अनुसन्धान गरेको थियो । एक युवतीले ७० वर्षीय वृद्धलाई 'हनी ट्र्याप'मा पारी पैसा असुलेको

» पृष्ठ २ मा क्रमशः

संसद्को...

पृष्ठ १ बाट क्रमशः

परिषद्सम्बन्धी विधेयकमा दफावार छलफल सकिए पनि दलहरू विभाजित हुँदा अन्तिम रूप पाउन सकेको छैन । संसद्मा आएका विधेयक नै नटुंगिँदा हिउँदे अधिवेशनको बिजनेस के हुने भन्ने अन्योल छ ।

सभामुख देवराज घिमिरेले समिति सभापतिहरूलाई विधेयकहरू अधिवेशन सुरु हुनुअघि फटाफट टुंग्याउन निर्देशन नै जारी गरेका छन् । यसबाहेक अन्य ८ विधेयक दर्ताको अवस्थामा छन् । संसद् सचिवालयका अनुसार प्रतिनिधिसभामा २० र राष्ट्रिय सभामा तीन गरी कुल २३ विधेयक छन् । तर, हिउँदे अधिवेशनमा सदनमै प्रक्रियामा लैजाने गरी तयार भइसकेका छैनन् ।

संसद्मा रहेका विधेयकले गति नलिएका वेला सरकारले केही विधेयक ल्याउने गृहकार्य गरिरहेको छ । सञ्चारमन्त्री शर्माका अनुसार संघीय निजामती र संघीय प्रहरी, सवारी तथा यातायात, सार्वजनिक सडक तथा सुरक्षासम्बन्धी विधेयकलगायत महत्त्वपूर्ण विधेयकहरू प्राथमिकताका साथ संसद्मा पेस गर्ने तयारी छ ।

यसबाहेक आवश्यक कानुनहरूको गृहकार्यका लागि सबै मन्त्रालयलाई कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले ताकेता पनि गरिरहेको छ । कानुनमन्त्री धनराज गुरुङका अनुसार कानुन संशोधन तथा नयाँ बनाउन २२ वटा मन्त्रालयले १०९ वटा विषयमा सूची पठाएका छन् ।

१०९ विषयमध्ये कुनलाई प्राथमिकता दिने भनेर मन्त्रालयले मंगलबारसम्म १७ मन्त्रालयसँग छलफल गरिसकेको छ । 'विधेयकहरू प्राथमिकतामा राखेर कुन-कुन विधेयक कहिले ल्याउन सकिन्छ भनेर छलफल गरेका छौं,' मन्त्री गुरुङले भने ।

उनका अनुसार कानुन मन्त्रालयले माघ मसान्त, फागुन १५ र फागुन मसान्तसम्म सदनमा पेस गर्ने गरी प्राथमिकताक्रम वर्गीकरण गरेर विधेयक तयार पार्न सम्बन्धित मन्त्रालयलाई भनेको छ । सुरुवाती १५ दिनको क्यालेन्डरका लागि भने मन्त्रालयले पहिले नै विधेयक तयार गरेको छ । जसमा सुरक्षित कारोबारसम्बन्धी विधेयक, संघीय निजामती, नागरिक उड्डयन प्राधिकरण विधेयक, हवाई सेवा प्राधिकरण विधेयक, बैंक तथा वित्तीय संस्थासम्बन्धी संशोधन विधेयक, भूमिसम्बन्धी ऐन संशोधन विधेयक, मानव अधिकार आयोग ऐन संशोधन विधेयक, कृषिसम्बधी विधेयकलगायत छन् ।

कानुन मन्त्रालयले फागुन मसान्तसम्म पनि तयार गर्न नसक्ने विधेयक यो अधिवेशनमा नल्याउन भनेको छ । 'कानुनको मस्यौदा निर्माणको प्राथमिकतालाई हामीले माघ मसान्त, फागुन १५ र फागुन मसान्तसम्म गरी तीन समयमा वर्गीकरण गरेका छौं । यसअनुसार सम्बन्धित मन्त्रालयसँग मिहिन ढंगले छलफल गरेर कुन समयमा कुन विधेयक ल्याउने भनेर टुंग्याउँदै छौं । तीनवटै समयभित्र नसकिने भएमा अहिले प्रयास नगर्ने र अर्को अधिवेशनमा ल्याउने भनेर अगाडि बढेका छौं,' मन्त्री गुरुङले भने ।

कुनै मन्त्रालयबाट दुई त कुनैबाट चारवटासम्म विधेयक ल्याउने गरी गृहकार्य भइरहेको भन्दै मन्त्री गुरुङले अत्यावश्यक विधेयक कुनै पनि हालतमा ल्याउन भनिएको बताए । 'यो अधिवेशनमा कम्तीमा ४० विधेयक संसद्मा पेस हुन्छन् । ती सबै पार लगाउने गरी अगाडि बढेका छौं,' उनले भने ।

प्रमुख प्रतिपक्षी एमाले उपाध्यक्ष विष्णु पौडेलले कानुन निर्माणमा विगतमा सरकारको तदारुकता नदेखिएको भन्दै अत्यावश्यक कानुन निर्माणमा विलम्ब हुन नदिन सक्रिय पहलकदमी रहने बताए । हिउँदे अधिवेशनमा कानुन निर्माण र जनताका सरोकारका विषय सशक्त ढंगले उठाउने उनको भनाइ छ ।

क्यालेन्डर लागू गराउन प्रयत्न

हिउँदे अधिवेशन सुरु हुने लाग्दा सभामुख देवराज घिमिरेले संसद्लाई क्यालेन्डरमा सञ्चालन गर्न पहलकदमी लिएका छन् । घिमिरेले दलका शीर्ष नेता, कानुनमन्त्री, संसदीय समितिका सभापति र दलका सचेतकसमक्ष क्यालेन्डरको मस्यौदा नै प्रस्तुत गरेर यही अधिवेशनबाट लागु गराउन सहयोग मागेका छन् । पछिल्लो एक वर्षमा संसद् कानुन निर्माणमा निष्प्रभावी भएपछि संसद्का पदाधिकारी र दलहरू क्यालेन्डर लागू गर्न तयार भएका छन् । तर, कुन मोडालिटी अपनाउने, कसरी कार्यान्वयन गर्ने भन्ने टुंगिएको छैन । सभामुख घिमिरेले मंगलबार दलका सचेतकहरूसँगको छलफलमा १५ फागुनसम्मको सम्भावित कार्यसूचीसहितको क्यालेन्डर प्रस्तुत गरेका थिए । यसलाई कार्यव्यवस्था परामर्श समितिको सुझावका आधारमा कार्यान्वयन हुन सक्ने गरी लागू गर्ने समझदारी बनेको माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले बताए ।

न्युरोड क्षेत्रमा पार्किङ निषेध भएपछि व्यवसायी आन्दोलित



तस्बिर : संजित परियार / नयाँ पत्रिका

काठमाडौं / काठमाडौं महानगरपालिकाले न्युरोड क्षेत्रमा पार्किङ निषेध गरेपछि व्यवसायीहरू आन्दोलित भएका छन् । महानगरको निर्णय गलत भएको र यसलाई तत्काल सच्याउन माग गर्दै सटर बन्द गरेर उनीहरू आन्दोलनमा उत्रिएका हुन् ।

पार्किङको सुविधा नभएपछि ग्राहक नआउने र व्यापार घट्ने भन्दै उनीहरू आन्दोलित भएका हुन् । महानगरले मंगलबारदेखि न्युरोड क्षेत्रका कालोपत्रे सडकमा पार्किङ निषेधको निर्णय गरेको छ । सवारीसाधन लिएर न्युरोड क्षेत्रमा जान चाहनेहरू महानगरले वैकल्पिक सुविधास्वरूप पुरानो बसपार्कस्थित काठमाडौं भ्यु टावरमा निःशुल्क पार्किङको व्यवस्था मिलाएको थियो । भ्यु टावरको भूमिगत पार्किङमा तीन सय चारपांग्रे र सात सय दुईपांग्रे सवारीसाधन पार्किङ गर्न सकिने व्यवस्था छ ।

व्यवसायीहरू आन्दोलनमा उत्रिए पनि यो निर्णय फिर्ता नहुने महानगरका प्रवक्ता नवीन मानन्धरले बताए । उनले भने, 'जथाभावी पार्किङ गर्ने कार्यलाई निरुत्साहित गर्न यस्तो निर्णय गरेका हौं । यो निर्णयमा फेरबदल हुँदैन । यद्यपि, यस विषयमा छलफल पनि गरिरहेका छौं ।' धर्मपथ, जुद्ध सालिकदेखि इन्द्रचोकतर्फको सडकखण्ड, खिचापोखरी, महाबौद्ध, वीर अस्पतालआसपासको कालोपत्रे सडकमा महानगरले पार्किङ निषेध गरेको हो । यसअघि, महानगरले झौंछे क्षेत्रमा सवारी पार्किङ निषेध गरिसकेको छ ।

विशेष सरकारी वकिलको मुद्दा सफलता दर सबैभन्दा बढी

काठमाडौं/ विशेष सरकारी वकिलको कार्यालयको मुद्दा सफलता दर अन्य कार्यालयभन्दा बढी देखिएको छ । आर्थिक वर्ष ०७९/८० को वार्षिक प्रतिवेदनले यस्तो तथ्यांक देखाएको हो । मंगलबार राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष महान्यायाधिवक्ता डा. दीनमणि पोखरेलले पेस गरेको प्रतिवेदनमा समग्रमा सरकारवादी रहेका मुद्दा, रिट र निवेदनमा ६९.१९ प्रतिशत सफलता दर देखिएको छ । विशेष सरकारी वकिलको कार्यालयले गत वर्ष १० हजार २३ वटा मुद्दामा बहस-पैरवी तथा प्रतिरक्षा गरेको छ । जसमध्ये पाँच हजार १२ वटा फर्स्योट भएका छन् । यसमध्ये ८३.६८ प्रतिशत मुद्दामा सरकारी वकिलले फैसला पक्षमा पारेका छन् ।

जिल्ला सरकारी वकिल कार्यालयहरूको सफलता दर पनि राम्रै देखिएको छ । ७६.८४ प्रतिशत मुद्दा सफल भएको तथ्यांकले देखाउँछ । गत वर्ष जिल्लाहरूमा मुद्दा, रिट तथा निवेदनसमेत गरी सरकारी वकिलहरू ७२ हजार १९६ वटामा संलग्न थिए । यसमध्ये ३६ हजार ७०३ मुद्दा किनारा लागेका छन् ।

सबैभन्दा कम सफलता दर भने महान्यायाधिवक्ताको कार्यालयको देखिएको छ । सरकारी वकिलहरूले सर्वोच्चमा १४ हजार २८९ वटा मुद्दामा बहस-पैरवी गरेकोमा दुई हजार ९१४ वटा फर्स्योट भएका छन् भने सफलता दर ४१.२८ प्रतिशत छ । उच्च सरकारी वकिलको कार्यालयको सफलता दर ५३.५८ प्रतिशत छ । गत वर्ष उच्चका सरकारी वकिलले २९ हजार ३२२ वटा मुद्दामा बहस-पैरवी गरेकोमा १७ हजार ४१२ वटामा फैसला आइसकेको छ ।

वरिष्ठताक्रम संशोधन 'कपटपूर्ण विधायन' रहेको बारको टिप्पणी

काठमाडौं/ नेपाल बार एसोसिएसनले न्यायपरिषद्ले गरेको वरिष्ठताक्रम संशोधनप्रति पुनः असन्तुष्टि जनाएको छ । मंगलबार विज्ञप्ति जारी गर्दै बारले 'कपटपूर्ण विधायन'का रूपमा संशोधन आएको आरोपसमेत लगाएको छ ।

देशभरका कानुन व्यवसायीको छाता संगठन नेपाल बारका अध्यक्ष वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरे र महासचिव अञ्जिता खनालद्वारा जारी विज्ञप्तिमा आफूहरूको अन्तिम माग उक्त संशोधनको खारेजी रहेको उल्लेख छ । 'यस एसोसिएसन उक्त संशोधनको सम्बन्धमा विभिन्न सभा, सम्मेलन, बैठकबाट भए-गरेका निर्णय, घोषणापत्र तदनुरूपको परिपत्रबमोजिम उक्त संशोधन अविलम्ब खारेज हुनुपर्नेमा अद्यपि दृढ छ,' विज्ञप्तिमा भनिएको छ ।

सोमबार मात्र परिषद्ले एक स्पष्टोक्ति जारी गर्दै न्यायाधीश नियुक्तिमा थिति र पद्धति बसल्न वरिष्ठताक्रम संशोधन गरिएको जनाएको थियो । न्यायपरिषद्ले थालेको सुधारको एक पाइला रहेको भन्दै सक्षम र दक्ष न्याय सेवाका अधिकृत टिकाइराख्न यस्तो निर्णय गरेको बताएको थियो । परिषद्ले न्यायपरिषद् नियमावली, २०७४ मा संशोधन गरी न्याय सेवाका विशिष्ट श्रेणीका अधिकृतलाई उच्च अदालतको न्यायाधीश भएमा विशिष्ट श्रेणीमा नियुक्तिको मितिलाई मानेर वरिष्ठताक्रम कायम गरेको थियो ।

राजपत्रमा प्रकाशित भएसँगै १ असोजबाट लागू भएको यो निर्णय पश्चगामी भएको बारको निष्कर्ष छ । पटक-पटक विभिन्न सम्मेलन र बैठकबाट बारले यो निर्णय गैरसंवैधानिक, गैरकानुनी र गैरन्यायिक रहेको बताउँदै आएकोमा मंगलबार पनि सोही कुरा दोहोऱ्याएको हो ।

वरिष्ठताक्रम संशोधनको निर्णय आफूहरू र सरोकारवालासँग विनापरामर्श लिइएकोमा पनि बारको आपत्ति छ । परिषद्ले स्पष्टोक्ति दिँदैमा संशोधनको उक्त 'स्वेच्छाचारी र अकर्मण्य गतिविधि'ले वैधता पाउन नसक्ने ठहरसहित बारले विज्ञप्ति निकालेको हो ।

'सर्वोच्च अदालतबाट प्रतिपादित उल्लेखित सिद्धान्तविपरीत कपटपूर्ण विधायनका रूपमा संशोधित उक्त नियमावलीको जुनसुकै नियकाबाट गरिएको स्पष्टोक्तिबाट दिग्भ्रमित नहुन र थप एकताबद्ध भई न्यायपालिकाको शुद्धीकरण र सुदृढीकरणको अभियानमा अविचलित रूपमा लागिरहन देशैभरिका बार इकाइ, आबद्ध सम्पूर्ण कानुन व्यवसायी तथा न्यायप्रेमी जनसमुदायमा नेपाल बार एसोसिएसन अपिल गर्दछ,' बारले भनेको छ ।

तर, सटर बनाएर...

पृष्ठ १ बाट क्रमशः

छन् । भक्तपुरमा करिब सातवटा सामुदायिक विद्यालयले सटर तथा जग्गा भाडामा लगाउँदै आइरहेको तथ्यांक छ । तर, सटर तथा जग्गा भाडामा लगाउने विद्यालयको यकिन तथ्यांक नगरपालिकाहरूले राखेका छैनन् ।

चाबहिलमा रहेको पशुपति मित्र माध्यमिक विद्यालय, बल्खुमा रहेको जनविकास मावि, क्षेत्रपाटीमा रहेको जुद्धोदय मावि, भीमसेनथानस्थित परोकार माध्यमिक विद्यालय, डिल्लीबजारमा रहेको विजय स्मारक माध्यमिक विद्यालय, डिल्लीबजारकै पद्मकन्या विद्याश्रम माविलगायतले सटर तथा जग्गा भाडामा लगाएका छन् ।

ललितपुरको पाटन माविले १२ वटा सटर भाडामा लगाएको छ । पाटनको मदन स्मारक मावि र सातदोबाटोको महेन्द्र आदर्श माविले जग्गा नै भाडामा लगाएका छन् । महेन्द्र आदर्शको आफ्नै खेलमैदान तथा पर्याप्त कक्षाकोठा नहुँदानहुँदै सातदोबाटोमा सेल्सबेरी सञ्चालन गर्न जग्गा भाडामा लगाएको छ ।

शिक्षाविद् विद्यानाथ कोइरालाले सरकारले सामुदायिक विद्यालयलाई पुग्दो खर्च नदिएपछि उनीहरूले आन्तरिक आम्दानीको स्रोत खोजेको बताए । 'सरकारले विद्यालयका आवश्यकता पूरा गरिदिएको छैन, त्यसकारण उनीहरूले आन्तरिक स्रोत व्यवस्थापन गरेर विद्यालयको आवश्यकता पूरा गर्ने गरेका छन्,' उनले भने, 'तर, सटर भाडामा लगाउँदा पारदर्शिता र मापदण्ड भने चाहिन्छ । केही विद्यालयले सटर भाडामा लगाउँदा अनियमितता गरेको पनि सुनिन्छ, अनियमितता रोकेर आन्तरिक आम्दानी र खर्च व्यवस्थापन गर्नुपर्छ ।'

पशुपति मित्र माध्यमिक विद्यालयले दिएको छ ३६ वटा सटर भाडामा

चाबहिलमा रहेको पशुपति मित्र माध्यमिक विद्यालयले ३६ वटा सटर भाडामा दिएको छ । त्यसबापत विद्यालयले मासिक प्रतिसटर २५ हजार रुपैयाँ भाडा बुझ्छ । सबै सटरको हिसाब गर्दा वार्षिक ८० लाख रुपैयाँ विद्यालयले आन्तरिक आम्दानी गर्छ । तर, विद्यार्थीले पढ्ने कक्षाकोठा साघुँरा छन् । एउटै कक्षामा ५० जनाभन्दा बढी विद्यार्थी कोचेर कक्षा सञ्चालन गरिँदै आएको छ भने खेलमैदानसमेत अभाव छ ।

चालू वर्षदेखि विद्यालयले सटर भाडा बढाएर मासिक २८ हजार रुपैयाँ पुऱ्याएको छ । विद्यालयले चारवटा ब्लकमध्ये एउटा ब्लक पूरै भाडामा लगाएको हो । अन्य तीनवटामा एकदेखि १२ कक्षा सञ्चालन गर्दै आइरहेको छ । तीनवटा मात्रै भवनमा कक्षा सञ्चालन गर्न साँघुरो र कठिन भएको, तर भाडामा दिनु आफूहरूको बाध्यता रहेको प्रधानाध्यापक चन्द्रकान्त पण्डित बताउँछन् ।

'सटर भाडामा लगाउनु बाध्यता हो, सरकारले अड्कल गरेर पैसा दिन्छ, त्यसले विद्यालयका आवश्यकता पूरा गर्न सक्दैन,' उनले भने, 'सटर भाडाबाट उठाएको रकमले अन्य गतिविधि सञ्चालन गर्छौं, केही शिक्षक-कर्मचारी राखेका छौं । मसलन्द खर्च र भैपरी आउने खर्च पनि यही रकमले टर्छ, सरकारले दिएको बजेटले तलब मात्रै खान पुग्छ ।'

शिक्षक-कर्मचारीको तलब सुविधाबाहेक गत वर्ष ६१ लाख बजेट काठमाडौं महानगरपालिकाले दिएको थियो । यस वर्ष पनि विद्यालयलाई तलब सुविधाबाहेकको ६० लाख रकम सरकारले विनियोजन गरेको छ । विद्यालयले आन्तरिक आम्दानीबाट थप पाँचजना कर्मचारीसमेत राखेको छ । ती शिक्षक पाल्न विद्यालयले एउटा ब्लक नै भाडामा लगाउने गरेको प्रधानाध्यापक पण्डितको भनाइ छ ।

जनविकासको सटरमा बिचौलियाको रजाइँ

बल्खुमा रहेको जनविकास माविले २६ वटा सटर भाडामा लगाएको छ । हाल एउटा सटरको मासिक भाडा २२ हजार रुपैयाँ छ । सबै गरेर मासिक पाँच लाख ७२ हजार भाडा उठ्छ । तर, सरकारी जग्गामा बनेका सटरमा बिचौलियाको रजाइँ छ ।

सरकारी जग्गामा अनधिकृत रूपमा सटर निर्माण गरेका व्यक्तिले नै सटर भाडामा लगाएर मासिक एक लाख २६ हजार रुपैयाँ मात्रै विद्यालयलाई तिर्छन् । विद्यालयकी प्रधानाध्यापक सीताकुमारी ढकालले सटर बनाउँदा जसले लगानी गरेको हो, उसैले भाडामा लिएको बताइन् । 'यो जग्गा विद्यालयको नाममा छ, तर सटर बनाएका व्यक्तिले भाडामा लिएर चलाइरहेका छन्,' उनले भनिन्, 'यो सम्झौता तोड्न लागेका छौं ।'

महानगरलाई थाहै नदिई जुद्धोदयले ३० वर्षका लागि लगायो जग्गा भाडामा

काठमाडौंको क्षेत्रपाटीमा रहेको जुद्धोदय माविले ३० वर्षका लागि विद्यालयको जग्गा एक वर्षअघि नै भाडामा लगायो । विद्यार्थीलाई पठनपाठन गर्ने ठाउँ अभाव भइरहेका वेला विद्यालयका प्रधानाध्यापक लक्ष्मण पौडेलले मिलेमतोमा जग्गा भाडामा लगाएका थिए ।

भाडाबापत विद्यालयलले मासिक चार लाख ५० हजार भाडा बुझ्छ । झन्डै दुई रोपनी जग्गा भाडामा लगाएको विषयमा विद्यालयका अन्य शिक्षक र कर्मचारीले समेत विरोध गर्दै आइरहेका छन् । तर, जुद्धोदय माविका प्रधानाध्यापक लक्ष्मण पौडेल भन्छन्, 'विद्यालयको आन्तरिक आम्दानी बढाउन जग्गा भाडामा दिएका छौं । विद्यालय चलाउन ठाउँ पुगेको छ, केही जग्गा भाडामा दिँदा विद्यालयललाई फाइदा पुगेको छ ।'

उता महानगरपालिकाले पनि ठेक्का तोडाउन पहल सुरु गरेको छ । महानगरपालिकाका शिक्षा विभाग प्रमुख सीताराम कोइरालाले विद्यालयले नियम मिचेर जग्गा भाडामा लगाएकाले त्यसलाई तोड्नेबारे छलफल भइरहेको बताए । 'सरकारी जग्गामा विद्यालयले जग्गा भाडामा लगाउन पाइँदैन । सामुदायिक विद्यालयले आर्थिक समस्या परे महानगरलाई भन्ने हो । जग्गा भाडामा लगाएर पैसा उठाउने होइन,' उनले भने ।

परोपकारको जग्गा छ, तर विद्यालय भने साँघुरो ठाउँमा

काठमाडौंको भीमसेन स्थानस्थित परोकार माध्यमिक विद्यालयको प्रांगण निकै साँघुरो छ । कक्षा एकदेखि १२ सम्म पढाइ हुने विद्यालयमा पर्याप्त खेलमैदान नै छैन । पाँच सय विद्यार्थी संख्या रहेको विद्यालयमा कक्षाकोठा पनि साँघुरा छन् ।

तर, विद्यालयको भवन र प्रांगणसँगै पार्टी प्यालेस सञ्चालन गरिएको छ । यसबाहेक संस्थाले कैयौं रोपनी जग्गा भाडामा लगाएर लाखौं रकम उठाउँछ, तर सामुदायिक विद्यालय सुधारका लागि भौतिक संरचना व्यवस्थित गर्न सकेको छैन । अनाथ बालबालिका र वृद्धवृद्धालाई समेत पाल्दै आएको परोपकार संस्थाले विद्यालयलाई निकै साँघुरो ठाउँमा राखेर पार्टी प्यालेस चलाउन जग्गा भाडामा लगाएको छ ।

जग्गा वा सटर भाडामा दिनेलाई कारबाही गर्दै महानगर

काठमाडौं महानगरपालिकाले जग्गा वा सटर भाडामा दिनेलाई कारबाहीको तयारी गरेको छ । त्यसका लागि महानगरले सटर तथा जग्गा भाडामा लगाउने विद्यालयको तथ्यांक संकलन थालेको छ । जथाभावी रूपमा विद्यालयले सटर वा जग्गा भाडामा लगाएर आम्दानी गर्न नपाइने भन्दै महानगरले सटर भाडामा दिएका विद्यालयमा अनुगमन गर्न थालेको छ ।

महानगरका शिक्षा विभाग प्रमुख कोइरालाले विद्यालयले जग्गा वा सटर निर्माण गरेर भाडामा दिन नपाउने बताए । उनका अनुसार महानगरभित्र ८७ वटा सामुदायिक विद्यालय छन् । यसमध्ये आधाभन्दा बढी सामुदायिक विद्यालयले सटर वा जग्गा भाडामा लगाएका छन् । महानगरले त्यस्ता विद्यालयको खोजी गरी कारबाही प्रक्रिया अघि बढाएको उनको भनाइ छ ।

'विद्यालयहरूले आफूखुसी सटर भाडामा लगाएका रहेछन्, हामी खोज्दै छौं, सोमबार दुईवटा विद्यालयको अनुगमन पनि गरिसकेको छु, सटर भाडामा दिनेलाई नियममा ल्याउन मापदण्ड पनि तयार पार्छौं । कतिपय सामुदायिक विद्यालयलाई आन्तरिक खर्च टार्न धेरै गाह्रो छ, कतिपयले सटर भाडामा दुरुपयोग गर्ने गरेका छन्,' उनले भने, 'यसरी सटर भाडामा लगाएर गरेको आम्दानी विद्यालयलले सीधै प्रयोग गर्न पाउँदैनन्, अब ती सटरबाट उठेको भाडा महानगरको खातामा आउने बनाउँछौं, जग्गा वा भवन भाडामा दिएको भए सम्झौता रद्द गराउँछौं ।'

कतिपयलाई बाध्यता

कतिपय विद्यालयलाई सटर भाडामा लगाउनु रहर नभएर बाध्यता हो । उनीहरूले सटर भाडाकै पैसाले विद्यालयको आन्तरिक खर्च (मर्मतसम्भार, कर्मचारी व्यवस्थापन, मसलन्दी सामग्री) पूरा गर्ने गरेका छन् । विद्यालयको एक कुना वा सडकतर्फको भागमा सटर निर्माण गरेर विद्यालयले आम्दानीको स्रोत बनाउने गरिएको पाइन्छ ।

डिल्लीबजारमा रहेको विजय स्मारक माध्यमिक विद्यालयले ६ वटा सटर भाडामा लगाएको छ । कक्षा १ देखि १२ सम्म पढाइ हुने विद्यालयमा झन्डै एक हजार विद्यार्थी छन् । विद्यालयले प्रतिसटर भाडाबापत मासिक १३ हजार रुपैयाँ भाडा उठाउँछ । आन्तरिक आम्दानीकै खर्चबाट विद्यालयले तीनजना कर्मचारी र एक शिक्षक राखेको छ । अन्य मसलन्दलगायत मर्मतसम्भार खर्च पनि यसबाटै निर्वाह गर्छ ।

विजय स्मारक माविका प्रधानाध्यापक डिल्लीप्रसाद शर्माको भनाइ छ, 'सरकारले दिएको पैसाले विद्यालय सञ्चालन गर्न कठिन हुन्छ । सटर भाडाबाट उठेको रकमबाट सहयोग मिलेको छ ।'

डिल्लीबजारकै पद्मकन्या विद्याश्रम माविले पनि नौवटा सटर भाडामा लगाएको छ । यसबाट विद्यालयले मासिक दुई लाख रुपैयाँ आम्दानी गर्छ । छात्राहरूले पढ्ने यस विद्यालयको भवन भने जोखिम अवस्थामा छ । भूकम्पमा चर्किएको भवन अझै पुनर्निर्माण भएको छैन । सटर भाडामा लगाएको पैसाले मसलन्द सामग्री खरिद, कार्यालय सहयोगीलाई तलब सुविधा र अन्य खर्च चलाउँदै आएको छ ।

पद्मकन्या विद्याश्रम माविकी प्रधानाध्यापक रिता तिवारीले आन्तरिक खर्च चलाउन सटर भाडामा दिएको बताइन् । 'आन्तरिक खर्च-आम्दानी चलाउन कठिन छ, सरकारले दिएको बजेटले पुग्दैन, सटर भाडाबाट आएको रकमले सहयोग पुगेको छ । सरकारले मसलन्दमा समेत पुग्ने रकम दिँदैन,' उनले भनिन् ।

भक्तपुर च्याम्हासिंहमा रहेको बागेश्वरी माविको आन्तरिक आम्दानीको स्रोत सटर भाडा नै हो । ६ वटा सटर भाडामा लगाएको विद्यालयले मासिक झन्डै डेढ लाख आम्दानी गर्छ । यहाँ पूर्वप्राथ तहमा तीन सय विद्यार्थी छन् । तर, सो तहमा सरकारले दुईजना मात्रै शिक्षक दिएको छ । विद्यालयले आफ्नै स्रोतमा २० जनाभन्दा बढी शिक्षक राखेर पठनपाठन गराउँदै आएको छ । विद्यालयले आन्तरिक खर्च धान्न विद्यार्थीबाट शुल्क लिने गरेको छैन भने सटर भाडालगायत आम्दानीबाट खर्च धान्दै आइरहेको छ ।

सरकारले दिएको खर्चले विद्यालयको व्यवस्थापन धान्न नसकेपछि सटर भाडामा लगाउनुपरेको बागेश्वरी माविका कक्षा ११ र १२ का संयोजक ज्ञानसागर प्रजापतिले बताए । 'सूचना नै निकालेर पारदर्शी तरिकाले सटर भाडामा लगाउँछौं । त्यसबापतको रकम विद्यालयको आन्तरिक खर्च, मर्मत र केही कार्यालय सहयोगीका लागि खर्च गरेका छौं,' उनले भने, 'सरकारले तोकेर दिएको पैसाले विद्यालय चलाउन कठिन छ, सटर भाडाले व्यवस्थापन सहज भएको छ ।' विद्यालयमा बालशिक्षादेखि कक्षा १२ सम्म झन्डै चार हजार विद्यार्थी छन् । चावहिल महाँकालमा रहेको जनकल्याण माविले पनि आन्तरीक कोटाका शिक्षकलाई तलब तथा मसलन्द खर्च जुटाउन सटर भाडामा लगाउन बाध्य भएको जनाएको छ ।

Road Division, Shivapur

Invitation for Bids (IFB) No: 06/RDSPR/2080/081

Date of Publication: 2080/10/10

Road Division, Shivapur invites electronic bids under National Competitive Bidding (NCB) procedure for **Roadway Excavation/Back Cutting and Structural Works on Dalleraha-Aappata Tahari Batule Bhalaya Dada Road, Panini-6,7, Arghakhanchi (Contract ID: RDSPR/337310113/080/81/15)** for which Estimated Amount (Exclusive of VAT, PS & Contingencies) is NRs. 63,80,699.13. Interested Bidders may obtain further information through egp system www.bolpatra.gov.np/egp or through Office notice board.

Division Chief

कुमारी बैक लिमिटेड शाखा कार्यालय बिर्तामोड, झापाको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/१०/१० गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय बिर्तामोड, झापाबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरतावकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० माघ १७ गते बुधबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय बिर्तामोड, झापामा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीहरुको विवरण:

वृख बहादुर आङवोहाङको छोरी, राम प्रसाद लिम्बूको पत्नी इलाम जिल्ला बाँझो गा.वि.स. वडा नं. ९ स्थाइ ठेगाना भई हाल झापा जिल्ला, तोपगाछी वडा नं. ७ बस्ने **कृष्ण कुमारी आङवोहाङ** (ना.प्र.नं. ५१४/१६२८ जारी मिती २०४४/०३/१८, जिल्ला प्रशासन कार्यालय ईलाम).....१ राम प्रसाद लिम्बुका बुहारी, श्याम कुमार राईको छोरी, तर्क राज सुब्बाको पत्नी झापा जिल्ला तोपगाछी गा.वि.स वडा नं ७ बस्ने **मिलन राई सुब्बा** (ना.प्र.नं. ०४२०४२/२७५७ जारी मिती २०६८/६/२९, जिल्ला प्रशासन कार्यालय झापा).....१ समेत जना.२ ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. जग बहादुर लिम्बुको नाती, राम प्रसाद लिम्बुको छोरा, झापा जिल्ला, तोपगाछि गा.वि.स/न.पा. वडा नं.०७ बस्ने **तर्क राज सुब्बा,** ना.प्र.न. १००१९ (जारी मिति २०५७/५/२३, जिल्ला प्रशासन कार्यालय झापा) ।
२. जग बहादुर लिम्बुको छोरा झापा जिल्ला तोपगाछि गा.वि.स/न.पा.वडा नं. ७ बस्ने **राम प्रसाद लिम्बु** (ना.प्र.न. ९७७३२४६७४, जारी मिति २०३५/०१/०३, जिल्ला प्रशासन कार्यालय, झापा) ।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **कृष्ण कुमारी आङवोहाङको** नाममा मालपोत कार्यालय दमक झापामा दर्ता कायम रहेको झापा जिल्ला, तोपगाछी वडा नं.५ स्थित कि.नं.१०८७ को क्षेत्रफल ४२.३३ (व.मी) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

शर्तबन्देजहरु

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ (सातौं) दिन अर्थात २०८० माघ १६ गते** भित्र बैंकको शाखा कार्यालय बिर्तामोड, झापामा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय बिर्तामोड, झापाबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुन धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ (आठौं) दिन अर्थात २०८० माघ १७ गते ३:०० बजे** बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा शाखा कार्यालय बिर्तामोड, झापामा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिन

प्रधानमन्त्रीलाई एमालेका ७५१ माग

जनताका समस्या, माग र सरकारले गर्नुपर्ने कामका विषयमा ध्यानाकर्षणपत्र, गण्डकीका १६१, कोशीका १७०, सुदूरपश्चिमका १३५, बागमतीका ११३, कर्णालीका ८९, लुम्बिनीका ७५, मधेशका ८ माग

शुरोजंग पाण्डे/नयाँ पत्रिका

सरकारविरुद्ध आन्दोलनको तयारी गरिरहेको प्रमुख विपक्षी एमालेले मध्यपहाडका ४६ क्षेत्रका सात सय ५१ माग सम्बोधनका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई ध्यानाकर्षणपत्र बुझाएको छ। अध्यक्ष केपी ओलीसहित पदाधिकारी सम्मिलित टोलीले मंगलबार प्रधानमन्त्री प्रचण्डलाई भेटेर जनताको समस्या, माग र सरकारले गर्नुपर्ने कामका विषयमा ध्यानाकर्षणपत्र बुझाएको हो।

ध्यानाकर्षणपत्रमा गत १३ मंसिरदेखि १ पुससम्म झुलाघाट-चिवाभञ्ज्याङ समृद्धिका लागि एमालेले गरेको संकल्प यात्राका क्रममा जनस्तरबाट आएका सुझाव, माग र समस्या समेटिएका छन्। सडक पूर्वाधार, अस्पताल, विद्यालय, मोटरेबल पुल, कृषि, पशुपालन, विद्यालय र उत्पादित कृषि वस्तुको बजार व्यवस्थालगायत विषय प्राथमिकीकरण गरेर सम्बोधनका लागि ध्यानाकर्षण गराइएको छ।

एक हजार आठ सय ७९ किमि मध्यपहाडी पुष्पलाल लोकमार्ग घुमाउरो भएकाले प्राविधिक रूपमा अडिट गरी आवश्यकताअनुसार पुनर्रेखांकन गरी छोटा बनाउन, आवश्यक स्थानमा सुरुङ निर्माण गरी मार्ग छोट्याउन एमालेले गम्भीर ध्यानाकर्षण गराएको छ। पुनर्रेखांकन गरी कम्तीमा पाँचदेखि सात सय किमिसम्म छोट्याएर मध्यपहाडी लोकमार्गलाई पूर्व-पश्चिम जोड्ने द्रुतमार्गका रूपमा विकास गर्नुपर्ने एमालेको सुझाव छ।

ध्यानाकर्षणपत्रमा गण्डकीका एक सय ६१, कोशीका एक सय ७०, सुदूरपश्चिमका एक सय ३५, बागमतीका एक सय १३, कर्णालीका ८९, लुम्बिनीका ७५ र मधेश आठ माग समेटिएका छन्। मागको संख्याका आधारमा सबैभन्दा बढी एक सय ५७ वटा माग सडकसँग सम्बन्धित र २५



■ **दराजमा थन्किँदैन, बजेटमा समेटेर कार्यान्वयन गर्छु** : प्रधानमन्त्री

वटा मोटरेबल पुलसँग सम्बन्धित रहेकाले मध्यपहाडका जनताले कनेक्टिभिटीलाई प्राथमिकतामा राखेको एमालेले जनाएको छ। त्यस्तै, दोस्रो प्राथमिकताभित्र शिक्षक दरबन्दी, माविमा राहत र दरबन्दीका शिक्षक, शिक्षाको गुणस्तर, पर्यटन क्षेत्रको प्रवर्द्धन, कृषि तथा पशुपालन, स्वास्थ्य सेवाका उपलब्धतालगायत विषय पनि समेटिएका छन्। मध्यपहाडलाई फलफूल र पशुपालनको हब बनाउन, खानी र खनिज पदार्थ उत्खननजस्ता विषय पनि ध्यानाकर्षणपत्रमा उठाइएको छ।

पहाडी बस्तीमा बसाइँसराइ ठूलो चुनौतीका रूपमा देखिएको र कतिपय विद्यालय बन्द हुने अवस्थामा पुगेको, खेतीयोग्य जमिन

■ **खबरदारी गर्छौं, अहिलेलाई सरकारलाई शंकाको सुविधा दिएका छौं** : ओली

बाँझो बन्दै गएको र कतिपय स्थानमा वृद्धवृद्धाहरूको हेरचाह गर्ने या मलामी जाने युवाको समेत अभाव देखिएको विषयमा पनि सरकारको ध्यानाकर्षण गरिएको छ। त्यस्तै, भूकम्पपछिको पुनर्निर्माण र अस्थायी आवास निर्माणमा पनि जोड दिइएको छ। सरकारी संस्थाबीच समन्वय अभावले पनि विकास समयमै सम्पन्न हुन नसकेको, विकास निर्माणमा कठिनाइ उत्पन्न हुने गरेको जस्ता विषयलाई पनि ध्यानाकर्षणपत्रमा समेटिएको छ।

ध्यानाकर्षणपत्र बुझाउँदै एमाले अध्यक्ष ओलीले माग, सुझाव र ज्ञापनहरू एमालेको मात्र नभएर सिंगो देशको विषय भएकाले कार्यान्वयनका लागि निरन्तर खबरदारी गरिरहने बताए। खबरदारी र समन्वयका लागि एमालेले उपाध्यक्ष विष्णु पौडेललाई जिम्मेवारी दिएको छ। प्रत्येक महिना ध्यानाकर्षणपत्र कार्यान्वयनको प्रगतिबारे आवधिक समीक्षा र अनुगमन गर्ने गरी पौडेललाई जिम्मेवारी दिइएको उपमहासचिव प्रदीप ज्ञवालीले बताए।

प्रधानमन्त्रीले माग सम्बोधनको प्रतिबद्धता जनाएकाले तत्कालका लागि शंकाको सुविधा दिइएको ओलीले बताएका छन्। 'प्रधानमन्त्रीले नीति र कार्यक्रममा समेटेर कार्यान्वयन गर्छु, कार्यान्वयनका लागि ताकेता गर्छु भनेका कारण हामीले शंकाको सुविधा दिएका छौं। तर, जनताको साझा विषय कार्यान्वयनमा सरकार उदासीन देखियो भने हामी निरन्तर खबरदारी गर्छौं,' अध्यक्ष ओलीलाई उद्धृत गर्दै उपमहासचिव ज्ञवालीले भने।

जवाफमा प्रधानमन्त्री प्रचण्डले एमालेको अभियानले लोकतन्त्रलाई बलियो बनाउन मद्दत पुऱ्याएकाले आफ्नोसमेत अभियानका रूपमा लिएकाले पनि कार्यान्वयनका लागि सम्बन्धित निकायलाई ताकेता गर्ने बताएका थिए। 'एमालेको अभियानले लोकतान्त्रिक गणतन्त्रलाई बलियो बनाउन मद्दत पुऱ्याएको छ, कहीँ न कहीँ यो हाम्रो पनि अभियान हो भन्ने महसुस भएको छ। त्यसैले तपाईंहरूले अगाडि सार्नुभएका विषय दराजमा थन्किनेछैनन्,' प्रधानमन्त्री प्रचण्डको जवाफ थियो, 'सम्बन्धित निकायलाई कार्यान्वयनका लागि ताकेता गर्छु, नीति र कार्यक्रम तथा बजेटको पूर्वसन्ध्यामा ध्यानाकर्षण गराउनुभएकाले अधिकतम कार्यान्वयनको पनि विश्वास दिलाउँछु।'

उनले एमालेद्वारा प्रस्तुत ध्यानाकर्षणपत्र मध्यपहाडी क्षेत्रका जनता, सबै राजनीतिक दल र नेपाल सरकारको समेत मुद्दा भएकाले सम्बोधन गर्न सकिनेजति विषय सम्बोधनका निम्ति सरकार गम्भीर रूपमा लाग्ने प्रतिबद्धतासमेत व्यक्त गरेका थिए।

जसपासँगको खटपटले मधेश सरकारबाट बाहिरियो जनमत

जनमतले समर्थन फिर्ता लिए पनि सरकारसँग प्रदेश सभामा आवश्यक मत पर्याप्त

जनकपुरधाममा **हदिश खुद्दार**

जनता समाजवादी पार्टीसँग खटपटपछि अन्ततः जनमत पार्टी मधेश सरकारबाट बाहिरिएको छ। जनमतको विरोधका बाबजुद मधेशका मुख्यमन्त्री सरोजकुमार यादवले सोमबार सप्तरीको राजविराजमा कृषि विश्वविद्यालय भवनको शिलान्यास आफ्ना अध्यक्ष उपेन्द्र यादवबाट गराएपछि जनमतले सरकार छाडेको हो।

मधेश प्रदेश सरकारमा जनमतबाट शिक्षा तथा संस्कृतिमन्त्री बनेका जनमतका संसदीय दलका नेता महेशप्रसाद यादव र श्रम तथा यातायातमन्त्री चन्दन सिंहले मंगलबार पदबाट राजीनामा दिएका छन्। जनमतले सरकारलाई दिएको समर्थन पनि फिर्ता लिएको छ।

जनमत पार्टीका सचिव बिपी साहले मधेश सरकार भ्रष्टाचारमा डुबेको तथा सत्तासाझेदार दलको हैसियतमा व्यवहार नगरेका कारण मन्त्रीहरू फिर्ता बोलाई सरकारलाई दिएको समर्थन फिर्ता लिएको बताए। 'सरकारमा भए पनि पार्टीले कहिल्यै सरकारको अनुभूति गरेन,' उनले भने, 'हाम्रो भागमा परेको सामाजिक विकास मन्त्रालयलाई विनासहमति तीन टुक्रा गरियो, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय खोसियो, हाम्रा पार्टीको भागमा परेका नयाँ मन्त्रालयहरूको कार्य विभाजनमा ढिलाइ गर्ने, गठबन्धनको सरकार भए पनि मुख्यमन्त्रीले आफूखुसी निर्णय गर्ने परिपाटी थियो। त्यसकारण भ्रष्ट सरकारमा बसेर सरकारको भ्रष्टाचारको साक्षी बनेर हामी बस्न सकेनौं।' मधेश प्रदेश सरकारको गठबन्धन तोडिए पनि केन्द्र र लुम्बिनी प्रदेशको हकमा अहिलेसम्म पार्टीले कुनै निर्णय नगरेको उनले बताए।

> विश्वविद्यालयको भवन शिलान्यास घटनापछि भने जनमत मधेश सरकारबाट मात्र बाहिरिएन, सरकारलाई दिएको समर्थन नै फिर्ता लिएको छ

जसपा प्रवक्ता मनीष सुमनले जनमतको सरकार बहिर्गमनलाई सामान्य रूपमा लिएको बताए। 'जनमतलाई हामीले सरकारबाट आज-भोलिमा निकाल्ने तयारी नै गरेका थियौं,' उनले भने, 'तर, उनीहरू आफैं निक्लेर सरकारलाई सहज बनाइदिएका छन्।'

जनमत पार्टीले समर्थन फिर्ता लिएपछि तेम्रोपटक मुख्यमन्त्री सरोजकुमार यादवले सभाबाट विश्वासको मत लिनेछन्। जनमतले समर्थन फिर्ता लिए पनि सरकारसँग अहिले आवश्यक मत पर्याप्त छ। मुख्यमन्त्रीको लागि आवश्यक ५४ मत चाहिन्छ। तर, जनमतका १३ सांसदको समर्थन फिर्ता भए पनि मुख्यमन्त्री यादवसँग अहिले ६९ मत रहेको प्रवक्ता सुमनले बताए।

मुख्यमन्त्री यादवले पहिलो विश्वासको मत लिँदा सभाको शतप्रतिशत मत पाएका थिए। तर, एमालेले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवसँग ८२ मत मात्र थियो। प्रदेश सभा एक सय सात सदस्यीय छ। प्रदेश सभा सञ्चालन नियमावलीअनुसार कुनै दलले दिएको समर्थन फिर्ता लिएमा मुख्यमन्त्रीले ३५ दिनभित्र पुनः सभाबाट विश्वासको मत लिनुपर्ने प्रावधान छ।



मधेश प्रदेश प्रमुख हरिशंकर मिश्रलाई सरकारलाई दिएको समर्थन फिर्ताको पत्र बुझाउँदै जनमत पार्टी संसदीय दलका नेता महेशप्रसाद यादव

■ **जनमतले किन छोड्यो सरकार ?**

जनमतका मन्त्रीहरूको राजीनामा एक्कासि आएको होइन। मुख्यमन्त्री यादवले पनि राजीनामाका लागि दबाब दिँदै आएका थिए। ३ माघमा मधेश प्रदेश सरकारले आफ्नो वार्षिक प्रगति विवरण सार्वजनिकीकरण कार्यक्रममा जनमतका कार्यकर्ता मञ्चनजिकै पुगेर 'भ्रष्ट सरकार' भन्दै प्रदर्शनमा उत्रिएका थिए।

मुख्यमन्त्री यादवले मञ्चबाटै सार्वजनिक रूपमा सरकार भ्रष्ट हो भने सरकारमा किन बस्नुपऱ्यो ? भनेर जनमतका मन्त्रीहरूलाई प्रश्न गरेका थिए। सो घटनाले यादव झन् जनमतका मन्त्रीहरूसँग चिढिएका थिए। सोमबार मधेश कृषि विश्वविद्यालयको भवनको शिलान्यास कार्यक्रमबारे विश्वविद्यालयको सहकुलपतिसमेत रहेका शिक्षामन्त्री यादवलाई कुनै जानकारी नै नगराई प्रमुख अतिथि जसपाका अध्यक्ष उपेन्द्र यादवलाई बनाउने निर्णय गरियो।

आफू सहकुलपति भए पनि कुनै जानकारी वा समन्वयसमेत नगरेको भन्दै शिक्षामन्त्री यादवले आइतबार नै पार्टीका कार्यकर्तालाई विश्वविद्यालयमा तालाबन्दी गर्न लगाए। त्यसले झन् एक्सनमा आएका मुख्यमन्त्री यादवले आफू विश्वविद्यालयको कुलपति रहेको भन्दै तोकिएको समयमा शिलान्यास गर्ने अडान लिई पार्टीका कार्यकर्ता र स्थानीय प्रहरीलाई निर्देशन दिए।

भवन शिलान्यास कार्यक्रमको प्रमुख अतिथि अध्यक्ष यादवलाई नै बनाएको देखेर मन्त्री यादव आफूनै नेतृत्वमा पार्टीका सांसद र कार्यकर्ता लिएर विरोध गर्न पुगे। प्रहरीले रोकेपछि प्रहरी र जनमतका कार्यकर्ताबीच झडप भयो। प्रहरीको लाठीचार्जले मन्त्री यादव, सांसद र केही कार्यकर्ता घाइतेसमेत भए।

संक्षेप

कांग्रेस महामन्त्री थापा मेची-महाकाली संवाद यात्रामा

काठमाडौं/ कांग्रेस महामन्त्री गगन थापाले मेची-महाकाली संवाद यात्रा थाल्ने भएका छन्। जनस्तरमा पुग्ने कांग्रेसको 'समुदायमा कांग्रेस' अभियानअन्तर्गत उनले १३ माघदेखि झापाबाट अभियान थाल्न लागेका हुन्। थापाका अनुसार भद्रपुर नगरपालिका- ५ मेचीपुल भन्सारबाट संवाद यात्रा सुरु हुनेछ। अभियान कांग्रेस र देशको अवस्थाबारे जनस्तरका गुनासा, समस्या र सुझाव लिन केन्द्रित रहने उनको भनाइ छ। २१ जिल्लामा सञ्चालन हुने अभियान २६ माघसम्म हुनेछ। अभियान झापा, मोरङ, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपुर, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरसम्म सञ्चालन हुनेछ। कांग्रेसले सांगठनिक सुदृढीकरणको लक्ष्यसहित अभियानलाई वार्षिक कार्यतालिकामा समावेश गरेको थियो। यसअघि पटक-पटक तय भएर सर्दै आएको अभियान पछिल्लो समय राष्ट्रिय सभा निर्वाचनका कारण सरेको थियो। संवाद यात्रामा महामन्त्री थापा मात्रै सहभागी हुनेछन्।

लोककल्याणकारी विज्ञापनको रकम दोब्बर गर्न काउन्सिलको सुझाव

काठमाडौं/ प्रेस काउन्सिलले पत्रपत्रिका प्रकाशन गरेबापत पाउँदै आएको लोककल्याणकारी विज्ञापनको रकम दोब्बर गर्न सरकारलाई सुझाव दिएको छ। हालै बसेको बोर्ड बैठकबाट लोककल्याणकारी विज्ञापनबापतको रकम लामो समयसम्म वृद्धि नभएको र टिकाइरहन कठिनाइ भएको भन्दै रकम दोब्बर गर्न सुझाव दिने निर्णय गरेको हो।

काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनालले मंगलबार जारी गरेको विज्ञप्तिमा छापामाध्यमलाई टिकाइराख्न समस्या आइरहेको सन्दर्भमा प्रादेशिक र स्थानीय निकायका विज्ञापन/सूचना तत्-तत् स्थानका पत्रपत्रिकाले नपाएको विषयमा समेत काउन्सिलको गम्भीर ध्यानाकर्षण भएको उल्लेख छ। 'बैठकले स्थानीय र प्रदेशस्तरका सरकारी विज्ञापन/सूचना प्रकाशनका लागि स्थानीय र प्रदेशस्तरका पत्रपत्रिकालाई प्राथमिकताका साथ उपलब्ध गराउन सम्बन्धित निकायमा लेखी पठाउने निर्णय गरेको छ,' विज्ञप्तिमा भनिएको छ। काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले छापा माध्यमलाई बचाउन विशेष ध्यान दिनुपर्ने अवस्था आएकाले यस्तो निर्णय लिएको बताए। 'सबै छापा माध्यम चरम संकटमा छन्। स्थानीय र प्रदेशस्तरका छापामाध्यम झन् अस्तित्व रक्षाको चरणमा रहेकाले सूचना प्रविधिको पछिल्लो विकासक्रमसँग जोड्दै सुधार हुन जरुरी छ,' उनले भने, 'राज्यस्तरबाट पनि छापामाध्यमलाई बचाउन विशेष ध्यान दिनुपर्ने अवस्था आएकाले यो निर्णय गरिएको हो।'

हुन्डी कारोबारमा पक्राउ परेका पाँचजनासँग बयान सुरु

काठमाडौं/ हुन्डी तथा क्रिप्टोमार्फत अवैध कारोबारमा पक्राउ पाँच अभियुक्तविरुद्ध मंगलबारबाट अदालतमा बयान सुरु भएको छ। उनीहरूविरुद्ध जिल्ला अदालत काठमाडौंमा बयान हुँदै छ। उनीहरूसहित अन्य १७ प्रतिवादीविरुद्ध पाँच वर्ष कैद सजायसहित दुई खर्ब ८६ अर्ब चार करोड २५ लाख आठ हजार ७५४ रुपैयाँ बिगो दाबी गरिएको छ।

सरकारी वकिल कार्यालय काठमाडौंले उनीहरूविरुद्ध आइतबार जिल्ला अदालतमा मुद्दा दर्ता गरेको थियो। पक्राउमध्ये मीनबहादुर जिसी र कुमार परियारको मंगलबार बयान भएको छ। अदालतमा दुवै प्रतिवादीले इन्कारी बयान दिएका छन्। बाँकी रूपेश श्रेष्ठ, आशिष अग्रवाल र झनिन्द्रप्रसाद खतिवडाको भने बुधबार बयान हुनेछ। सरकारी वकिल कार्यालय काठमाडौंका प्रवक्ता सीताराम अर्यालले हुन्डी तथा क्रिप्टो कारोबारमा पक्राउमध्ये दुई प्रतिवादीको मंगलबार बयान भएको बताए। 'हुन्डी तथा क्रिप्टो कारोबारमा संलग्नमध्ये दुई प्रतिवादीको मंगलबार अदालतमा बयान भएको छ। बाँकी प्रतिवादीको बुधबार बयान हुनेछ,' उनले भने।

चिनियाँ प्रतिनिधिमण्डल भोलि आउँदै

काठमाडौं/ चिनियाँ कम्युनिस्ट पार्टीको प्रतिनिधिमण्डल बिहीबार नेपाल भ्रमणमा आउने भएको छ। पार्टीको अन्तर्राष्ट्रिय विभागकी उपमन्त्री सुन हैयान नेतृत्वमा चिनियाँ प्रतिनिधिमण्डल आउन लागेको हो। पार्टी उपमन्त्री सुन यसअघि सिंगापुरका लागि चिनियाँ राजदूत थिइन्।

सुन नेतृत्वको प्रतिनिधिमण्डल यो साता माल्दिभ्सको भ्रमणमा थियो। उपमन्त्री सुनले १४ माघमा होटेल सोल्टीमा प्रमुख पार्टीका नेताहरूसँग नेपाल-चीन सम्बन्धबारे आयोजित सेमिनारलाई सम्बोधन गर्ने कार्यक्रम रहेको कूटनीतिक स्रोतले जनाएको छ। सेमिनारमा कांग्रेस, एमाले, माओवादी, राप्रपा, रास्वपाका नेता सहभागी हुनेछन्। उपमन्त्री सुनले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी ओलीलगायत नेतासँग बेग्लाबेग्लै भेट गर्ने कार्यक्रम छ। प्रतिनिधिमण्डलमा चिनियाँ कम्युनिस्ट पार्टी मुख्यालयमा नेपाल डेस्क प्रमुख जेङ योयालगायत सहभागी हुनेछन्। नेपालमा चिनियाँ प्रतिनिधिमण्डल चार दिन बस्नेछ।

सीमा विकास कार्यक्रम अघि बढाइनेछ : प्रधानमन्त्री

काठमाडौं/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सशस्त्र प्रहरी बललाई अघि सारेको सीमा विकास कार्यक्रमलाई अघि बढाइने प्रतिबद्धता व्यक्त गरेका छन्। २३औं सशस्त्र प्रहरी दिवसका अवसरमा मंगलबार आयोजित कार्यक्रममा उनले सीमा सुरक्षामा सशस्त्र प्रहरीलाई थप प्रभावकारी रूपमा परिचालन गरिने बताएका हुन्।

सीमा सुरक्षामा नागरिकलाई समेत सहभागी गराउन सशस्त्र प्रहरी बलले सीमा सुरक्षा कार्यक्रम अघि सारेको हो। जसलाई कार्यान्वयन अघि बढाइने प्रधानमन्त्री प्रचण्ड र गृहमन्त्री नारायणकाजी श्रेष्ठले प्रतिबद्धता व्यक्त गरेका हुन्। सीमा सुरक्षा र शान्ति सुरक्षामा सशस्त्र प्रहरीले सीमित स्रोत-साधनका बाबजुद धेरै काम गरेको प्रशंसा गर्दै प्रचण्डले संगठनको वृत्तिविकासलगायत विषयमा रहेको समस्या हल गर्न सरकार लागिपरेको बताए। कार्यक्रममा उनले अवकाशप्राप्त सशस्त्र प्रहरी नायब महानिरीक्षक दिलीपकुमार श्रेष्ठलाई 'एपिएफ लाइफ टाइम अचिभमेन्ट अवार्ड' तथा उत्कृष्ट बाहिनी हुन सफल सशस्त्र प्रहरी बल, नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक दीपेन्द्र शाहलाई 'उत्कृष्ट बाहिनी अवार्ड' प्रदान गरे।

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले सरकारको सकारात्मक साथले संगठनमा प्रणालीको विकास गरिएको बताए। सीमा सुरक्षामा स्थानीय नागरिकको मत जित्नसमेत आवश्यक भएको र त्यसका लागि स्थानीय जनप्रतिनिधिसँग छलफल थालिएको उनले बताए। हाल बिओपीले विकास तथा कल्याणकारी कार्यक्रम सुरु गरेको र त्यसलाई सरकारले नीतिगत रूपमै निरन्तर दिनुपर्नेमा महानिरीक्षक अर्याललले जोड दिएका छन्।

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ३ दिने सूचना

प्रकाशित मिति : २०८०/१०/१० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय बालाजु, काठमाडौंबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई बेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ३ (तिन) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति : २०८०/१०/१२ गते/स्थान : शाखा कार्यालय बालाजु, काठमाडौं

बोलपत्र खोलिने मिति/समय : २०८०/१०/१४ गते, आइतबार दिनको ३ बजे

क्र.स.	ऋणीको नाम, ठेगाना
१.	**नाम : जिवराज देवकोटा** ना.प्र.नं. २०-२०१०३५/१६९/८८४१, जि.प्र.का. सिन्धुली, जारी मिति : २०६६/०१/१० बाबुको नाम : मनोरथ देवकोटा, बाजेको नाम : भवनाथ देवकोटा ठेगाना : सिन्धुली जिल्ला, आम्बोटे वडा नं. ५, हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ९, बागबजार

जमानतकर्ताको विवरण

१. नाम : मनोरथ देवकोटा	२. नाम : रोहित प्रसाद देवकोटा
ना.प्र.नं. ९४७९/२४१४, जि.प्र.का. सिन्धुली	ना.प्र.नं. ३६५२/३१७९, जि.प्र.का. सिन्धुली
जारी मिति : २०४४/०२/१३	जारी मिति : २०४४/१२/२१
बाबुको नाम : भवनाथ देवकोटा	बाबुको नाम : भवनाथ देवकोटा
बाजेको नाम : गणपति देवकोटा	बाजेको नाम : गणपति देवकोटा
ठेगाना : सिन्धुली जिल्ला, तीनपाटन वडा नं. ९	ठेगाना : सिन्धुली जिल्ला, आम्बोटे गा.वि.स. वडा नं. ६
हाल : सिन्धुली जिल्ला, आम्बोटे वडा नं. २	हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २८

३. नाम : लोकनाथ देवकोटा
ना.प्र.नं. २०-०१-७३-०५५५७, जि.प्र.का. सिन्धुली, जारी मिति : २०७३/०८/०७
बाबुको नाम : मनोरथ देवकोटा, बाजेको नाम : भवनाथ देवकोटा
ठेगाना : सिन्धुली जिल्ला, आम्बोटे वडा नं. २

धितोको विवरण

१. धनी ज्योती विकास बैंक लि. भई ऋणि जीवनाथ देवकोटाको नाममा यातायात व्यवस्था कार्यालय बागमतीमा दर्ता श्रेष्ठा कायम रहेको बागमती प्रदेश-०१-००६ ख ३६३६, च्यासिस नं. MAT554001M7R19329, इन्जिन नं. 497TC41HYX623835 को TATA ICV TRUTIP सवारी साधन थान १।

२. मनोरथ देवकोटाको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ठा कायम रहेको सिन्धुली जिल्ला, अम्बोटे गा.वि.स./न.पा. वडा नं. २ स्थित कित्ता नं. ५१ को क्षेत्रफल ०-१०-३-० बिघा भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बालाजु, काठमाडौं, फोन नं. ०१-४३८८८५६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

डि.स.का. द.नं. २१५८/०६५/६६

हसना भास्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.

NEFSCUN

च.न.पा.-१२, बलम्बु(भास्तिपुर), काठमाडौं

ऋण चुक्ता गर्ने बारे २१ दिने अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मितिः २०८०/१०/१० गते

यस संस्थाबाट ऋण लिने तपसिल बमोजिमका ऋणी सदस्यहरुको ऋण लिँदा गरिदिएको लिखित तथा शर्तनामामा तोकिएको अनुसार बुझाउनु पर्ने साँवाँ, ब्याज समेतका रकमहरु नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उलंघन गरेको र संस्थाबाट मौखिक एवं लिखित रुपमा ऋणीले तिर्न बुझाउन पर्ने साँवा, ब्याज, हर्जना रकम समेत खुलाई पटकपटक तरताकेता गर्दा समेत सोको बेवास्ता गरी ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो २१ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले २१(एकाईस) दिनभित्र यस संस्थालाई बुझाउन बाँकी रहेको सम्पूर्ण सावाँ, ब्याज र हर्जना लगायतका रकम एकमुष्ट चुक्ता फछ्यौट गर्ने गराउनको लागि सम्बन्धित ऋणी, धितोवाला, जमानीकर्ता एंव उल्लेखित ऋणसंग सम्बद्ध सबैलाई यसै सुचनाद्वारा जानकारी गराईन्छ । सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम संस्थालाई चुक्ता भुक्तान नगरी बसेमा ऋणीले/धितोवालाले संस्थालाई लेखिदिएको धितो र कथमकदाचित उक्त धितोबाट असुल उपर हुन नसके वा आशिक रकम असुल उपर भई ऋण बाँकी रहन गएमा ऋणी तथा जमानत दिने व्यक्तिको आफ्नै वा एकासगोलको परिवारको नाँउमा नेपाल राज्यभर भएको अन्य चलअचल सम्पत्ति समेतबाट सहकारी ऐन, नियामवली, संस्थाको विनियम, नीति तथा प्रचलित कानुन बमोजिम लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी संस्थाको लेना रकम असुल उपर गरिलिने तथा ऋणी र धितो/ जमानीकर्तालाई कालो सूचीमा समावेश गर्ने प्रकृया अगाडि बढाईने व्यहोरा ऋणी, धितोवाला, जमानीकर्ता तथा सम्बद्ध सबैलाई यसै सूचनाबाट सूचित गरिन्छ ।

तपसिलः

ऋण सकार्नेको तीन पुस्ते विवरण र फोटो	धितो बन्धकिको तीन पुस्ते विवरण र फोटो
नाम : उत्तम प्रसाद सेढाइ सं.नं. : २७३६ सा. ठेगाना : काभ्रे खरेलथोक -२ हाल ठेगाना : चन्द्रागिरि-५ मच्छेगाँउ ना.प्र.नं. : १६२३, ५१ वर्ष बुबाको नाम : विष्णु प्रसाद सेढाई बाजेको नाम : जागेश्वर सेढाई	नाम : पुतली सेढाई सा. ठेगाना : काभ्रे खरेलथोक -२ हाल ठेगाना : चन्द्रागिरि-५ मच्छेगाँउ ना.प्र.नं. : ३/७२२ बुबाको नाम : हरि प्रसाद सिल्वाल बाजेको नाम : निल कण्ठ सिल्वाल
ऋणीको तीन पुस्ते विवरण र फोटो	**धितोवाला/जमानीकर्ताको तीन पुस्ते विवरण र फोटो**
नाम : राम चन्द्र कुँवर स.नं ०३१२६ सा. ठेगाना : ललितपुर चापागाउँ ५ हाल ठेगाना : थानकोट-५, काठमाडौं ना.प्र.नं. : १८०५ बुबाको नाम : पूर्ण बहादुर कुँवर बाजेको नाम : काले कुँवर	नाम : संगिता कुँवर सा. ठेगाना : ललितपुर चापागाउँ ५ हाल ठेगाना : थानकोट-५, काठमाडौं ना.प्र.नं. : ३८०४८ बुबाको नाम : नारायण के.सी प

परिवर्तित बजेट कार्यतालिका र पूर्वबजेट अभ्यास

पूर्वबजेट अभ्यासबारे अध्यादेशका प्रावधान कार्यान्वयनमा ल्याउन सरकार र संसद् दुवैले केही महत्त्वपूर्ण नीतिगत र प्रशासनिक कार्य तत्कालै पूरा गर्नुपर्छ



● अनिरुद्र न्यौपाने

अग्रलेख

नेपाल सरकारले आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन, ०७६ लाई संशोधन गर्न बनेको अध्यादेश, ०८० भर्खरै जारी गरेको छ। अध्यादेशमार्फत ऐनका चारवटा दफा सशोधन गरिएको छ। संशोधन मूलतः बजेट कार्यतालिकासँग सम्बन्धित छ। अध्यादेशले ऐनको दफा ७ मा रहेको राष्ट्रिय योजना आयोगले मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी तीन बर्षमा उपलब्ध हुने स्रोत र गर्न सकिने खर्चको पूर्वानुमान तयार गर्ने समयसीमा माघ १५ बाट बढाएर माघ मसान्त बनाएको छ। मध्यमकालीन खर्च संरचनाको खाका तथा बजेटको सीमा र मार्गदर्शन मन्त्रालयहरूमा पठाइसक्नुपर्ने समयसीमा माघ मसान्तको सट्टा ७ फागुन कायम गरिएको छ। ऐनको दफा ११ मा रहेको आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकता बजेट प्रस्तुत गर्नुभन्दा १५ दिनअगावै संसद्मा पेस गर्नुपर्ने प्रावधानमा संशोधन गरी ३ महिनाअगावै पेस गर्नुपर्ने व्यवस्था गरिएको छ। सशोधित प्रावधानअनुसार बजेटका सिद्धान्त र प्राथमिकता सरकारले १५ फागुनभित्र संसद्मा पेश गरिसक्नुपर्ने भएको छ। ७ फागुनभित्रै बजेटका सिद्धान्त र प्राथमिकता निर्धारणबारे विज्ञ तथा सरोकारवालाहरूसँग परामर्श गरिसक्नुपर्ने व्यवस्था पनि अध्यादेशमार्फत गरिएको छ। बजेटका सिद्धान्त र प्राथमिकताबारे संसद्मा छलफल गर्ने समय जम्मा ७ दिन मात्र हुने यसअघिको प्रावधान परिवर्तन गरिएको छ। अब संघीय संसद्ले १५ फागुनदेखि १५ चैतसम्म अर्थात् एक महिनाको समय लगाएर पूर्वबजेट छलफल गर्न पाउने भएको छ।

बजेट तर्जुमा दिग्दर्शन, ०७५ को पछिल्लो संस्करणमा बजेटको मस्यौदा तयारीको कार्य वैशाखको पहिलो साताभित्र गरिसक्ने व्यवस्था गरिएको छ। दिग्दर्शनले तय गरेको कार्यतालिकाअनुसार बजेट निर्माण हुने हो भने बजेटको मस्यौदाले अन्तिम रूप पाइसक्ने समयमा मात्र बजेटका सिद्धान्त र प्राथमिकता संसद्मा पेस हुने अवस्था थियो। त्यसैले, संसद्मा हुने गरेको पूर्वबजेट छलफलबाट प्राप्त हुने सुझाव बजेटमा समावेश हुन सक्ने सम्भावना थिएन। यसका बाबजुद पूर्वबजेट छलफलको कार्यतालिकालाई लिएर आव ०७९/८० सम्म संसद्मा खासै प्रश्न उठेन। प्रतिनिधिसभाको पछिल्लो अधिवेशनमा भने पूर्वबजेट छलफलको समय र सान्दर्भिकताबारे सांसदले प्रश्न उठाए। औपचारिकताका लागि गरिने पूर्वबजेट छलफलमा सांसद सहभागी हुन नहुने आवाज पनि उठ्यो। बजेटका सिद्धान्त र प्राथमिकतामा संसद्मा छलफल गर्न तथा संसद्को सुझाव बजेटमा समेट्न पर्याप्त समय हुने गरी बजेट कार्यतालिका संशोधनको माग पनि सांसदले गरे। यसबाट बजेट कार्यतालिका सुधारमा सरकारलाई दबाब पुग्ने अपेक्षा गरिएको थियो। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व अध्यादेश जारी गरी सरकारले सांसदहरूको माग सम्बोधनको प्रयास गरेको छ।

सन् २००८ देखि हरेक दुई वर्षमा इन्टरनेसनल बजेट पार्टनरसिप (आइबिपी) ले विश्वव्यापी रूपमा गर्दै आएको खुला बजेट सर्वेक्षणमा नेपालमा पूर्वबजेट विवरण तयार गर्ने अभ्यास नरहेको उल्लेख हुँदै आएको छ। बजेट पेस गर्नुभन्दा कम्तीमा ३० दिनअघिसम्म पनि पूर्वबजेट तयार गरी सार्वजनिक गरिँदैन भने त्यसपछि सार्वजनिक गरिने पूर्वबजेट विवरणको औचित्य नहुने अन्तर्राष्ट्रिय मान्यता रहँदै आएको छ। तीस दिनभन्दा पनि कम समय दिएर सर्वजनिक गरिने पूर्वबजेटका आधारमा प्राप्त हुने सुझाव बजेटमा पेस गर्न सक्ने सम्भावना नहुने भएकाले त्यसलाई सार्वजनिक भएको मान्न नसकिने आइविपीले जनाएको छ। पूर्वबजेट छलफलको समय अघि सार्ने गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा गरिएको संशोधनले नेपालको पूर्वबजेट अभ्यासलाई अन्तर्राष्ट्रिय मापदण्डअनुकूल बनाउनमा योगदान पुग्नेछ। यसबाट बजेट तर्जुमा प्रक्रियामा संसद्को मात्र नभई आमनागरिकको सहभागिता बढाउने आधार पनि तयार हुन सक्छ।

अध्यादेशका प्रावधान कार्यान्वयनमा ल्याउन भने सरकार र संसद् दुवैले केही महत्त्वपूर्ण नीतिगत र प्रशासनिक कार्य तत्कालै पूरा गर्नुपर्छ। प्रथमतः १५ फागुनअगावै संसद्को अधिवेशन आह्वान गर्नुपर्ने हुन्छ। पूर्वबजेट छलफलपछि संसद् अन्त्य गर्ने वा वर्षे अधिवेशनका रूपमा निरन्तरता दिने भन्ने विषय तत्कालै टुंग्याउनुपर्छ। पूर्वबजेट छलफलअन्तर्गत पूर्ण संसद् र विषयगत समितिमा छलफल गर्ने, सुझाव विश्लेषण र एकीकरण गर्ने, सरकारलाई पठाउनुअघि प्रतिवेदन स्वीकृत गर्नेजस्ता प्रक्रियामा स्पष्टता ल्याउन संसद् नियमावली र आन्तरिक कार्यविधि परिमार्जन र अध्यावधिक गर्नुपर्छ। सरकारले संसद्मा पूर्वबजेट पेस गर्ने र संसद्बाट सुझाव संकलन गरी बजेटमा समेट्नेसम्बन्धी विधि र कार्यतालिकासहित बजेट तर्जुमा दिग्दर्शन अध्यावधिक गर्नुपर्छ। यसबाहेक अध्यादेशलाई समयमै संसद्मा पेस नै नगरेर सरकारले



नै निष्क्रिय पार्ने विगतको परम्पराको पुनरावृत्ति हुन नदिन संसद् चनाखो हुनुपर्छ।

सरकारले विगत केही वर्षदेखि सार्वजनिक सूचना प्रकाशन गरी नागरिकबाट आगामी आर्थिक वर्षको बजेटका लागि सुझाव संकलनको अभ्यास गर्दै आएको छ। पूर्वबजेट संसद्मा पेस गर्ने समयतालिका परिवर्तन भएसँगै पूर्वबजेट अध्ययन गरी नागरिकले पनि सोही आधारमा संसद्मार्फत वा सोझै सरकारलाई सुझाव दिन सक्ने प्रबन्ध गर्नु उपयुक्त हुन्छ। संसद्ले पनि पूर्वबजेटमा नागरिकका सुझाव संकलनको संस्थागत प्रक्रिया निर्धारण गर्नु उपयुक्त हुन्छ। यसले संघीय बजेट तर्जुमा प्रक्रियामा नागरिक सहभागिताको अभ्यास संस्थागत र व्यवस्थित बनाउन मद्दत पुग्छ। पूर्वबजेट पेस गर्नु आफैंमा सकारात्मक भए पनि अपूरो दस्ताबेजका आधारमा हुने पूर्वबजेट छलफल अर्थपूर्ण हुँदैन। पूर्वबजेट दस्ताबेजमा हुनुपर्ने आधारभूत सूचना समेटिएमा मात्र संसद्भित्र र बाहिर हुने पूर्वबजेट छलफल प्रभावकारी हुन्छ। विगतमा सरकारले संसद्मा पेस गर्ने बजेटका सिद्धान्त र प्राथमिकतामा पूर्वबजेटमा हुनुपर्ने आधारभूत सूचना समावेश हुने गरेको थिएन। राष्ट्रिय र अन्तर्राष्ट्रिय आर्थिक परिवेशबारे एक वा दुई बुँदामा चर्चा गर्नेबाहेक आर्थिक वृद्धि, मुद्रास्फीतिको अवस्था, अन्तर्राष्ट्रिय व्यापार, आर्थिक सामाजिक अवस्थाको झलक आँकडाका आधारमा विश्लेषण गरी प्रस्तुत गर्ने गरिएको थिएन। पूर्वबजेट अंकविहीन राजनीतिक भाषण समेटिएको दस्ताबेजजस्तो मात्र थियो। त्यसैले संसद्मा हुने पूर्वबजेट छफफल पनि बजेटमा भन्दा राजनीतिक टीकाटिप्पणी वा भाषणमा मात्र सीमित हुँदै आएको थियो। पूर्वबजेट छलफललाई प्रभावकारी बनाउने हो भने बजेटका सिद्धान्त र प्राथमिकता समेटेर यसलाई पूर्वबजेटका विशेषतासहितको दस्ताबेजका रूपमा तयार पार्नेतर्फ पनि सरकारको ध्यान जानु आवश्यक छ।

> पूर्वबजेट छलफललाई प्रभावकारी बनाउन बजेटका सिद्धान्त र प्राथमिकता समेटेर यसलाई पूर्वबजेटका विशेषतासहितको दस्ताबेजका रूपमा तयार पार्नेतर्फ सरकारको ध्यान जानु आवश्यक छ

कुन क्षेत्रलाई कुल बजेटको कति प्रतिशत हिस्सा विनियोजन गर्ने सोच सरकारको छ ? विभिन्न उपक्षेत्रले क्षेत्रगत बजेटको के-कति हिस्सा पाउने सम्भावना छ ? बजेटको आकार कत्रो बनाउने योजना छ ? खर्च धान्ने स्रोतको सामान्य संरचना कस्तो हुन्छ ? आगामी आर्थिक वर्षमा राष्ट्रिय गौरवका वा करोडौं लगानीका नयाँ आयोजना अघि सार्ने योजना सरकारले बनाएको छ कि छैन ? सार्वजनिक ऋणमा के-कस्तो थपघट वा संरचनागत हेरफेर गर्ने योजना छ ? बजेटमा विगतको तुलनामा उल्लेख्य परिवर्तन हुन्छ कि हुँदैन ? त्यस्तो परिवर्तन हुँदै छ भने त्यस्तो परिवर्तन गर्नुको उद्देश्य के हो ? जस्ता प्रश्नको जवाफ पूर्वबजेटले दिनुपर्छ। विगतमा सार्वजनिक गरिने बजेटका सिद्धान्त र प्राथमिकतामा यीमध्ये कुनै पनि विषय समावेश गरिँदैनथ्यो। यसअतिरिक्त चालू आर्थिक वर्षको बजेट कार्यान्वनमा सरकारले हासिल गरेको प्रगति र कार्यान्वनमा देखिएका समस्या तथा चुनौतीजस्ता विषय पनि बेग्लै खण्डमा प्रस्तुत गर्नु आवश्यक छ। यसबाट विनियोजन र कार्यान्वयन कुशलताबारे पनि बजेट तर्जुमाकै क्रममा संसद्मा छलफल हुने वतावरण निर्माण हुन सक्छ।

पूर्वबजेट विवरणलाई सूचनामूलक र न्यूनतम अन्तर्राष्ट्रिय मापदण्डअनुकूल विकास गर्न सरकारले बेग्लै अध्ययन गर्नु आवश्यक छैन। बजेट प्रक्रियाका विभिन्न चरणमा विभिन्न निकायले संकलन र व्यवस्थापन गर्दै आएका तथ्यांकलाई उपयुक्त स्वरूपमा प्रस्तुत गरेमा मात्र पनि सूचनामूलक पूर्वबजेट तयार गर्न सकिन्छ। विगतदेखि नै अर्थ मन्त्रालयले विस्तृत बजेट तथ्यांकसहितको अर्धवार्षिक समीक्षा तयार पार्ने गरेको छ। मध्यमकालीन खर्च संरचना तयार पार्ने समयमै आगामी तीन वर्षको आर्थिक खाका, नतिजा खाका र बजेट खाका तयार गर्ने गरिएकाले पूर्वबजेट तयारीको समयमा त्यसमा हुन सक्ने सम्भाव्य परिवर्तन समेटेर तथ्यांक अध्यावधिक गर्न सकिन्छ। त्यसबाहेक आर्थिक सामाजिक अवस्था, वैदेशिक व्यापार आदिको अध्ययन गर्ने र तथ्यांक राख्ने अभ्यास पनि संस्थागत भइसकेको छ। विभिन्न निकायमा छरिएर रहेका तथ्यांक एक ठाउँमा ल्याउने र उपयुक्त ढाँचामा प्रास्तुत गर्ने काम भने अर्थ मन्त्रालयले गर्नुपर्छ। अध्यादेशमार्फत बजेटको सीमा र मार्गदर्शन मन्त्रालयहरूमा पठाउने समय पछि सारिएको छ। यद्यपि ७ फागुनभित्रै यो कार्य भइसक्ने भएकाले कार्यगत, आर्थिक र प्रशासनिक वर्गीकरणअनुसारको बजेट प्रक्षेपण र खर्चको स्रोतको आधारभूत सूचना पूर्वबजेटमा समेट्न खासै समस्या छैन। त्यसैले सरकारले चाहेमा पूर्वबजेट दस्ताबेजको गुणस्तर सुधारको कार्य पनि यस वर्षदेखि नै सुरु गर्न सक्छ।

अन्त्यमा, हाम्रो संसद्मा प्रतिनिधित्व गरिरहेका धेरै सांसदसँग सांसद विकास कोषका रूपमा बदनाम विभिन्न नामका कार्यक्रमका लागि सरकारसँग सौदाबाजी गरेको र विकास बजेटलाई तजबिजी रूपमा कार्यकर्ता पाल्ने माध्यम बनाउने गरेको अनुभव छ। बजेटको नीति, सिद्धान्त र प्राथमिकतामाथि अर्थपूर्ण छलफल गर्ने तथा बजेट निर्माणको क्रममा पारदर्शी र जवाफदेही हुन सरकारलाई बाध्य पार्ने काममा निर्वाचन क्षेत्र विकास कार्यक्रमका लागि बजेट माग गर्ने कार्यले सांसदलाई कमजोर बनाएको छ। यसमा संघीय संसद्का दुवै सदनका माननीयले निर्वाह गर्ने भूमिकाले पनि अध्यादेशमार्फत बजेट कार्यतालिका संशोधन गर्ने सरकारको कदमको औचित्य साबित हुने वा नहुने निर्धारण हुनेछ।

(न्यौपानेले सार्वजनिक वित्त व्यवस्थापन र आर्थिक सुशासनका विषयमा कलम चलाउँदै आएका छन्)

---

३ प्रश्न

जनमत पार्टीका प्रवक्ता **शरदसिंह यादव**लाई



जनमत पार्टी प्रदेश सरकारबाट बाहिरिनुको कारण के हो ?

सत्तागठबन्धनमा जसपाले सुरुको एक वर्ष र त्यसपछि क्रमशः जनमतले एक वर्ष, काग्रेसले दुई वर्ष मधेश प्रदेश सरकारको नेतृत्व गर्ने सहमति भएको थियो। तर, जसपाले त्यसको उल्लंघन गर्दै सरकार चलाइरहेको छ। हाम्रो विरोधका बाबजुद जसपाका अध्यक्ष उपेन्द्र यादवबाट सप्तरीमा कृषि विश्वविद्यालयको उद्घाटन गराइयो। हाम्रो मन्त्रीको टाउको फुटाइयो, सांसदहरूमाथि लाठीचार्ज गरियो। सडकमा सेना उतारियो। जसपा नेतृत्वको सरकारले गैरकानुनी रूपमा देखाएको यो दम्भपछि हामी सरकारमा बसिरहने कुरै भएन।

मधेश कृषि विश्वविद्यालयको शिलान्यास विवाद के हो ?

सप्तरीको राजविराजमा कृषि विश्वविद्यालयको शिलान्यास हुनु स्वाभाविक रूपमा त्यहाँका जनताका लागि सुखद खबर हो। तर, विश्वविद्यालयका नाममा त्यहाँ दलीय हस्तक्षेप र क्रूरता हाबी भयो। सप्तरी २ का जनप्रतिनिधि सिके राउत हुन्। सांसद निर्वाचित भएपछि उनैको ६ महिनाको पहलमा त्यहाँ ३० करोड बजेट ल्याइयो। तर, उनैलाई बहिष्कार गरेर जसपाका अध्यक्ष उपेन्द्र यादवबाट त्यहाँ विश्वविद्यालयको शिलान्यास गराउन खोज्दा हामीले प्रतिकार गरेका हौं।

सिके राउतलाई विश्वविद्यालयको शिलान्यास गर्न नदिइएका कारण सरकार छाडेको आरोप छ नि ?

हामीले सिके राउतबाटै शिलान्यास गराउनुपर्छ भनेका होइनौं। जसपाकै शिक्षामन्त्री अशोक राईबाट गरेको भए पनि तर्कसंगत हुन्थ्यो। जसपाकै मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले गरेको भए पनि हुन्थ्यो। तर, एक वर्षअघि मात्रै त्यहींको निर्वाचन क्षेत्रबाट भारी मतान्तरले पराजित उपेन्द्र यादवलाई विश्वविद्यालयको शिलान्यास गर्न लानु भनेको राजनीतिक र नैतिक हिसाबले पनि सही होइन। हामीले त्यसैको विरोधमा सत्ता छाडेका हौं।

प्रेरक प्रसंग

एउटै प्रश्न कतिचोटि सोध्ने ?

एकपटक भगवान् बुद्ध भ्रमणका क्रममा एउटा सहरमा पुगे। सहरका मुख्य प्रशासक बुद्धका प्रशंसक थिए। बुद्ध आफ्नै सहरमा आएको थाहा पाउनासाथ उनले बुद्धलाई भेटे। उनले आफ्नो सहरमा केही दिन बसेर आफ्ना नागरिकलाई प्रवचन दिन बुद्धसित अनुनय गरे। बुद्धले पनि उनको अनुनयलाई स्विकारे।

भोलिपल्टैदेखि बुद्धको प्रवचन सुरु भयो। सहरको एक भव्य सभाहलमा प्रवचन हुँदै थियो। प्रवचन सुन्न सयौं मानिस जम्मा भएका थिए। प्रवचन सुरु हुने लागेको थियो, श्रोता समूहबाट एकजना मानिस उठे र उनले बुद्धसँगै कुनै एक विषयमा गुनासो गरे। बुद्धले आफ्नो उत्तरले सकभर उनको चित्त बुझाउने प्रयास गरे। बुद्धको प्रवचन केही दिन चल्यो। ती गुनासोकर्ता श्रोता हरेक दिन त्यहाँ उपस्थित हुन्थे। र, हरेक दिन एउटै गुनासो दोहोऱ्याउँथे। बुद्ध बडो धैर्यपूर्वक तिनलाई जवाफ दिन्थे। हरेक दिन एउटै गुनासो सुन्दासुन्दा बुद्धलाई पनि दिक्क लाग्यो। त्यसैले, एक दिन तिनै श्रोताको उही पुरानो गुनासो सुनिसकेपछि कुनै जवाफ नदिई बुद्धले भने- आज म तपाईंहरूलाई एउटा चुट्किला सुनाउँछु। बुद्धले चुट्किला सुनाउने कुरा सुनेर सबै श्रोता शान्त भए। बुद्धले निकै रमाइलो शैलीमा एउटा चुट्किला सुनाए। सभाकक्षमा हाँसोको फोहोरा नै छुट्यो। बुद्धले फेरि त्यही चुट्किला सुनाए। यसपटक पनि थोरै मानिस हाँसे। उनले पुनः सोही चुट्किला सुनाए। तर, यसपटक हलमा कोही पनि हाँसेन। कसैले कुनै प्रतिक्रिया जनाएन।

अन्त्यमा बुद्धले ती प्रश्नकर्ता श्रोतालाई सम्बोधन गर्दै भने- मित्र, अहिले मैले सुनाएको चुट्किला दोस्रो-तेस्रोपटक सुन्दा तपाईंहरूलाई दिक्क लाग्यो, तपाईंहरूले कुनै प्रतिक्रिया जनाउनुभएन। हो, त्यसैगरी तपाईंको यो पटक-पटक एउटै गुनासो गरिरहने बानीले पनि यहाँ उपस्थित अरूलाई दिक्क लगाएको हुन सक्छ। आखिर पटक-पटक एउटै गुनासो गरेर के नै पाइन्छ र, होइन त मित्र ? बुद्धको प्रश्नले ती श्रोता चुपचाप शिर झुकाउन बाध्य भए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

एमालेको आन्दोलन केका लागि ?

एमाले अध्यक्ष केपी ओलीले आन्दोलनमा जाने घोषणा गरेको सुन्दा उनलाई केही प्रश्न गर्न मन लाग्यो। यो बेमौसमी आन्दोलनको घोषणा केका लागि गरिँदै छ ? के केपी ओली सत्तामा जान नपाएको झोकमा यो आन्दोलन गरिँदै छ ? के सत्ताबाहिर बस्दा कार्यकर्तालाई 'इंगेज्ड' गर्न नसकेर तिनलाई काम दिन आन्दोलनको घोषणा गरिँदै छ ? होइन भने यो बेमौसमी आन्दोलन केका लागि ? हिजो सत्तामा हुँदा त्यसलाई जोगाउन नसक्ने ओलीलाई आज किन सत्तामा पुग्न चटारो परेको हो ? सत्तारोहणको भ्याङ बन्न आन्दोलनमा कार्यकर्ताबाहेक जनता त को नै आउलान् र खोइ ?

● **सुमित्रा गुरुङ**, ताहाचल, काठमाडौं

एनआरएनलाई मताधिकार देऊ

विदेशमा बस्ने नेपाली (एनआरएन) लाई मताधिकार दिने विषयमा दलहरू विभाजित भएको समाचार पढियो। नेपाली नागरिकलाई स्वदेशमा रोजगारी नदिने, गतिलो शिक्षा नदिने अनि शिक्षा र रोजगारीको खोजीमा बाहिरिएका नेपालीलाई उतैबाट देशको निर्वाचनमा सहभागी बन्नचाहिँ किन नदिने ? कि यहीं सबैलाई रोजगारी देऊ। सबै नेपालीलाई देश विकासको मार्गमा सँगसँगै हिँडाऊ। गुणस्तरीय शिक्षा देऊ। होइन भने उनीहरूलाई मताधिकार देऊ।

● **पवन बुद्धाचार्य**
पाटन, ललितपुर

अन्य डाक्टर पनि नक्कली छन् कि ?

तीन वर्षदेखि काठमाडौंका विभिन्न पोलिक्लिनिकमा थाइराइड विशेषज्ञको आवरणमा बिरामी जाँच्दै आएका नक्कली डाक्टर एस भट्ट आचार्य पत्राउ परेको समाचार पढेपछि केही लेख्न मन लाग्यो। सायद अझै च्याउसरि उम्रिएका कैयौं स्वास्थ्य संस्थामा यस्ता नक्कली डाक्टरले बिरामीमाथि कैंची चलाइरहेका होलान्। कैयौंले उपचारका नाममा बिरामीको ज्यानै लिइरहेका होलान्। त्यसैले, नियमनकारी निकायले तत्काल यस्ता नक्कली डाक्टरको खोजी गरी कारबाही गर्नु जरुरी छ।

● **पार्वती बिसुन्खे**
लुभु, ललितपुर

लेखकद्वयलाई प्रश्न

७ माघको नयाँ पत्रिकामा लालु यादव र नलिन बर्माको 'गोरखनाथको समावेशिताको विरासत गुम्दै' शीर्षकको लेख पढ्दा एउटा कहानीको सम्झना भयो। पण्डितज्यूले एउटा गाउँमा भागवत कथा वाचन गरिरहेका थिए। बीच-बीचमा कथा छाडेर उनी गाउँलेलाई शिष्टाचारको भाषण पनि दिन्थे। उनी भन्थे- हामीले कहिल्यै रुखमुनि दिसापिसाब गर्नुहुँदैन।' भोलिपल्ट एकजना गाउँलेले उनै पण्डितलाई रुखमुनि दिसा गर्दै गरेको देखे। गाउँभरि हल्ला फिँजियो। त्यस दिन उनीबाट भागवत कथा सुन्न कोही आएनन्। त्यो मिथ्या र पाखण्डको प्रत्युत्तर थियो गाउँलेको। लालु, रावडी, तेजप्रताप र तेजस्वी यादवमध्ये पहिलो दुईजना मुख्यमन्त्री भइसके। अर्का दुई लाइनमा छन्। यिनीहरूमध्ये कोको कति समावेशी छन् ? इफ्तिखारमा गोलो टोपी लगाउने मान्छे राम मन्दिर नजानु कुन धर्मनिरपेक्षताको निसानी हो ? याद राख्नुस्, महात्मा गान्धीले प्राण त्याग गर्दा हे राम भनेका थिए। उनको मृत्युपछि जिन्नाले हिन्दूका सबैभन्दा ठुला नेताको निधन भएको बताएका थिए। राम मन्दिर उनै जिन्नालाई गान्धीको प्रत्युत्तर हो। जिन्ना त गए तर भारतमा आफ्ना सन्तानलाई छाडिगए। तपाईं तिनैका नेता हुनुहुन्छ, न कि अब्दुल कलाम आजाद र उनका सन्तानको।

ओशोको कुरा छाडनुस् हजुर ! उनले त विश्वभरको कुँडाकर्कट साफ गर्ने सूत्र दिएर गएका छन्। तपाईंको बुता नै छैन, उनलाई बुझ्ने। याद राख्नुस्, विश्वकै प्रचीनतम धर्ममध्ये केवल हिन्दू धर्म मात्र बाँचेको छ। त्यसको कारण समय-समयमा निरन्तर यही कुँडाकर्कटको साफ सफाइ नै हो।

● **डा. शिवशंकर याद**, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

सन् २०२४ मा विश्वव्यापी चुनावी माहोल

अनुदारवाद बढेको, लोकतान्त्रिक संस्था कमजोर भएको र युवामाझ लोकतन्त्रप्रति मोहभंग भएका वेला विश्वव्यापी चुनाव भइरहेका छन्



देश / विदेश

● निकोलस रिस

सन् २०२४ लोकतन्त्रका लागि सबैभन्दा ठूलो वर्ष हुनेछ। मानव इतिहासको यो अद्वितीय कालमा विश्वभरका चार अर्बभन्दा बढी मानिस अर्थात् ४० मुलुकमा फैलिएका विश्वको आधाभन्दा बढी जनसंख्याले मतदान गर्नेछन्। अमेरिका, भारत, इन्डोनेसिया, रुस, बेलायत, पाकिस्तान, ताइवान, मेक्सिको, दक्षिण अफ्रिकालगायत मुलुकमा राष्ट्रिय चुनाव हुँदै छ। युरोपियन युनियनमा पनि चुनाव हुँदै छ। विविध मुलुक र ठूलो संख्याका मानिस सहभागी हुने चुनावको व्यस्त तालिका निकै अभूतपूर्व छ। मतदाताको यो कीर्तिमानी संख्या हेर्दा विश्वभर लोकतन्त्रको विजय भएको प्रतीत हुन्छ। तर, सूक्ष्म ढंगले हेर्ने हो भने लोकतन्त्रलाई विभिन्न ठाउँबाट जोखिम छ। यी चुनौती मुलुकैपिच्छे फरक भए पनि केही साझा प्रवृत्ति देखा परेका छन्। सन् ०२४ मा विश्वमै प्रभाव पार्ने केही चुनाव यसप्रकार छन् :

अमेरिका : सन् २०२४ को बढी प्रतीक्षित चुनाव भनेको नोभेम्बरमा राष्ट्रपति र दुवै सदनका लागि हुने अमेरिकी आमचुनाव हो। दशकौंदेखि अमेरिका विश्वकै शक्तिशाली लोकतन्त्रका रूपमा उभिएको छ। यति मात्रै होइन, अमेरिका कमी-कमजोरीसहित नै भए पनि विश्वभरका लोकतान्त्रिक मुलुकको जमानी पनि हो। डोनाल्ड ट्रम्प रिपब्लिकन पार्टीका सम्भावित उम्मेदवार हुन्। राष्ट्रपतिका रूपमा ट्रम्पको अघिल्लो कार्यकालमाथि भेराइटिज अफ डेमोक्रेसी (भी-डेम) ले गरेको विश्लेषणअनुसार लोकतन्त्रलाई कमजोर पार्नेमा उनी अगाडि रहेको देखाएको थियो। अहिले उनले आफ्ना राजनीतिक विपक्षीलाई सजाय दिने भनिरहेका छन्। उनी न्यायालयको स्वतन्त्रतालाई उपेक्षा गर्ने र सरकारी प्रशासनको गैरराजनीतिक क्षेत्रमा राष्ट्रपतीय शक्तिको विस्तार गर्ने वाचा गरिरहेका छन्। अधिकांश प्रमुख मत सर्वेक्षणमा ट्रम्प राष्ट्रपति जो बाइडेनभन्दा अगाडि छन्।

भारत र इन्डोनेसिया : विश्वको दोस्रो र चौथो धेरै जनसंख्या भएका राष्ट्र भारत र इन्डोनेसियामा लोकतन्त्रको उदय मानव स्वतन्त्रताको विश्वव्यापी प्रगतिको महत्त्वपूर्ण घटना हुनेछ। एक अर्ब ७० करोडको संयुक्त जनसंख्या भएका यी विकासशील राष्ट्रमा चुनाव आधुनिक प्रशासनतन्त्रमा चमत्कार पनि हो। भारतका प्रधानमन्त्री नरेन्द्र मोदी आगामी अप्रिल र मे महिनामा हुने सम्भावित निर्वाचनमा तेस्रो कार्यकालका लागि पुनरागमन गर्नेमा लगभग निश्चिन्त देखिन्छन्। इन्डोनेसियाका रक्षामन्त्री प्राबोवो सुब्यान्टो फेब्रुअरीमा हुने राष्ट्रपति चुनावमा स्पष्ट रूपमा अगाडि छन् अर्थात् उनी विश्वका सबैभन्दा ठूलो मुसलमान राष्ट्रका नयाँ राष्ट्रपति हुनेछन्। दुवै अवस्थामा यी 'दबंगाइ' नेता स्वतन्त्र र निष्पक्ष चुनावमा सत्तामा पुग्ने जोखिम देखिन्छ। तर, यी दुवैको विजयपछि लोकतान्त्रिक संस्थालाई अप्ठ्यारोमा पार्ने अनुदार नीति लागू हुने सम्भावना छ।

बेलायत र युरोप : बेलायत सन् २०२४ को मध्यपछि आमचुनावमा जाने सम्भावना छ। हालका केही सर्वेक्षणले केइर स्टार्मरको नेतृत्वमा रहेको लेबर पार्टीको विजय हुने आकलन गरेको छ, अर्थात् १४ वर्षमा पहिलोपटक सरकार परिवर्तन हुने देखाएको छ। यदि त्यसो भयो भने यसले व्यापक हिंसाविना विपक्षी स्वार्थबीच राजनीतिक शक्ति हस्तान्तरण गर्न लोकतन्त्र सक्षम छ भन्ने देखाउनेछ। यस्तो उपलब्धिका लागि मानवताले इतिहासको अधिकांश समय संघर्ष गर्ने गरेको छ। युरोपका अन्य चुनावले त्यहाँका लोकरिझ्याइँवादी उग्र-दक्षिणपन्थी सफल हुने वा नहुने भन्ने कसीको काम गर्नेछ। नोभेम्बरमा नेदरल्यान्ड्समा इस्लामविरोधी चरमपन्थी गियर्ट वाइल्डर्सको चुनावी सफलताले



तस्बिरः मेरी एल्टेफर/एपी

धेरै विश्लेषकले उग्र-दक्षिणपन्थी समर्थनमा वृद्धि हुने अनुमान गरेका छन्। यो वृद्धि जुनमा हुने युरोपेली संसदीय चुनावमा प्रकट हुने अपेक्षा गरिएको छ। यसबाहेक यसले अस्ट्रिया, बेल्जियम, क्रोएसिया र फिनल्यान्डजस्ता देशमा राष्ट्रिय चुनावलाई प्रभाव पार्ने भविष्यवाणी गरिएको छ।

अफ्रिका : यो वर्ष अफ्रिकाका रुवान्डा, घाना, ट्युनिसिया, दक्षिण सुडान र अल्जेरियालगायत दर्जनौं देशमा राष्ट्रिय निर्वाचन हुँदै छ। तर, सबैभन्दा बढी ध्यान दक्षिण अफ्रिकाको चुनावमा केन्द्रित हुनेछ, जुन सन् १९९४ मा अपर्थाइड (रंगभेद) अन्त्यपछिको सबैभन्दा महत्त्वपूर्ण चुनाव हुनेछ। हालको सर्वेक्षणअनुसार अफ्रिकन नेसनल कंग्रेस (एएनसी) तीन दशकको सत्तापछि पनि सरकार चलाउन आवश्यक ५० प्रतिशत मत जुटाउन सक्षम हुनेछैन। नतिजा ३० वर्षको एकदलीय शासन अन्त्य हुने सम्भावना देखिन्छ।

फर्जी चुनाव : सन् २०२४ का यस्ता चुनावमा पनि जोड दिनु आवश्यक छ, जहाँ स्वतन्त्रता र निष्पक्षता दुवैको अभाव हुने अनुमान गरिएको छ। रुस, रुवान्डा र बेलारुस तानाशाह शासकद्वारा शासित छन्, जसले विपक्षीलाई जेल हाल्छन् र ९० प्रतिशत वा सोभन्दा बढी बहुमत ल्याउने फर्जी चुनाव गराउँछन्। यससँगै इरान र ट्युनिसियामा यस्तो चुनाव हुनेछ, जहाँ नेतृत्वले विपक्षीलाई प्रतिस्पर्धा गर्न त दिन्छन्, तर जित्न दिँदैनन्।

के लोकतन्त्र यी परीक्षामा सफल हुनेछ ? : विश्वव्यापी अनुदारवाद बढेको, लोकतान्त्रिक संस्था कमजोर भएको र विशेषतः युवामाझ लोकतन्त्रप्रति मोहभंग भएका वेला चुनाव भइरहेका छन्। यद्यपि ऐतिहासक समयक्रममा विश्व लोकतन्त्रतर्फ ढल्किने गरेको ऐतिहासिक प्रवृत्तिका हामी साक्षी छौं। तसर्थ सतर्क आशावादका लागि ठाउँ छ।

लोकतन्त्र धेरैजसो विकासोन्मुख राष्ट्रका लागि रुचाइएको मोडेल हो। फ्रिडम हाउसले सन् १९९० मा ६९ चुनावी लोकतन्त्रबाट सन् २०१४ मा एक सय २२ पुगेको देखाउँछ। अर्थात्, तानाशाहहरूले पनि लोकतान्त्रिक अनुहार प्रस्तुत गर्ने प्रयास गरिरहेका छन्। यता उन्नत लोकतन्त्रमा हुने सर्वेक्षणले लगातार लोकतान्त्रिक आदर्शका लागि बलियो समर्थन प्रकट गरेको देख्न सकिन्छ। अझै पनि लोकतन्त्र अन्यभन्दा श्रेष्ठ विकल्प हो। त्यसैले, सन् २०२४ मा लोकतन्त्रको बलियो परीक्षा हुनेछ।

(रिस मेलबर्न स्कुल अफ गभर्नमेन्टका प्रमुख अध्येता हुन्)
द कन्भर्सेसनबाट


लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

हुथी आक्रमणपछि बदलियो विश्वव्यापी समुद्री ढुवानी

युरोप र एसिया आउजाउ गर्ने पानीजहाजहरू छोटो बाटो छाडेर अफ्रिकालाई घुम्न थालेका छन्

हिजोआज युरोप-एसिया आउजाने गर्ने सयौँ मालवाहक जहाज स्वेज नहरलाई पन्छाउनलाई हजारौँ माइलको अतिरिक्त दूरी पार गर्ने गर्छन् । उनीहरू पहिलेको छोटो बाटो छाडेर अफ्रिकालाई घुमेर आउजान गर्न थालेका छन् । यसमा अतिरिक्त ६५०० किमि दूरी खर्च हुने गर्छ । यस अतिरिक्त दूरी पार गर्दा जहाजले उपभोग गर्ने इन्धन मात्र बढ्ने होइन कि एउटा दिशामा करिब १० दिनको थप समय लाग्ने गर्छ । यसको असर केही देशमा आमउपभोग्य सामानको मूल्य देखिन थालिसकेको छ मूल्यवृद्धिको रूपमा ।

आखिर ढुवानी कम्पनीहरू अतिरिक्त खर्च र समय लगाएर तिनका जहाज स्वेज नहरको छोटो बाटो पन्छाएर किन यति लामो रुट हिँडाइरहेका छन् ? युरोपबाट एसिया आउँदा स्वेज नहर पार गरेपछि पुगिने लालसागरमा मालवाहक जहाजमाथि केही महिनादेखि हुथी समूहको आक्रमण हुन थालेपछि रुट परिवर्तन हुन थालेको हो । पश्चिमी मुलुकले इरानको समर्थन प्राप्त भन्ने गरेको हुथी समूहले गाजामा जारी इजरायली आक्रमण रोक्न दबाब दिन भन्दै आक्रमण गरेको बताइरहेको छ ।



स्रोत : न्युयोर्क टाइम्स

जनवरीको पहिलो दुई साताको अवधिमा लालसागर हुँदै करिब एक सय ५० वटा जहाजले स्वेज नहर पार गरे । जब कि गत वर्ष यही अवधिमा चार सयवटा भन्दा बढी जहाजले सो नहर पार गरेको सामुद्रिक तथ्यांक संकलक 'म्यारिन ट्राफिक'को रेकर्डले देखाउँछ । अमेरिकाले हुथीहरूको आक्रमण रोक्न भन्दै उसका सहयात्रीसँग मिलेर यमनस्थित हुथी शिविरमा आक्रमण सुरु गरेको छ । तर, यसले हुथीको ड्रोन तथा मिसाइल आक्रमणलाई रोक्न सकेको छैन । ढुवानी कम्पनीले एसियाबाट युरोपसम्म कन्टेनर जहाज लैजान विगतको तुलनामा तेब्बरसम्म खर्च उठाइरहेका छन् । यस वृद्धिमा मुख्यतः जहाजलाई अफ्रिका महादेश घुमाउँदा बढ्ने खर्चको योगदान छ ।


अझै लालसागर प्रयोग गर्ने जहाजधनीले (जसमा धेरै कन्टेनर मालिक छन्) बिमाको किस्ता बढी तिरिरहेका छन् । भलै कन्टेनर मूल्य अझै कोरोना भाइरस महामारीको समयको जति बढिसकेको छैन, तर इकियाजस्ता रिटेलर कम्पनीले स्वेज नहर पन्छाउँदा तिनको बिक्री प्रभावित हुने चेतावनी दिइसकेका छन् । युरोपका केही कार कम्पनीले एसियाबाट आयात हुने कारका पार्टपुर्जाको आपूर्ति ढिलो भएपछि तिनको उत्पादन नै अवरुद्ध गर्नुपऱ्यो । यही स्थिति लम्बियो भने मुद्रास्फीति थप बढ्न सक्छ । जेपी मोर्गन चेजले गत बिहीबार जारी गरेको एक प्रक्षेपणअनुसार जहाज ढुवानी अवरोध जारी रह्यो भने यो वर्षको विश्वव्यापी उपभोक्ता मूल्य अतिरिक्त ०.७ प्रतिशतले बढ्न सक्छ ।

गत दुई वर्षको अन्तरमा लाल सागर र स्वेज नहरको महत्त्व एसिया र युरोप आवतजावत गर्ने जहाजहरूका लागि मात्र होइन, तेल तथा तरल प्राकृतिक ग्यासका कार्गोका लागि उत्तिकै बढेको छ । सन् २०२२ फेब्रुअरीमा युक्रेनमाथिको रुसी आक्रमणपछि युरोपेली मुलुकले रुसी इन्धन किन्न रोक्न थाले । त्यसपछि रुसले स्वेज नहरमार्फत पहिले युरोपलाई बेच्ने तेल भारत र अन्य एसियाली देशमा पठाउन थाल्यो । त्यस्तै युरोपले उसको इन्धन आवश्यकता मध्यपूर्वबाट पूरा गरिरहेको छ । र, मध्यपूर्वबाट युरोप जाने इन्धन ट्यांकर पनि स्वेज नहरबाटै अघि बढछन् । विश्वमा ट्यांकरबाट ढुवानी हुने तेलमध्ये १२ प्रतिशत र तरल प्राकृतिक ग्यासको लगभग त्यति नै हिस्सा लालसागरको बाटो अघि बढ्ने अमेरिकी सरकारको इनर्जी इन्फरमेसन एडमिनिस्ट्रेसनको तथ्यांकले देखाउँछ ।

अमेरिकी नौसेनाले कैयौँ ड्रोन र मिसाइल तिनको निसाना पुग्नुअघि नष्ट गर्दै वाहनमा पुग्न सक्ने गम्भीर क्षति टरेको छ । सस्ता ड्रोन र न्यूनस्तरको मिसाइल पहिचान गर्न अमेरिका र उसका मित्रशक्तिले हाइटेक लडाकु विमान र अन्य उच्चस्तरको सैन्य सामग्री प्रयोगमा ल्याइरहेको छ, जुन उसका लागि निकै महँगो परिरहेको छ । अहिलेको विश्वको प्रमुख सामुद्रिक शक्ति चीनले भने यस घटनामा फरक अडान लिएको छ । इजरायल-प्यालेस्टिनी संघर्षमा प्यालेस्टाइन पक्षमा उभिएको बेइजिङले अहिलेसम्म ढुवानी जहाजमाथि भएका आक्रमणका लागि हुथीहरूको आलोचनासमेत नगरेको अवस्थामा सो समूहमाथिको सैन्य अभियानमा भाग लिने कुरा टाढाको देखिन्छ । तथापि, हुथीको जहाज आक्रमणबाट चीन पनि अछुतो भने छैन । हुथी आक्रमणपछि चीनको निर्यात वृद्धि सुस्ताएको छ । यसले उसको धर्मराइरहेको अर्थतन्त्रमा थप असर गर्न सक्छ ।

- द न्युयोर्क टाइम्सबाट

इतिहासमा आज



सन् १९८४ : एप्पलले पर्सनल कम्प्युटर क्षेत्रलाई युगान्तकारी परिवर्तन गरिदिने उसको 'म्याकिन्टोस' सार्वजनिक गऱ्यो ।

सन् १९८९ : समलिंगीबीच मात्र सर्ने ठानिएको एड्स पहिलोपटक गैरसमलिंगीमा पनि सरेको पाइयो ।

सन् २०१८ : अमेरिकी ओलम्पिक टोलीका खेडालीका लामो अन्तरालका चिकित्सक ल्यारी नासार १५० भन्दा बढी महिलालाई यौनशोषण गरेको आरोपमा दोषी प्रमाणित । उनलाई कुल १७५ वर्षको जेल सजाय तोकियो ।

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

Invitation for Sealed Bid

(Date of Publication: 24th January, 2024)

Mahalaxmi Bikas Bank Limited a leading national level development bank invites sealed proposals from eligible Firm/Company for **Printing and Delivery of Calendar for 2081 BS.**

Details of Calendar:

Particulars	Wall Calendar	Table Calendar
Size	20*15 inches	8*6 inches
Quantity	40,000 pcs	5,000 pcs
Page	6	7 with cover
Paper Specification	130 gsm art paper	250 gsm paper

Terms and Conditions:

- The Tender Form can be purchased within office hours (9:30 AM till 5.00 PM) from General Service Department, Head Office, Thapathali upon payment of non-refundable fee of NPR 1,000.00 (NPR One Thousand Only) on or before 15th day of the first date of publication of this notice.
- Interested applicants must submit documentary evidence indicating minimum of three years' experience in the relevant field in Banking & Financial Institutions (BFIs)
- Bid document fee should be deposited in the following account of Bank:
  - ► Account Number: 99950505000050
  - ► Account Name: Miscellaneous Income
- Sealed bids must be submitted within the office hours on or before 15th day of the date of publication of the notice

The bids shall be opened at 3:00 PM on next working day of the last date of bid submission.

If the last date of purchasing, submission and opening of the bid falls on a public holiday, it shall be extended to the next working day.

The Bank reserves the right to accept partly or reject any or all bids without assigning any reason whatsoever.

केन्द्रीय कार्यालय
दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५३६८१५३, ५३६८७१९

सामान्य प्रशासन विभाग
थापाथली, काठमाण्डौं
फोन नं. ०१-५९११५१९/२०

सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

एकै दिन २४ इजरायली सैनिकको मृत्यु

तेलअभिभ/ इजरायली सेनाले मंगलबार (जनवरी २३) मा मध्यगाजामा भएको आक्रमणमा २४ जना आफ्ना सैनिक मारिएको घोषणा गरेको छ । यो हताहती १०९ दिनको गाजा अभियानमा इजरायली सेनाले २४ घन्टाभित्र भोगेको सबैभन्दा ठूलो क्षति हो ।

एक पत्रकार सम्मेलनमा इजरायली रक्षाबलका प्रवक्ता डेनियल हागारीले सैनिकहरूले दुई भवन ध्वस्त पार्न विस्फोटक पदार्थ जोड्ने काम गरिरहँदा नजिकै रकेट-प्रोपेल्ड ग्रिनेड प्रहार भएपछि ती विस्फोटक पदार्थ समयअगावै विस्फोट भएको जानकारी दिए ।

विशाल विस्फोटपछि भवन ढल्दा सैनिकहरू सुरक्षित स्थानमा भाग्न भ्याएनन् । सेनाले एक विज्ञप्तिमा दुर्घटनामा पर्नेहरू २२-३७ वर्ष उमेरका रिजर्भ सैनिक भएको बताएको छ ।

प्रभु बैंक लिमिटेड शाखा कार्यालय, बेलचोक नारायणगढ, चितवनका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई ऋण कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/१०/१० गते बुधबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंक (साबिक सेञ्चुरी कमर्सियल बैंक लि) का तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्तभई सक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछर्यौट नगर्नु भएको र यस बैंकबाट पटकपटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ताफछर्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ताफछर्यौट गर्न गराउनहुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणधनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछर्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औँ दिन देखि ४२ औँ दिन भित्र शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय, बेलचोक नारायणगढ, चितवनमा** दाखिल गर्नु हुन इच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औँ दिन अर्थात मिति २०८०/११/२३ गते बुध वार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय, बेलचोक नारायणगढ, चितवन**मा दिनको ठीक ३ :०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिमअसुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

क.ऋणी तथा जमानतकर्ताको तिन पुस्ते विवरण :

१. ऋणी : नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/११/२२ गते दर्ता नं. १८५१३३/०७४/०७५ मा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय भरतपुर चितवनबाट मिति २०७४/११/२३ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०६७६४३०६ को प्रमाणपत्र प्राप्त **उज्वल पोल्ट्री फार्म प्रा. लि. । रजिष्ट्रर्ड ठेगाना :** नवलपरासी जिल्ला, देवचुलि न.पा. वडा नं ११, कुनाघाट ।

सञ्चालक तथा जमानतकर्ता : चन्द्रमाया क्षेत्री	जमानतकर्ता : रविन कुमार अधिकारी
(ना.प्र.न.३६/१५३७ जारी मिति २०६२/०२/०१ जारी गर्ने कार्यालय जि.प्र.का. नवलपरासी) । ठेगाना : नवलपरासी जिल्ला प्रगतिनगर गा.वि.स वडा नं.८ (हाल देवचुलि न.पा. वडा नं ११), कुनाघाट । बाबु : डोर बहादुर क्षेत्री । पति : रविन कुमार अधिकारी । ससुरा : विष्णु बहादुर अधिकारी ।	(ना.प्र.नं. ७९७ (जारी मिति २०५९/०९/३० जारी गर्ने कार्यालय जि.प्र.का. काठमाडौं) ।स्थायी ठेगाना : धादिङ जिल्ला मार्पाक गा.वि.स.वडा नं.१ (हाल नेत्रावती गा.पा. वडा नं. १) । हालको ठेगाना : नवलपरासी जिल्ला, देवचुलि न.पा. वडा नं.११, कुनाघाट । बाबु : विष्णु बहादुर अधिकारी । बाजे : नर बहादुर अधिकारी ।

२. ऋणी : नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/१०/०७ गते दर्ता नं. २३२८३२/०७६/०७७ दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग आन्तरिक राजश्व कार्यालय भरतपुर चितवन करदता सेवा कार्यालय कवासोती नवलपरसीबाट मिति २०७६/१०/१५ मा स्थायी लेखा नम्बर (पान) दर्ता नं. ६०९७०५६४१ को प्रमाणपत्र प्राप्त **उज्वल पोल्ट्री प्रा. लि.। रजिर्ष्ट्रड ठेगाना :** नवलपरासी जिल्ला, देवचुलि गा.वि.स./न.पा.वडा नं ११, कुनाघाट ।

सञ्चालक तथा जमानतकर्ता : चन्द्रमाया क्षेत्री	जमानतकर्ता : रविन कुमार अधिकारी	जमानतकर्ता : एम कुमारी अधिकारी
(ना.प्र.न.३६/१५३७ जारी मिति २०६२/०२/०१ जारी गर्ने कार्यालय जि.प्र.का. नवलपरासी) । ठेगाना : नवलपरासी जिल्ला प्रगतिनगर गा.वि.स वडा नं.८ (हाल देवचुलि न.पा. वडा नं ११), कुनाघाट । बाबु : डोर बहादुर क्षेत्री । पति : रविन कुमार अधिकारी । ससुरा : विष्णु बहादुर अधिकारी ।	(ना.प्र.नं. ७९७ (जारी मिति २०५९/०९/३० जारी गर्ने कार्यालय जि.प्र.का. काठमाडौं) ।स्थायी ठेगाना : धादिङ जिल्ला मार्पाक गा.वि.स.वडा नं.१ (हाल नेत्रावती गा.पा. वडा नं. १) । हालको ठेगाना : नवलपरासी जिल्ला, देवचुलि न.पा. वडा नं.११, कुनाघाट । बाबु : विष्णु बहादुर अधिकारी । बाजे : नर बहादुर अधिकारी ।	(ना.प्र.नं. ७३ जारी मिति २०४३/११/१७ जारी गर्ने कार्यालय जि.प्र.का. धादिङ) । स्थायी ठेगाना : धादिङ जिल्ला मार्पाक गा.वि.स.वडा नं.१(हाल नेत्रावती गा.पा. वडा नं. १) । हालको ठेगाना : नवलपरासी जिल्ला, देवचुलि न.पा. वडा नं.११, कुनाघाट । बाबु : शेर बहादुर थापा । पति : विष्णु बहादुर अधिकारी । ससुरा : नर बहादुर अधिकारी ।

ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण :

१. चन्द्र माया क्षेत्रीको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी(बर्दघाट सुस्ता पूर्व) मा दर्ता श्रेष्ठा कायम रहेको नवलपरासी जिल्ला प्रगतीनगर गा.वि.स. वडा नं.५ नक्सा सिट नं. ५क स्थित कि.नं.१९१४ र १९१७ को क्षेत्रफल ०-१-०-० र ०-४-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात १

२. उज्वल पोल्ट्री फार्म प्रा. लि. को नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी(बर्दघाट सुस्ता पूर्व) मा दर्ता श्रेष्ठा कायम रहेको नवलपरासी जिल्ला प्रगतीनगर गा.वि.स. वडा नं.८ नक्सा सिट नं. ८क स्थित कि.नं. २०,२१ २७ र ३२० को क्षेत्रफल ०-२-२-०.७५, ०-२-१५.७५-०, ०-१९-०-० र ०-१-०-०, (बिघा), ऐ.ऐ. वडा नं.५ नक्सा सिट नं. ५क स्थित कि.नं. १५९० को क्षेत्रफल ०-३-६.७५-० बिघा) र ऐ.ऐ. वडा नं. १ नक्सा सिट नं. १ग स्थित कि.नं. २६७,२६८ र ८०२ क्षेत्रफल ०-३-९-०, ०-१३-१७-० र ०-०-१०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात १

३. उज्वल पोल्ट्री प्रा.लि. को नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी(बर्दघाट सुस्ता पूर्व) मा दर्ता श्रेष्ठा कायम रहेको नवलपरासी जिल्ला प्रगतीनगर गा.वि.स. वडा नं.५ नक्सा सिट नं. ५क स्थित कि.नं. २७७, १२५०, १२५१, १२५४, १२६७, १२६८, १७६५, १७६६, २६३६, ३६४३ र १५८९ को क्षेत्रफल ०-१०-३-०, ०-३-१०-०, ०-१-१०-०, ०-३-१०-०, ०-०-७-०, ०-४-१३-०, ०-१-१०-०, ०-३-०-०, ०-६-६.५०-०, ०-५-०-० र ०-३-६-०.७५ (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात १

४. एम कुमारी अधिकारीको नाममा मालपोत कार्यालय टोखा काठमाण्डौमा दर्ता श्रेष्ठा कायम रहेको काठमाण्डौ जिल्ला चण्डेश्वरी गा.वि.स. वडा नं.४ नक्सा सिट नं. ४क स्थित कि.नं.३९८,५४२ र ३८४ को क्षेत्रफल ०-१-०-०, ०-६-२-१ र ०-१-०-२ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात १

५. ऋणी **उज्वल पोल्ट्री फार्म प्रा. लि....१ र उज्वल पोल्ट्री प्रा. लि....१ समेतको** स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण १

पुनश्च :

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय, बेलचोक नारायणगढ, चितवन**बाट समेत प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय, बेलचोक नारायणगढ, चितवनमा** सम्पर्क राख्न सकिनेछ ।

prabhu Bank
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-०७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पत्ति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	**मुकेश महरा** स्थायी ठेगाना : रौतहट जिल्ला, इमरिया (म) गा.वि.स. वडा नं. ५ हालको ठेगाना : रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बाबु : चलितर महरा बाजे : वंशी महरा	सपलाल महरा चमारकी छोरी, वंशी महराकी बुहारी, चलितर महराकी पत्नी, रौतहट जिल्ला, इमरिया (म) गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० मा बस्ने सिकिलिया देवीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, इमरिया मटिऔन गा.वि.स. वडा नं. ८ (हाल चन्द्रपुर न.पा. वडा नं. १०) स्थित कित्ता नं. १७४८ र १७५२ को क्षेत्रफल क्रमश: ०-०-१० र ०-०-१० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
	जमानीकर्ताहरुको विवरण	
	१) निर्मला देवी स्थायी ठेगाना : रौतहट जिल्ला, इमरिया (म) गा.वि.स. वडा नं. ५ हालको ठेगाना : रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बाबु : रामजीत राय ससुरा : चलितर महरा पति : मुकेश महरा	**२) सिकिलिया देवी** स्थायी ठेगाना : रौतहट जिल्ला, इमरिया (म) गा.वि.स. वडा नं. ५ हालको ठेगाना : रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बाबु : सपलाल महरा चमार ससुरा : वंशी महरा पति : चलितर महरा
	३) निरन्जन कुमारी राम ठेगाना : रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बाबु : राजिन्द्र महरा ससुरा : चलितर महरा पति : राम औतार राम	**४) चलितर महरा** स्थायी ठेगाना : रौतहट जिल्ला, इमरिया (म) गा.वि.स. वडा नं. ५ हालको ठेगाना : रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० बाबु : वंशी महरा बाजे : जीतु महरा
	ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
२)	**रामपुत पंडित कुम्हार** स्थायी ठेगाना : रौतहट जिल्ला, माधोपुर गा.वि.स. वडा नं. ३ हालको ठेगाना : रौतहट जिल्ला, माधव नारायण न.पा. वडा नं. ६ बाबु : रामपुकार पंडित कुम्हार बाजे : मुखलाल पंडित	**रिता कुमारी** स्थायी ठेगाना : रौतहट जिल्ला, माधोपुर गा.वि.स. वडा नं. ३ हालको ठेगाना : रौतहट जिल्ला, माधव नारायण न.पा. वडा नं. ६ बाबु : शिवनाथ पंडित ससुरा : रामपुकार पंडित कुम्हार पति : रामपुत पंडित कुम्हार
	धितोको विवरण	
	मुखलाल पंडितको नाती, रामपुकार पंडित कुम्हारको छोरा, रौतहट जिल्ला, माधोपुर गा.वि.स. वडा नं. ८, स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, माधव नारायण न.पा. वडा नं. ३ बस्ने रामपुत पंडित कुम्हारको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, माधोपुर गा.वि.स. वडा नं. ५ (हाल माधव नारायण न.पा. वडा नं. ६) स्थित कित्ता नं. ७२० को क्षेत्रफल ०-०-१५-३.४ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।	
	ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
३)	**शिर बहादुर तमाङ्ग** स्थायी ठेगाना: चितवन जिल्ला, शिवनगर गा.वि.स. वडा नं. ४ हालको ठेगाना: चितवन जिल्ला, भरतपुर उ.म.न.पा. वडा नं. २३, शिवनगर बाबु : आसपुर तमाङ्ग बाजे : शंखे तमाङ्ग	**लाल माया तमाङ्ग** स्थायी ठेगाना: चितवन जिल्ला, शारदानगर गा.प. वडा नं. ४ हालको ठेगाना: चितवन जिल्ला, भरतपुर उ.म.न.पा. वडा नं. २३, शिवनगर ससुरा : शंखे तमाङ्ग पति : आसपुर तमाङ्ग
	धितोको विवरण	
	सवारी मोडल: Punto Evo Emotion 1.4 | चेसिस नं.: MCA11857F07065648GHZ | ईन्जिन नं.: 7096796 | सवारी दर्ता नं.: बा १३ च ७५८२	
	ऋणीको विवरण	**धितोको विवरण**
४)	नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, कालिकोटमा लघु उद्यम दर्ता नं. ९७०/०७३/०७४ अन्तर्गत मिति २०७४/०३/२९ मा औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा १५ बमोजिम दर्ता भएको कालिकोट जिल्ला, तिलागुफा न.पा. वडा नं. ६ स्थित **भावना होटल** **प्रोप्राइटर तथा जमानीकर्ता : कर्ण बहादुर शाही**	रज ब. शाहीको नाति, बल शाहीको छोरा, कालिकोट जिल्ला, जुविधा गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल तिलागुफा न.पा. वडा नं. ६ बस्ने कर्ण बहादुर शाहीको नाममा मालपोत कार्यालय, कालिकोटको लगतमा दर्ता कायम रहेको कालिकोट जिल्ला, जुविधा गा.वि.स. वडा नं. ८ (हाल तिलागुफा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ८६० र ८६३ को क्षेत्रफल क्रमश: ८० र १६३ (व.मि) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
	जमानीकर्ताहरुको विवरण	
	१) कर्ण बहादुर शाही स्थायी ठेगाना : कालिकोट जिल्ला, जुविधा गा.वि.स. वडा नं. ६ हाल ठेगाना : कालिकोट जिल्ला, तिलागुफा न.पा. वडा नं. ६ बाबु : बल शाही बाजे : राज बहादुर शाही	**२) देवी शाही** स्थायी ठेगाना : कालिकोट जिल्ला, जुविधा गा.वि.स. वडा नं. ६ हाल ठेगाना : कालिकोट जिल्ला, तिलागुफा न.पा. वडा नं. ६ बाबु : दुर्गा बहादुर क्षेत्री ससुरा : बल शाही पति : कर्ण बहादुर शाही

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार १० माघ ०८०

शतप्रतिशत बढ्यो शंकास्पद कारोबार

पाँच हजार नौ सय ३५ कारोबार सन्देहपूर्ण, भुक्तानी सेवाप्रदायकमा पनि देखिन थाल्यो समस्या

पवन तिमिल्सिना/नयाँ पत्रिका

नेपालमा शंकास्पद कारोबार बर्सेनि चुलिँदो रहेको नेपाल राष्ट्र बैंकअन्तर्गतको वित्तीय जानकारी एकाइको वार्षिक प्रतिवेदनले देखाएको छ। आर्थिक वर्ष ०७८/७९ मा दुई हजार सात सय ८० पटक शंकास्पद कारोबार रिपोर्टिङ भएकोमा ०७९/८० मा बढेर पाँच हजार नौ सय ३५ पुगेको छ। तथ्यांकअनुसार अघिल्लो वर्षको तुलनामा गत वर्ष शंकास्पद कारोबार ११३ प्रतिशतले बढेको छ।

संस्थाहरूलाई कुनै पनि कारोबार शंकास्पद लागेमा त्यसको जानकारी तीन दिनभित्र वित्तीय जानकारी एकाइलाई गराउनुपर्ने व्यवस्था सम्पत्ति शुद्धीकरण निवारण ऐनमा उल्लेख छ। सोहीअनुसार वित्तीय संस्थाहरूले यस्तो रिपोर्टिङ गरेका हुन्।

शंकास्पद कारोबारको रिपोर्टिङ बढ्नुले सम्पत्ति शुद्धीकरण निवारणको दायरा बढ्दै गइरहेको संकेत दिएको वित्तीय जानकारी एकाइका प्रमुख दीर्घबहादुर रावलले बताए। उनका अनुसार पछिल्लो समय नयाँ क्षेत्रबाट पनि शंकास्पद कारोबारको रिपोर्टिङ आउन थालेका छन्। उनले भने, 'यसले सम्पत्ति शुद्धीकरणसम्बन्धी सचेतनामा समेत वृद्धि भइरहेको देखाउँछ। प्रणालीप्रतिको विश्वास पनि बढ्दै गइरहेको छ।'

वित्तीय संस्था, गैरवित्तीय पेसाकर्मी वा व्यवसायीले यस्तो कारोबारको रिपोर्टिङ गर्न सक्छन्। यस्ता संस्थाले ग्राहक, कारोबार वा सम्पत्ति शंकास्पद लागेमा तीन दिनभित्र वित्तीय जानकारी एकाइलाई पठाउनुपर्ने ऐनमा व्यवस्था छ। कुनै सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी कसुरसँग सम्बन्धित भएको शंका लागेमा वा शंका गर्ने मनासिब आधार भएमा शंकास्पद मान्नुपर्ने ऐनमा उल्लेख छ। त्यस्तै, कुनै सम्पत्ति आतंककारी कार्य, आतंककारी व्यक्ति वा आतंककारी संगठन वा क्रियाकलापमा वित्तीय लगानीसँग सम्बन्धित वा जोडिएको विषय शंकास्पद लागेमा पनि यस्तो मान्नुपर्ने उल्लेख छ। कुनै ग्राहकले यस्तो प्रयास गरेमा मात्रै पनि प्रतिवेदन दिनुपर्ने भनिएको छ।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit ग्लोबल रेमिट

■ सबैभन्दा बढी वाणिज्य बैंकमा बढ्यो सन्देहपूर्ण कारोबार

एकाइलाई प्राप्त जानकारीअनुसार हालसम्म वाणिज्य बैंकबाट बढी सन्देहपूर्ण कारोबारको रिपोर्टिङ भएको छ। आव ०७९/८० मा वाणिज्य बैंकहरूबाट पाँच हजार एक सय ८७ वटा कारोबार सन्दिग्ध रहेको रिपोर्टिङ भएको छ। यो कुल सन्देहपूर्ण कारोबारको ८७ प्रतिशत हो। अघिल्लो आर्थिक वर्षमा यस्तो कारोबार दुई हजार तीन सय ८० वटा यस्ता कारोबार रिपोर्टिङ भएका थिए। त्यस्तै, विकास बैंकबाट दुई सय ५७ कारोबार सन्देहपूर्ण देखिएका छन्। फाइनान्स कम्पनीबाट ४४ वटा कारोबार शंकास्पद देखिएको रिपोर्टिङ भएको छ। त्यस्तै, इन्स्योरेन्स कम्पनीहरूबाट पनि १९ वटा कारोबार शंकास्पद रहेको रिपोर्टिङ भएको छ। लघुवित्त वित्तीय संस्थाहरूबाट भने आर्थिक वर्ष ०७८/७९ को तुलनामा कम शंकास्पद कारोबार रिपोर्टिङ भएको छ। आव ०७८/७९ मा ४४ शंकास्पद कारोबार रिपोर्टिङ गरेका लघुवित्तहरूले गत आवमा २८ वटा मात्रै यस्तो कारोबार रिपोर्टिङ गरेका छन्। त्यस्तै, रेमिट्यान्स कम्पनीहरूबाट पनि शंकास्पद कारोबारको रिपोर्टिङमा कमी आएको छ। ०७८/७९ मा एक सय ८७ कारोबार शंकास्पद रिपोर्टिङ गरेका रेमिट्यान्स कम्पनीहरूले ०७९/८० मा एक सय ४६ यस्तो कारोबार रिपोर्टिङ गरेका छन्।

धितोपत्र कम्पनीहरूबाट भएको रिपोर्टिङअनुसार भने शंकास्पद कारोबार बढेको देखिन्छ। यस्ता कम्पनीहरूले अघिल्लो आर्थिक वर्षमा आठ शंकास्पद कारोबार रिपोर्टिङ गरेकोमा गत आवमा ४६ यस्तो कारोबारको जानकारी दिएका छन्। सहकारीबाट भने जम्मा एउटा मात्रै कारोबार रिपोर्टिङ भएको छ।

सम्पत्ति शुद्धीकरणकै शंका बढी

राष्ट्र बैंकको प्रतिवेदनअनुसार हालसम्म प्राप्त रिपोर्टिङमा सम्पत्ति शुद्धीकरणकै शंका बढी हुने गरेको पाइएको छ। एकाइलाई यस्तो शंकास्पद कारोबारको जानकारी गराउँदा शंका लाग्नुको कारणसमेत खुलाउनुपर्ने हुन्छ। जसका आधारमा तीन हजार दुई सय ६६ कारोबार सम्पत्ति शुद्धीकरणकै शंकामा रहेको देखिन्छ। त्यस्तै, दोस्रोमा एक हजार ६ सय ४४ कारोबार करसम्बन्धी कसुरको शंकाका आधारमा रिपोर्टिङ भएका छन्।

जुवातास तथा गैरकानुनी खेलको शंकामा चार सय २० कारोबार रिपोर्टिङ भएका छन्। नगद, बैंकिङ, विदेशी विनिमयसम्बन्धी कसुरको शंकमा सात सय २५ कारोबार रिपोर्टिङ भएका छन्। त्यस्तै, जालसाजी गरिएको शंकमा चार सय एक कारोबार रिपोर्टिङ भएका छन्। भ्रष्टाचारसँग जोडिएका ३४ कारोबार छन्।

सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड
SANIMA MIDDLE TAMOR HYDROPOWER LIMITED

(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
का.म.न.पा. वडा नं. ४, काठमाण्डौ
फोन नं. ४-३७३०३०, ४-३७२८२८, फ्याक्स नं. ४०१५७९९
Email: middletamor@sanimahydro.com, Website: www.middletamor.com

आठौं वार्षिक साधारणसभाको निर्णय विवरण (माइन्युट)
(कम्पनी ऐन, २०६३ को दफा ७५(३) को प्रयोजनको निमित्त प्रकाशित)

यस सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडको मिति २०८० साल पौष २६ गते (तदनुसार ११ जनवरी, २०२४) बिहीबारका दिन कुण्डलिनी दरबार ब्याङ्क्वेट, चण्डोल, काठमाण्डौमा सम्पन्न आठौं वार्षिक साधारणसभाबाट पारित देहाय बमोजिमका निर्णयहरू जानकारीको लागि प्रकाशित गरिएको छ।

सभामा शेयरधनीहरुको स्वयम् तथा प्रतिनिधि मार्फत उपस्थित संख्या ४०० र कुल बाँडफाँड भएको शेयरको ५७.६७ प्रतिशतको प्रतिनिधित्व भएको हुँदा सभाको लागि गणपूरक संख्या पुगेको व्यहोरा सभामा जानकारी गराइयो।

सभामा शेयरधनी महानुभावहरुद्धारा प्रस्तुत मन्तव्य तथा जिज्ञासाका सम्बन्धमा सभा-अध्यक्ष श्री विनय कुमार श्रेष्ठज्यूको निर्देशन अनुसार कम्पनीको व्यवस्थापनले जवाफ दिई स्पष्ट पारेको थियो।

साधारण सभाबाट भएका निर्णयहरू:

निर्णयार्थ आठौं वार्षिक साधारणसभा समक्ष पेश भएका प्रस्तावहरु सभाबाट निम्न बमोजिम पारित गरियो :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा आ. व. ०७९/८० को वार्षिक प्रतिवेदन तथा सो सम्बन्धि प्रस्ताव वार्षिक साधारणसभामा प्रस्तुत गर्नु भयो। उक्त प्रस्तावलाई सभाद्वारा सर्वसम्मतिले पारित गरियो।

२. कम्पनीको २०८० साल आषाढ मसान्तसम्मको वासलात, वार्षिक नाफा नोक्सानको हिसाब र नगद प्रवाहको विवरणका साथै आ.व. २०७९/८० को लेखापरीक्षकको प्रतिवेदन साधारणसभाको विषय सूचीसँगै शेयरधनीहरूलाई उपलब्ध गराइएको थियो। उक्त वासलात तथा नाफा नोक्सान हिसाब सहितको आ. व. ०७९/८० को वार्षिक आर्थिक विवरण तथा तत् सम्बन्धी अनुसूचीहरू स्वीकृतिको लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाको सर्वसम्मतिबाट उक्त आर्थिक प्रतिवेदनहरू पारित गरियो।

३. यस कम्पनीको आ. व. २०८०/८१ को हिसाब किताब लेखापरीक्षण गर्नका लागि लेखापरीक्षक संस्था S.A.R. Associates, Chartered Accountants नियुक्तिका लागि योग्य रहेको हुँदा लेखापरीक्षण समितिको सिफारिश बमोजिम उक्त संस्थालाई नियुक्त गर्ने र लेखापरीक्षण बापतको पारिश्रमिक मूल्य अभिवृद्धि कर बाहेक रू.१,२१,०००/- (अक्षरेपी एक लाख एक्काइस हजार रूपैँया मात्र) निर्धारण गर्ने सर्वसम्मत निर्णय गरियो।

४. यस कम्पनीको संस्थापक समूहको शेयरधनी **एन.आर. एन. इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लिमिटेड**का प्रतिनिधिको रूपमा सञ्चालक पदमा नियुक्त श्रीमती उषा खतिवडाज्यूले दिनु भएको राजिनामालाई स्वीकृत गरी रिक्त हुन आएको कम्पनीको सञ्चालक पदमा भाद्र ०६, २०८० गते बसेको सञ्चालक समितिको बैठकबाट यस कम्पनीका शेयरधनी बुटवल न.पा. वडा नं.-६, रूपन्देही स्थायी ठेगाना भएकी श्रीमती रूची जोशीज्यूलाई कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम बाँकी कार्यकालका लागि नियुक्त गरेको कार्यलाई सभाको सर्वसम्मतिबाट अनुमोदन गरियो।

५. यस कम्पनीको नियमावलीको व्यवस्था बमोजिम शेयरधनीहरूबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालको निर्वाचन/नियुक्ति प्रयोजनका लागि प्रकाशित निर्वाचन कार्यक्रम अनुसार तपसिलका २ (दुई) जना मात्र शेयरधनीहरूबाट उम्मेदवारी दर्ता भई निज उम्मेदवारहरूको विरूद्धमा कुनै दाबी विरोध समेत नपरेको हुँदा उहाँहरू निर्विरोध निर्वाचित भई कम्पनीको नियमावली बमोजिम आगामी ४ (चार) वर्षका लागि यस कम्पनीको सञ्चालक पदमा नियुक्त हुनुभएको व्यहोरा निर्वाचन अधिकृत अधिवक्ता श्री भीमसेन बज्जारालेे सभामा घोषणा गर्नुभयो।

तपसिल

क्र.सं.	निर्वाचित सञ्चालकहरुको नाम	ठेगाना
१.	श्री भरत कुमार थापा	बुढानिलकण्ठ न. पा. -१०, काठमाडौं।
२.	श्री सुशिल कुमार ओझा	फत्तेपुर - ०९, सप्तरी।

६. विविधमा अन्य कुनै विषयहरूमा छलफल नभएको।

(साधारणसभाको विस्तृत विवरण यस कम्पनीको Website: www.middletamor.com मा हेर्न तथा Download गर्न सकिनेछ।)

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८०/१०/१० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय दमक, झापाबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई बेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति — **बोलपत्र खोलिने मिति/समय**

२०८०/१०/२४ गते/स्थान : शाखा कार्यालय दमक, झापा — २०८०/१०/२६ गते, शुक्रबार दिनको १ बजे

क्र.स.	ऋणीको नाम, ठेगाना	धितोको विवरण
१.	**नाम : सगरमाथा इम्पेक्स** प्रदेश सरकार, कोशी प्रदेश, दमक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दमक, झापा प्र.प.नं. १४-९-००४९, दर्ता मिति : २०७४/०१/३१ पान नं. ६०६१२१७५४, दर्ता मिति : २०७४/०१/३१ ठेगाना : झापा जिल्ला, दमक न.पा. वडा नं. ८ **प्रोप्राइटर : आशा वानिया (कट्टेल)**	आशा वानिया (कट्टेल)को नाममा मालपोत कार्यालय दमक, झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला, तोपगाछी वडा नं. ५ घ स्थित कित्ता नं. १२७० को क्षेत्रफल ०-५-०-० (बिघा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
	जमानतकर्ताको विवरण	
	१. नाम : मोहन कुमार कट्टेल ना.प्र.नं. ०४२०४४/३४०५, जि.प्र.का. झापा जारी मिति : २०६६/११/२७ बाबुको नाम : छविलाल कट्टेल बाजेको नाम : कर्णखर कट्टेल ठेगाना : झापा जिल्ला, दमक न.पा. वडा नं. ९	**२. नाम : आशा वानिया (कट्टेल)** ना.प्र.नं. ०४-०२-७३-०१६२७, जि.प्र.का. झापा जारी मिति : २०७३/०३/२८ पतिको नाम : मोहन कुमार कट्टेल ससुराको नाम : छविलाल कट्टेल ठेगाना : झापा जिल्ला, दमक न.पा. वडा नं. ९
	३. नाम : कल्पना माया कट्टेल ना.प्र.नं. ९७७३५०६०, जि.प्र.का. झापा जारी मिति : २०४६/०३/१९ पतिको नाम : छविलाल कट्टेल ससुराको नाम : कर्णखर कट्टेल ठेगाना : झापा जिल्ला, दमक न.पा. वडा नं. ९	**४. नाम : छविलाल कट्टेल** ना.प्र.नं. ९७७३२७०८८, जि.प्र.का. झापा जारी मिति २०४१/०७/१२ बाबुको नाम : कर्णखर कट्टेल बाजेको नाम : धनपती कट्टेल ठेगाना : झापा जिल्ला, दमक न.पा. वडा नं. ९

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : दमक, झापा, फोन नं. ०२३-५७५०८८
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

एक सय २२ मेगावाट विद्युत् राष्ट्रिय ग्रिडमा थपियो



लमजुङ/ लमजुङको दोर्दी करिडोरबाट एक सय २२ मेगावाट विद्युत् राष्ट्रिय ग्रिडमा थपिएको छ। दोर्दी करिडोरमा निर्माण सम्पन्न भई अहिले एक सय २२ मेगावाट विद्युत् राष्ट्रिय ग्रिडमा थपिएको हो। निजी क्षेत्रको २४ अर्ब लगानीमा निर्माण सम्पन्न भएको दोर्दी बेसिनबाट ५४ मेगावाटको सुपर दोर्दी 'ख', २७ मेगावाटको दोर्दी खोला, २५ मेगावाटको माथिल्लो दोर्दी 'ए', १२.५ मेगावाटको दोर्दी-१ र र चार मेगावाटको माथिल्लो छ्याङ्दी जलविद्युत् आयोजनाको बिजुली राष्ट्रिय ग्रिडमा थपिएको हो। आयोजनाको विद्युत् प्रवाह हुने एक सय ३२ केभी दोर्दी कोरिडोर प्रसारणलाइन निर्माण पूरा भएपछि यी आयोजनाको विद्युत् राष्ट्रिय प्रणालीमा थपिएका हुन्। दोर्दी खोलामा स्थानीय र निजी क्षेत्रको अर्बौंको लगानीमा जलविद्युत् आयोजना निर्माण भएका छन्। निजी क्षेत्र र स्थानीय मिलेर यी आयोजनामा २४ अर्ब लगानी गरेका छन्। एउटै खोलामा भित्रिएको अर्बौं लगानीले स्थानीयमा रोजगार, व्यापार र विकासका ढोका खुलेका छन्। गाउँ-गाउँमा सडक, पुल, सामुदायिक भवन, विद्यालय सुधार, सिँचाइ, खानेपानी तथा कृषि उत्पादनमा सहयोग पुगेपछि स्थानीय खुसी छन्।

■ झाडीले ढाकेका जग्गाले मूल्य पायो

कुनै वेला कौडीको मूल्यमा नबिक्ने झाडीले ढाकेका जग्गाको मूल्य जलविद्युत् आयोजना निर्माणको क्रमसँगै बढेको छ। उत्पादन लिन नसकेका जग्गा पनि जलविद्युत् आयोजनालाई चाहिँदा र चित्तबुझ्दो मूल्य आएपछि आयोजनालाई जग्गा बिक्री गरेर पनि स्थानीय बासिन्दाले अन्य क्षेत्रमा लगानी गरेका छन्। आयोजना प्रभावित क्षेत्रका स्थानीयले सन्तोषजनक मूल्य पाएसँगै सदरमुकामलगायत अन्य सहरहरूमा समेत घरजग्गालगायत क्षेत्रमा लगानी गरेका छन। मालपोत कार्यालयले निर्धारण गरेभन्दा पनि स्थानीयको चलनचल्तीको भाउमा महँगो मूल्यमा जग्गा बिक्री गरेको दोर्दीका स्थानीय गोरे गुरुङ बताउँछन्। उनी भन्छन्, 'उब्जाउ नहुने, कैयौं वर्षदेखि बाँझो रहेका, पाती फुलेका जग्गासमेत आयोजनाले राम्रो मूल्य दिएर खरिद गरेको छ।'

नेप्सेमा लगातार तेस्रो दिन गिरावट

काठमाडौं/ नेप्से परिसूचक ०.४० अंकले घटेर दुई हजार ९८.२९ को विन्दुमा कायम भएको छ। यो सातामा कारोबारको लगातार तेस्रो दिन नेप्से घटेको हो। मंगलबार तीन सय १० कम्पनीको एक करोड १८ लाख एक हजार तीन सय ६० कित्ता सेयर खरिद-बिक्री हुँदा चार अर्ब २९ करोड ४५ लाखबराबरको कारोबार भएको छ। विकास बैंक समूहको उपसूचक ०.०७, वित्त समूह ०.२८, होटेल तथा पर्यटन समूह ४.७४, लगानी समूह ०.३६, निर्जीवन बिमा समूह ०.७३ र अन्य समूह ०.५६ प्रतिशतले बढेको छ। अरू सबै समूहको उपसूचक घटेको छ। बैंकिङ समूह ०.४२, जलविद्युत् ०.५८, जीवन बिमा समूह ०.६६, उत्पादन तथा प्रशोधन समूह ०.२३, लघुवित्त समूह ०.१३, म्युचुअल फन्ड ०.२१ र व्यापार समूह ०.८६ प्रतिशतले घटेको छ।

चन्द्रागिरि हिल्स लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै घट्नेमा भने मिड सोलु हाइड्रोपावर लिमिटेडको सेयर मूल्यमा ६.२० प्रतिशतको गिरावट देखिएको छ। कारोबार रकम र कारोबार भएका सेयर संख्याका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको ५५ करोड नौ लाख ८० हजार सात सयबराबरको आठ लाख ४१ हजार कित्ता सेयर किनबेच भएको छ।

दुग्ध विकास संस्थानले घटायो दुग्ध पदार्थको मूल्य

काठमाडौं/ दुग्ध विकास संस्थानले दुग्ध पदार्थको मूल्य घटाएको छ। संस्थानले २५ प्रकारका उत्पादनको मूल्य घटाएको हो।

नयाँ मूल्यअनुसार संस्थानले आधा लिटरको पोली प्याकको दहीको मूल्य १० रुपैयाँ घटाएर ७५ रुपैयाँ बनाएको छ। त्यस्तै, एक लिटर जारको दहीमा २० रुपैयाँ घटाएर एक सय ७० रुपैयाँ, आधा लिटर जार दहीको मूल्य १० रुपैयाँ घटाएर ९० रुपैयाँ, दुई लिटर जारको दहीमा ४० रुपैयाँ घटाएर तीन सय ३५ रुपैयाँ, प्रोबायोटिक दही एक टिलर जारमा २० रुपैयाँ घटाएर दुई सय रुपैयाँ बनाएको जनाएको छ। त्यस्तै, एक सय मिलिकपको दहीमा पाँच रुपैयाँ र दुई सय मिलिकपको दहीमा १० रुपैयाँ घटाएको जनाएको छ। थोक दही किन्दा प्रतिलिटर एक सय ४० रुपैयाँमा आउने कम्पनीको भनाइ छ।

त्यस्तै, कञ्चन चिजप्रति किलोमा तीन सय रुपैयाँ घटाएर एक हजार तीन सय रुपैयाँ, आधा किलोमा एक सय ५० रुपैयाँ घटाएर ६ सय ५५ रुपैयाँ, दुई सय ग्राममा ६५ रुपैयाँ घटाएर दुई सय ६५ रुपैयाँ बनाएको कम्पनीको भनाइ छ। याक चिज एक किलोमा दुई सय ८० रुपैयाँ घटाएर एक हजार ६ सय रुपैयाँ, आधा किलोमा एक सय ५० रुपैयाँ घटाएर आठ सय १० रुपैयाँ, दुई सय ग्राममा ६५ रुपैयाँ घटाएर तीन सय तीस रुपैयाँ, एक सय ग्राममा तीस रुपैयाँ घटाएर एक सय ७० रुपैयाँ बनाएको उल्लेख छ।

संस्थानले फ्रेस मिल्क दुई सय मिलिबोतलको मूल्य पाँच रुपैयाँ घटाएर ७० रुपैयाँ बनाएको छ। त्यस्तै, पनिर एक केजीको आठ सय रुपैयाँ, आधा केजीको चार सय पाँच रुपैयाँ, दुई सय ग्रामको एक सय ६५ रुपैयाँ र एक सय ग्रामको ९५ रुपैयाँ बनाएको जनाइएको छ।

मोजरेला चिज एक केजीको एक सय रुपैयाँ घटाएर एक हजार रुपैयाँ, आधा किलोको ५० रुपैयाँ घटाएर पाँच सय रुपैयाँ, दुई सय ग्रामको २५ रुपैयाँ घटाएर दुई सय १० रुपैयाँ तथा नौनी-मखन किलोको एक सय रुपैयाँ घटाएर एक हजार रुपैयाँ बनाएको छ।

ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/१०/१० गते

यस माछापुच्छ्रे बैंक लि. को विभिन्न शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको विभिन्न कर्जाहरुको समय समयमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत कर्जाको साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज, लगायतका रकमहरु नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र यस बैंकको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज आदि) नबुझाएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, बैंकको नियम, प्रचलित कानून तथा ऋणी र बैंक बीच भएको लिखतको शर्त अनुसार ऋणीहरुको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने र बैंकको सम्पूर्ण लेना रकम असुलीको लागि अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत जानकारी गराउँदछौं।

तपसिल

क्र.सं.	ऋणी तथा जमानीकर्ता	बाबुको नाम	बाजे/ससुराको नाम	पति/पत्नीको नाम	नागरिकता नं.	जारी मिति	जारी जिल्ला	ठेगाना	शाखा कार्यालय	कर्जा शीर्षक
१	शंकर भट्टराई	गङ्गा प्रसाद भट्टराई	कुलनाथ भट्टराई		२१४८८	२०५१/०२/२६	काठमाडौं	का.जि., का.म.न.पा. वडा नं. १०	नयाँ बानेश्वर	सेलरी प्याकेज लोन
	जानकी भट्टराई	राम निधी उप्रती	कुलनाथ भट्टराई	गङ्गा प्रसाद भट्टराई	२९५६/२२४२	२०४२/०४/२१	काठमाडौं	का.जि., का.म.न.पा. वडा नं. ३१		
२	सिड लाल थिड	सुपलाल थिड	कुल बहादुर थिड	रचना लामा	४८४५४	२०६३/०१/१२	सिन्धुली	कल्पवृक्ष गा.वि.स. वडा नं. १, सिन्धुली	नयाँ बानेश्वर	सेलरी प्याकेज लोन
	रचना लामा	बखत बहादुर लामा	सुपलाल थिड	सिड लाल थिड	३०१०१०/१६३३३५	२०६४/०५/२३	काभ्रेपलाञ्चोक	कानपुर, कालापानी वडा नं. ९, काभ्रे		

	ऋणीको विवरण	प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ता	व्यक्तिगत जमानीकर्ता	शाखा कार्यालय	कर्जा शीर्षक
३	नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालयमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता नं. १४३८९/लघु ९२९/०७५/०७६ अन्तर्गत मिति २०७५/०५/१९ मा दर्ता कायम भएको **श्री प्रमेश असिम फर्निचर उद्योग**। पान नं. ६०८५९९७०२ ठेगाना : कास्की जिल्ला, पो.म.न.पा. वडा नं. १९, लामाचौर	**सीता सि.के.** ना.प्र.नं. ३४१९६, जि.प्र.का. कास्की जारी मिति : २०५२/०४/२९ बाबुको नाम : गोपाल बहादुर नेपाली पतिको नाम : उमेश कुमार सि.के. ससुराको नाम : गुमान बहादुर सि.के. ठेगाना : सुनसरी जिल्ला, इनरुवा वडा नं. ७	**उमेश कुमार सि.के.** ना.प्र.नं. २८५, जि.प्र.का. कास्की जारी मिति : २०४४/०४/१३ बाबुको नाम : गुमान बहादुर सि.के. बाजेको नाम : गंगे सि.के. ठेगाना : कास्की जिल्ला, पो.म.न.पा. वडा नं. १९	लामाचौर	महिला उद्यमी सहुलियतपुर्ण कर्जा
४	प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालयमा औद्योगीक व्यवसाय ऐन, २०७६ बमोजिम दर्ता नं. १०९५० अन्तर्गत मिति २०७७/०९/१९ मा दर्ता कायम भएको **श्री बबई टोकियो गेष्ट हाउस**। पान नं. ६१४७०८६०६ ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २६, मित्रनगर	**अम्बिका कार्की** ना.प्र.नं. ०६१०३७/१४५२३७, जि.प्र.का. सुनसरी जारी मिति : २०६६/०९/२४ बाबुको नाम : जित बहादुर कार्की बाजेको नाम : सन्त बहादुर कार्की पतिको नाम : कुल बहादुर पंडित ठेगाना : सुनसरी जिल्ला, इनरुवा वडा नं. ७	**कुल बहादुर पंडित** ना.प्र.नं. २४३०६५/६८३, जि.प्र.का. सन्धुपाल्चोक जारी मिति : २०६३/११/२१ बाबुको नाम : धर्म बहादुर पंडित बाजेको नाम : धन बहादुर पंडित ठेगाना : सिन्धुपाल्चोक जिल्ला, इचोक वडा नं. ४	गोंगबु	महिला उद्यमी सहुलियतपुर्ण कर्जा

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित

ग्यालेक्सी एस–२४ सिरिजमा एनसेल र सामसङबीच सम्झौता



काठमाडौं/ एनसेल र सामसङ नेपालबीच सामसङ ग्यालेक्सी एस-२४ सिरिजका स्मार्ट फोनमा आकर्षक बन्डलिङ सेवा र विशेष सुविधा उपलब्ध गराउन दुवै पक्षबीच सम्झौता भएको छ। सम्झौताअन्तर्गत एस-२४ सिरिज किन्न अग्रिम बुकिङ गर्ने पहिलो पाँच सयजना ग्राहकले आफ्नो इच्छाअनुसार एनसेलको स्पेसल लक्स नम्बर लिन पाउने बताइएको छ।


सामसङ नेपालले शुक्रबारबाट नै ग्यालेक्सी एस-२४ सिरिजका स्मार्ट फोनका लागि अग्रिम बुकिङ लिन थालिसकेको छ। अग्रिम बुकिङ गर्ने ग्राहकले प्रिमियम नम्बरका साथै हरेक दिन ६ महिनासम्म ७० मिनेट अल नेट भ्वाइस, सात सय एमबी डेटा र ७० एसएमएस निःशुल्क पाउनेछन्।

माघ २३ सम्म वा स्टक रहँदासम्म अग्रिम बुकिङ गर्नेले बड्स, ट्याब्लेटलगायतका आकर्षक उपहारसमेत पाउने सामसङ नेपालले जनाएको छ।

'ग्यालेक्सी एस-२४ सिरिज विशेष छ, किनकि हामीले अग्रिम बुकिङमा एनसेलका प्रिमियम नम्बर प्रदान गर्दै छौं,' सम्झौतापछि एनसेलका चिफ कमर्सियल अफिसर उमेर मोहसिनले भने, 'नवप्रवर्तन र अत्याधुनिक प्रविधिमार्फत नयाँ सम्भावना पहिल्याउन प्रतिबद्ध विश्वको अग्रणी टेक कम्पनीसँग साझेदारी गर्न पाएकोमा हामी उत्साहित छौं।'

सामसङको ग्यालेक्सी एस-२४ सिरिजमा प्रयोगकर्ताको अनुभवलाई पुनः परिभाषित गर्ने अत्याधुनिक एआईका सुविधा, एआई लाइभ ट्रान्सलेट, प्रभावकारी सर्च रिजल्टका लागि सर्कल, नोट असिस्ट, ट्रान्सक्रिप्ट असिस्टजस्ता दैनिक जनजीवन सहज बनाउन सहयोग गर्ने विभिन्न अन-डिभाइस सुविधा प्रदान गर्ने बताइएको छ। यो सिरिजले उच्च गोपनीयता र सुरक्षा सुनिश्चित गर्ने र डिभाइस टाइटेनियमबाट बनेकाले बलियो पनि हुने कम्पनीको दाबी छ। एस-२४ सिरिजमा ग्यालेक्सी एस-२४ अल्ट्रा, ग्यालेक्सी एस-२४ प्लस र ग्यालेक्सी एस-२४ बेस रहेका छन्।

भायानेटले ल्यायो 'बाई वान, गिफ्ट वान' योजना



काठमाडौं/ भायानेट कम्युनिकेसनले 'बाई वान, गिफ्ट वान' योजना सार्वजनिक गरेको छ। यो योजनाअन्तर्गत इन्टरनेट नवीकरण वा नयाँ जडान गर्ने ग्राहकले आफ्ना प्रियजनलाई तीनमहिने १२५ एमबिपिएस निःशुल्क उपहार दिन सक्ने कम्पनीले जनाएको छ। साथै, उपहार नदिई थप एक महिनाको आफ्नै इन्टरनेट निःशुल्क प्राप्त गर्ने सुविधा पनि रहेको बताइएको छ।

यस योजनामा योग्य बन्न भायानेटका ग्राहकले ३, ६ या १२ महिनाको सदस्यता अवधिसँगै १२५ एमबिपिएस वा सोभन्दा माथिको उच्च गतिको इन्टरनेट प्याकेज नवीकरण वा नयाँ जडान गर्नुपर्नेछ। एकपटक योग्य बनेपछि ग्राहकले एसएमएसमार्फत कोड पाउने र त्यही कोड आफ्ना आफन्तलाई दिन सक्नेछन्। यसरी कोड पाउने व्यक्तिले कम्पनीलाई सम्पर्क गरी २७ सय रुपैयाँबराबरको तीनमहिने १२५ एमबिपिएसबराबरको इन्टरनेट प्याकेज दाबी गर्न सक्ने कम्पनीले जनाएको छ।

फेडेरल र निर्माबीच दीर्घकालीन सहकार्य गर्ने समझदारी



काठमाडौं/ फेडेरल रिइन्स्योरेन्स ब्रोकर्स लिमिटेड (एफआरबिएल) र नेपाल इन्स्योरेन्स एन्ड रिस्क म्यानेजमेन्ट एसोसिएसन (निर्मा)बीच सम्झौता भएको छ। सम्झौतापत्रमा एफआरबिएलका प्रबन्ध निर्देशक सुवर्ण पौडेल तथा निर्माका अध्यक्ष डा. रवीन्द्र घिमिरेले एक कार्यक्रमबीच हस्ताक्षर गरेका छन्।

सम्झौतअनुसार बिमा, जोखिम व्यवस्थापन तथा सामाजिक सुरक्षाको क्षेत्रमा क्षमता अभिवृद्धि, खोज तथा अनुसन्धान साथै जागरण कार्यक्रमका लागि दीर्घकालीन सहकार्य हुनेछ।

भरतपुर भ्रमण वर्षको तयारी तीव्र, मुख्य गन्तव्य निकुञ्ज



चितवन/ चितवन राष्ट्रिय निकुञ्जमा भरतपुर भ्रमण वर्ष २०२४ का लागि तयारी थालिएको छ। फागुन १८ गतेदेखि सुरु हुने भरतपुर भ्रमण वर्षका लागि निकुञ्जसँगै जोडिएका मध्यवर्ती क्षेत्रमा रहेका सामुदायिक वनमा पनि तयारी तीव्र पारिएको हो।

चितवन राष्ट्रिय निकुञ्जका सहायक संरक्षण अधिकृत गणेश तिवारीका अनुसार मध्यवर्ती क्षेत्रमा रहेका सामुदायिक वन, बाटुली पोखरी, किङ फिसर ताल, बीसहजारी तालमा सरसफाइको काम भइसकेको छ।

भरतपुर भ्रमण वर्षको मुख्य पर्यटकीय गन्तव्य निकुञ्ज हो। निकुञ्जले यहाँ रहेका जिप सफारीका पुराना रुटमा पनि सरसफाइ गरिसकेको छ। निकुञ्जका सूचना अधिकारी तिवारीले पर्यटकीयस्थलमा नक्सा (म्याप) राख्ने काम पनि गरिएको जानकारी दिए। निकुञ्जभित्र रहेका ताल, पोखरी र घाँसे मैदानलाई पनि व्यवस्थित बनाउने निकुञ्जको वार्षिक कार्यक्रमअनुसार अगाडि बढाइएको सूचना अधिकारी तिवारीले बताए।

मेघौली क्षेत्रका सामुदायिक वनका प्रवेशद्वारलाई शृंगार गर्ने काम गरिएको छ भने निकुञ्जको हेटक्वार्टर कसरामा सरसफाइ र रङ-रोगनको कार्य भएको छ। भ्रमण वर्षमा आउने स्वदेशी तथा विदेशी पर्यटकलाई स्वागत गर्ने गरी व्यवस्था मिलाइएको छ।

भ्रमण वर्षमा भरतपुर आउने प्रकृति पर्यटकलाई निकुञ्जभित्र हुने पर्यटन गतिविधिलाई सहज बनाउन मिल्ने कामलाई तीव्रता दिएको तिवारीको भनाइ छ। निकुञ्ज जिप तथा हात्ती सफारीका लागि प्रख्यात मानिन्छ।

यस्तै, भरतपुर-६ देवनगरमा रहेको वन्यजन्तु उद्धार केन्द्रमा बाघ राख्न मिल्ने गरी बनाइएको केजको निर्माण कार्य पनि पूरा भएको निकुञ्जले जनाएको छ। उद्धार केन्द्रकै कम्पाउन्डमा गैंडालाई राख्न मिल्ने गरी तारबारको काम पनि अहिले भइरहेको छ। निकुञ्ज घुम्न आउने पर्यटकले पाटे बाघ र गैंडा देख्न नपाएको खण्डमा सहज तरिकाबाट देखाउने उद्देश्यले चिडियाघर शैलीमा उद्धार केन्द्रलाई निर्माण गरिएको हो।

निकुञ्जमा समय र परिस्थिति नमिलेको अवस्थामा वन्यजन्तु नदेखिने सम्भावना रहन्छ। पर्यटकलाई बाघ र गैंडा अवलोकन गराउन केभभित्र बाघ राख्ने तयारी गरिएको हो। फागुनको पहिलो साता बाघलाई केभमा राख्ने निकुञ्जको तयारी छ।

निकुञ्जले टिकटलाई अनलाइन र डिजिटल बनाउने सम्बन्धमा निकुञ्ज विभागलाई पत्रचार गरेको छ। भ्रमण वर्षमा पर्यटकको चाप वृद्धि हुने र टिकट काट्न असहज हुने अनुमानका साथ टिकट प्रणालीलाई अनलाइन बनाउने पहल भइरहेको निकुञ्जका प्रमुख संरक्षण अधिकृत डिल पुर्जाले जानकारी दिए।

Geruwa Rural Municipality
Office of the Rural Municipal Executive
Pashupatinagar,Bardiya

Invitation of Bids for the following works

Date of Publication:- 2080/10/10

1. The Geruwa Rural Municipality invites electronic bids from eligible bidders for the following works.

S.N	Contract ID No.	Description of works	Estimated Amount in (with VAT and PS excluding Contingeny) (Nrs)	Bid Security Amount (Nrs)	Bid Security Validity Period	Bid Document Fee (Nrs)	Remarks
1.	W/GRM/ NCB/04/2080-081	Ward no. 1 ra 4 Jodne Adhuro Culvert Nirman	2923319.75/-	75000/-	120 days after Bid opening Date	3,000/-	NCB, Single Stage Single Envelope

2. Only Electronics bidding through www.bolpatra.gov.np/egp is permitted and bid shall be submitted on or before 12:00 PM 2080-11-11 and bid shall be opened on the same date at 1:00 PM. Elligible bidders may obtain further information from Geruwa RM and email:- geruwamun@gmail.com/ Contact:-9868252424,9848073000 or may visit PPMO website www.bolpatra.gov.np/egp. bidders should deposit the cost involves in the projects account as specified below.

Bank	Revenue Account	Office code	Revenue Heading	Dharauti Account
Mega Bank Ltd, Geruwa Branch	17201400000109	056-365-17	801810	17201400000062

ICFC FINANCE LIMITED आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड

कर्जा चुक्ता गर्न तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८०/१०/१०

यस फाइनान्सको शाखा कार्यालय, खुरखुरे, चितवनबाट तपशिलमा उल्लेखित ऋणीहरुले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने कर्जाको बक्यौता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट तरताकेता गर्दा एवं राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने कर्जाको सावाँ ब्याज रकम चुक्ता गर्ने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई फाइनान्ससँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेकोले धितो स्वरुप यस फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपशिल बमोजिमको सम्पत्ति जहाँ जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गरी फाइनान्सको लेना रकम असूल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपशिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । साथै सुरक्षणमा रहेको चल-अचल सम्पत्ति लिलाम बिक्री गर्दा पनि फाइनान्सको सम्पूर्ण लेना असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ तथा सोको नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल-अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणीहरु, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबै पक्षहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । यसै सूचनालाई आधार मानी ऋणी, धितो जमानत तथा व्यक्तिगत जमानी दिनुहुने व्यक्तिहरुले सो दिन अगावै फाइनान्समा उपस्थित भई सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य स्थगित गरिने व्यहोरा समेत जानकारी गराईन्छ । अन्यथा, नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा सम्बन्धित सबै पक्षहरुलाई कालोसूचीमा सूचीकृत गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपशिल

१. ऋणीको विवरण	व्यक्तिगत जमानी दिनेहरुको विवरण
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा प्राईभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ अन्तर्गत मिति २०७४/१०/२९ मा प्रा.फ.र.नं. १२१७/०७४/०७५ भई नेपाल सरकार, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, भरतपुरबाट स्थायी लेखा नं. ६०७५०९०३० को प्रमाणपत्र प्राप्त **एस के मदिरा ।** **प्रोप्राईटर : सुरेश चौधरी** ठेगाना : खैरहनी न.पा. १०, चितवन ।	**क) नाम : सुरेश चौधरी** बाबु : बुद्धि राम महतो बाजे : मगना महतो ना.प्र.नं. : २९२८/०४४, जि.प्र.का. चितवन मिति : २०६१/०८/०४, ठेगाना : कठार ५, चितवन हाल : खैरहनी न.पा. १०, चितवन ।
ख) नाम : अनिता चौधरी बाबु : छनुवा महतो पति : सुरेश चौधरी ससुरा : बुद्धि राम महतो ना.प्र.नं. : ३५१००१/११५७, जि.प्र.का. चितवन मिति : २०७०/०९/०१, ठेगाना : कठार ५, चितवन हाल : खैरहनी न.पा.१०, चितवन ।	**ग) नाम : सिता चौधरी** बाबु : विका महतो पति : सुर्य प्रसाद महतो ससुरा : बुद्धि राम महतो ना.प्र.नं. : ३५३०१/५०, जि.प्र.का. चितवन मिति : २०६३/१०/१८, ठेगाना : कठार-५, चितवन, हाल : खैरहनी न.पा. १०, चितवन ।
घ) नाम : सुर्य प्रसाद महतो बाबु : बुद्धि राम महतो बाजे : मगना महतो ना.प्र.नं. : ११६०, जि.प्र.का. चितवन मिति : २०४५/०२/१६, ठेगाना : गुञ्जनगर-९, चितवन हाल : खैरहनी न.पा. १०, चितवन ।	**ङ) नाम : बुद्धि राम महतो** बाबु : मगना महतो बाजे : पुर्ण सिं महतो ना.प्र.नं. : १३४२, जि.प्र.का. चितवन मिति : २०३६/११/३०, ठेगाना : रातापुर ५, चितवन हाल : खैरहनी न.पा. १०, चितवन ।
धितोमा रहेको सुरक्षणको विवरण	
मालपोत कार्यालय खैरहनी, चितवनमा बुद्धिराम महतोको नाममा दर्ता कायम रहेको चितवन जिल्ला, साविक कठार वडा नं. ८ क, स्थित कित्ता नं. ३७७ क्षेत्रफल ०-०-१०-० (वि.क.धु.) को घर-जग्गा तथा त्यसमा भए गरेका अन्य निर्माणहरु, लिगलगापात समेत..।	
२. ऋणीको विवरण	
नाम : पुर्णमाया गुरुङ्ग बाबु : धनजीत गुरुङ्ग पति : सुक बहादुर गुरुङ्ग ससुरा : शेर बहादुर गुरुङ्ग ना.प्र.नं. : ७६२९, जि.प्र.का. चितवन । मिति : २०४३/११/०३ ठेगाना : विरेन्द्रनगर १, चितवन, हाल : राप्ती - ७, चितवन ।	
व्यक्तिगत जमानी दिनेहरुको विवरण	
क) नाम : विनोद गुरुङ बाबु : सुक बहादुर गुरुङ बाजे : शेर बहादुर गुरुङ ना.प्र.नं. : २०३५/०६३, जि.प्र.का. चितवन । मितिः २०६३/०२/३१ ठेगाना : बिरेन्द्रनगर-१, चितवन । हाल : राप्ती-७, चितवन ।	**ख) नाम : रत्ना कुमारी तामाङ्ग** बाबु : विविराम तामाङ्ग पति : विनोद गुरुङ ससुरा : सुक बहादुर गुरुङ ना.प्र.नं. : ६५१००३/९७३, जि.प्र.का. बर्दिया । मिति : २०६७/०५/०६ ठेगाना : तारातल-५, बर्दिया । हाल राप्ती-७, चितवन ।

ग) नाम : सोम बहादुर गुरुङ	घ) नाम : शर्मिला खडका
बाबु : सुक बहादुर गुरुङ बाजे : शेर बहादुर गुरुङ ना.प्र.नं. : ४८४०४, जि.प्र.का. चितवन । मिति : २०६६/०६/१९ ठेगाना : विरेन्द्रनगर-१, चितवन । हाल : राप्ती-७, चितवन ।	बाबु : भरत बहादुर खड्का पति : सोम बहादुर गुरुङ ससुरा : सुक बहादुर गुरुङ ना.प्र.नं. : ३३२०७९/२८८५४, जि.प्र.का. बारा । मिति : २०६७/०१/२९ ठेगाना : जितपुर -३, बारा । हाल : राप्ती-७, चितवन ।

३. ऋणीको विवरण

प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, भरतपुर, चितवनमा औद्योगिक व्यवसाय ऐन, २०७६ अन्तर्गत मिति २०७७/०४/२२ मा लघु उद्यम दर्ता नं. १७२/०७७/०७८ भई नेपाल सरकार, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, भरतपुरबाट स्थायी लेखा नं. ६१४०१७१९७ को प्रमाणपत्र प्राप्त **सोम गाईपालन फर्म ।**

प्रोप्राइटरको नाम : पुर्णमाया गुरुङ ।

ठेगाना : राप्ती नगरपालिका वडा नं. ७, चितवन ।

व्यक्तिगत जमानी दिनेहरुको विवरण

क) नाम : पुर्णमाया गुरुङ्ग	नाम : सुक बहादुर गुरुङ्ग
बाबु : धनजीत गुरुङ्ग पति : सुक बहादुर गुरुङ्ग ससुरा : शेर बहादुर गुरुङ्ग ना.प्र.नं. : ७६२९, जि.प्र.का. चितवन । मिति : २०४३/११/०३ ठेगाना : विरेन्द्रनगर १, चितवन । हाल : राप्ती - ७, चितवन ।	बाबु : शेर बहादुर गुरुङ्ग बाजे : फे लामा ना.प्र.नं. : ६०, जि.प्र.का. चितवन । मिति : २०४५/०४/२० ठेगाना : विरेन्द्रनगर १, चितवन । हाल : राप्ती - ७, चितवन ।

उल्लेखित ऋणी सि.नं. २ र ३ मा रहेको धितो सुरक्षणको विवरण

मालपोत कार्यालय खैरहनी, चितवनमा पुर्णमाया गुरुङको नाममा एकलौटी दर्ता कायम रहेको चितवन जिल्ला, साविक विरेन्द्रनगर वडा नं. १ स्थित कित्ता नं. ११०४ को क्षेत्रफल ५०७.९६ वर्ग मिटरको जग्गा र कित्ता नं. ९३५ को क्षेत्रफल ०-१-०-० (वि-क-धु) भएको घर-जग्गा तथा उल्लेखित कित्ताहरुमा भए गरेका अन्य निर्माणहरु, लिगलगापात समेत..।

लिलाम बिक्री सम्बन्धी शर्तहरुः

(१) बोलपत्र फारम फाइनान्सको मुख्य कार्यालय, भाटभटेनी, काठमाडौं तथा फाइनान्सको सबै शाखा कार्यालयहरुबाट रु. १,०००।- तिरी प्राप्त गर्न सकिने छ ।

(२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात् मिति २०८०/१०/२४ गते भित्र फाइनान्सको प्रधान कार्यालय, भाटभटेनी काठमाडौं वा सबै शाखा कार्यालय मध्ये कुनै एकमा प्राप्त भैसक्नुपर्नेछ र प्राप्त बोलपत्रहरु मिति २०८०/१०/२६ गते दिनको ३:०० बजे फाइनान्सको शाखा कार्यालय खुरखुरे, चितवनमा बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ तर बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

(३) बोलपत्रदाताले आफुले खरिद गर्न चाहेको सुचनामा उल्लेखित चल-अचल सम्पत्ति एकमुष्ट वा अलग अलग्गै खरिद गर्ने गरी बोलपत्र फारम पेश गर्नुपर्ने छ। बोलपत्र फारममा आफुले लिन चाहेको चल- अचल सम्पत्तिको आवश्यक विवरण प्रष्ट बुझिनेगरी भर्नुपर्ने छ ।

(४) बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिन उल्लेखित समयमा नै बोलपत्र खोलिनेछ ।

(५) उल्लेखित चल-अचल सम्पत्ति जहाँ जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नुपर्नेछ। बोलपत्रदाताले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन ।

(६) बोलपत्रमा आफुले सकार गरी लिन चाहेको चल-अचल सम्पत्ति के/कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ। अंक र अक्षरले लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ र धेरै नै केरमेट भै कबुल गरेको मुल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन। आफूले कबूल गरेको रकमको कम्तीमा १०% ले हुन आउने रकम फाइनान्सको Tender Deposit Margin खाता नम्बर 9264013851014 मा धरौटी वापत नगदै जम्मा गरी सोको नगदी रसिद वा यस फाइनान्सको नाममा खिचिएको चेक वा ड्राफ्ट/ पेमेन्ट अर्डर बोलपत्र साथ संलग्न गर्नुपर्नेछ। धरौटी वापत जम्मा गरिएको रकमको ब्याज दिईने छैन ।

(७) नेपाल सरकारको आर्थिक नियम तथा प्रचलित कानून बमोजिम खरिद गरि लिन चाहेको सम्पत्तिको नामसारी/ दाखिल खारेज गर्दा लाग्ने कर, शुल्क, दै-दस्तुर लगायत सम्पूर्ण खर्चहरु बोलपत्रदाता स्वयंले नै व्यहोर्नु पर्नेछ ।

(८) बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सोको जानकारी भएको मितिले ७ (सात) दिन वा फाइनान्सले तोकेको समयावधिभित्र कबोल गरेको सम्पूर्ण रकममा धरौटी राखेको रकम घटाई बाँकी रकम जम्मा गर्नुपर्नेछ। उक्त समयभित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखेको जमानत रकम फाइनान्सले जफत गर्न सक्नेछ ।

(९) रितपूर्वक पेश नभएको बोलपत्रहरु लिलाम बढाबढ प्रकृयामा समावेश गरिने छैन। बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोसिएशन गर्ने सम्पूर्ण अधिकार फाइनान्समा सुरक्षित रहनेछ ।

(१०) लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धि कागजात र अन्य कुरा बुझ्न हेर्न चाहनु हुने महानुभावहरुले शाखा कार्यालय खुरखुरे, चितवनमा सम्पर्क राख्न सक्नु हुनेछ ।

(११) लिलाम बिक्री हुने भनिएको उल्लेखित चल-अचल सम्पत्ति कसैले सकार नगरेमा, वा शिलबन्दी बोलपत्रमा उल्लेखित रकम फाइनान्सलाई चित्त बुझ्दो नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, प्रचलित ऐन, कानून तथा फाइनान्सको नीति नियम अनुसार उक्त सम्पत्तिहरु बिक्री गर्न वा यस फाइनान्सले आफै सकार गरी सोको स्वामित्व लिन वा अन्य कुनै व्यवस्था गर्न सक्नेछ ।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड

१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं, फोन नं. ४५२५२९२

www.icfc.com.np

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.नं. १७/०६९/०७०
बुधबार १० माघ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

पाकिस्तानको सामना गर्दै नेपाल

यू-१९ विश्वकपमा नेपाल र पाकिस्तानबीच चौथोपटक खेल हुँदै छ, यसअघि दुवै टोलीले समान एक जित र हार सामना गरेका छन्, एक खेल वर्षाले रद्द भयो

नयाँ पत्रिका

दक्षिण अफ्रिकामा सञ्चालन भइरहेको आइसिसी यू-१९ एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगितामा नेपालले बुधबार महत्त्वपूर्ण खेलमा पाकिस्तानको सामना गर्दै छ। प्रतियोगिताको डेथ अफ ग्रुप नाम दिइएको समूह 'डी'मा नेपाल आइतबार आफ्नो पहिलो खेलमा न्युजिल्यान्डसँग ६४ रनले पराजित भएको थियो। दक्षिण अफ्रिकाको पार्क इस्ट लन्डनमा दिउँसो दुई बजे नेपाल र पाकिस्तानबीच खेल हुनेछ। नेपालले प्रतियोगिताको सुपर सिक्समा स्थान बनाउन पाकिस्तानलाई हराउनु पर्नेछ। पाकिस्तानसँग पराजित भए नेपालको सुपर सिक्समा पुग्ने सम्भावना कमजोर बन्नेछ। नेपालले समूहको तेस्रो खेलमा अफगानिस्तानविरुद्ध खेल्नेछ।

यू-१९ विश्वकपमा नेपाल र पाकिस्तानबीच यो चौथो भेट हो। विश्वकपमा टेस्ट मान्यताप्राप्त पाकिस्तानको युवा टोलीविरुद्ध नेपालको रेकर्ड राम्रो छ। आइसिसीको तथ्यांकअनुसार नेपाल र पाकिस्तानले समान एक खेलमा जित निकालेका छन्। एक खेल वर्षाका कारण दुवै टोलीले अंक बाँडेका थिए। यद्यपि, एसिसी यू-१९ एसिया कपका तीनवटै खेलमा नेपाल पाकिस्तानसँग पराजित भएको थियो। सन् २००० मा नेपाल र पाकिस्तानसँग पहिलो भेट भएको थियो। वर्षाका कारण यो खेल रद्द भयो।



फाइल तस्बिर

सन् २००२ : नेपाल ३० रनले विजयी

सन् २००२ को न्युजिल्यान्डमा भएको संस्करणमा नेपालले सनसनी रूपमा पाकिस्तानमाथि जित निकालेको थियो। समूह 'सी'मा नेपाल, पाकिस्तान, इंग्ल्यान्ड र पपुवा न्युगिनी थिए। नेपालले पाकिस्तानलाई लिन्कोन रंगशालामा ३० रनले स्तब्ध बनाएको थियो। पहिलो ब्याटिङ गरेको नेपालले ४८.५ ओभरमा सबै विकेट गुमाएर एक सय ५१ रन बनाएको थियो। प्रत्युत्तरमा पाकिस्तान ४५.४ ओभरमा एक सय २१ रनमा अलआउट भयो।

यस खेलमा नेपालका लागि वरदान चालिसेले सर्वाधिक ४२ रनको योगदान दिएका थिए। उनले ८७ बलमा तीन चौका प्रहार गरे। शक्ति गौचनले १२ रन, कनिष्क चौगाईंले १५ रन तथा सन्जम रेग्मीले १६ रन बटुले। नेपालले पाकिस्तानबाट २१ अतिरिक्त रन पाएको थियो।

तत्काल उमर गुलले नेपालविरुद्ध २३ रन खर्चेर दुई विकेट लिए। सहज लक्ष्य पछ्याएको पाकिस्तानले नेपालका सिमर बलरद्वय शक्ति र सन्जमको घातक बलिङ सामना गर्न सकेनन्। शक्तिले १० ओभरमा तीन मेडन राखी १९ रन खर्चेर तीन विकेट लिए। सन्जमले ९.४ ओभरमा एक मेडन राखी २७ रन दिँदै तीन विकेट हात पारे। कप्तान विनोद दास, लाक्पा लामा र वरदानले समान एक विकेट हात पारे। पाकिस्तानका कप्तान सलमान बटले १० रन जोडे। पाकिस्तानको यस टोलीबाट सलमान र उमरले राष्ट्रिय टोलीमा स्थान बनाएका थिए।

सन् २०१६ : पाकिस्तान १२२ रनले विजयी

आठ वर्षअघि नेपालले पाकिस्तानसँग सामना गर्दा एक सय २२ रनको फराकिलो अन्तरले हार सामना गरेको थियो। सन् २०१६ को यू-१६ विश्वकपअन्तर्गत पाँचौं स्थानका लागि भएको खेलमा पाकिस्तानले पहिलो ब्याटिङ गर्दै ५० ओभरमा आठ विकेट गुमाएर दुई सय ५८ रन जोडेको थियो। प्रत्युत्तरमा नेपाल ४३.५ ओभरमा सबै विकेट गुमाएर एक सय ३६ रन मात्र बनाएको थियो। पाकिस्तानको ब्याटिङमा हसन मोसिनले एक सय १७ रनको शतकीय योगदान दिएका थिए। नेपालका बलर सन्दीप लामिछानेले ५३ रन खर्चेर तीन विकेट लिए। लक्ष्य पछ्याएको इनिङ्समा नेपालका लागि प्रेम तामाङले सर्वाधिक ६५ रन बनाएका थिए।

ज्ञान मन्दिरलाई उपाधि



नयाँ पत्रिका

ज्ञान मन्दिरले सातौं ओप्स खेलकुद महोत्सवअन्तर्गत पुरुष फुटबलको उपाधि जितेको छ। दशरथ रंगशालामा मंगलबार भएको फाइनलमा ज्ञान मन्दिरले सेबलाई टाइब्रेकरमा ४-३ ले पराजित गऱ्यो। निर्धारित समयको खेल १-१ को बराबरीमा सकिएको थियो। टाइब्रेकरमा ज्ञान मन्दिरका विकास गुरुङ, सुशान्त थापा मगर, विवेक राई र यारिस मख्याम मगरले गोल गरे। सुशान्त प्याकुरेलले ज्ञान मन्दिरका लागि गोल गर्न सकेनन्। सेबका मनीष गुरुङ, अर्जुन राना मगर र दिप्सन मल्लले गोल गरे। विप्लव गुरुङ र सुमित चौधरीले गोल गर्न सकेनन्।

अर्गनाइजेसन अफ प्राइभेट स्कुल (ओप्स)द्वारा आयोजित प्रतियोगितामा ज्ञान मन्दिरका सुशान्त थापा मगर उत्कृष्ट खेलाडी घोषित भए। स्ट्राइकरमा सेबका सुमित बज्राचार्य, मिडफिल्डमा कौशलका करणराम भुल, डिफेन्समा ज्ञान मन्दिरका विवेक राई, गोलरक्षकमा ज्ञान मन्दिरका आयुब मोक्तान र प्रशिक्षकमा ज्ञान मन्दिरका आशिष थापा उत्कृष्ट चुनिए।

लालपुर्जा नेपालसँग सहप्रायोजन सम्झौता

काठमाडौं/ २०औं पल्सर स्पोर्ट्स् अवार्डको सहप्रायोजकका रूपमा रियल इस्टेट व्यवसायमा क्रियाशील कम्पनी लालपुर्जा नेपाल आएको छ। नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ)ले २८ माघमा होटेल याक एन्ड यतीमा आयोजना गर्ने कार्यक्रमका लागि लालपुर्जा नेपाल रियल इस्टेट पार्टनरका रूपमा रहनेछ। त्यसका लागि सम्झौतापत्रमा नेपाल खेलकुद पत्रकार मञ्चका अध्यक्ष दुर्गानाथ सुवेदी र लालपुर्जा नेपालका प्रबन्ध निर्देशक सञ्जय नेपालले हस्ताक्षर गरेका छन्।

■ २३औं आहा रारा गोल्डकप

आयोजकलाई हराउँदै श्री स्टार अन्तिम आठमा

कास्कीमा **रोहितराज पराजुली**

श्री स्टार क्लब २३औं आहा रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिताको क्वार्टरफाइनलमा प्रवेश गरेको छ। श्री स्टारले मंगलबार पोखरा रंगशालामा भएको उद्घाटनमा आयोजक सहारा क्लबलाई २-१ अन्तरले पराजित अन्तिम आठमा आफ्नो स्थान सुरक्षित गरेको हो। श्री स्टारले १३ माघमा सेमिफाइनल प्रवेशका लागि पाहुना टोली भुटानको पारो फुटबल क्लबसँग प्रतिस्पर्धा गर्नेछ। खेलको छैटौं मिनेटमा श्री स्टारका लागि कप्तान योगेश गुरुङले गोल १-० को अग्रता दिएका थिए।

दिपेश आलेमगरले फ्रिकिकमा गुरुङले सानो डिबक्सबाट गोल गरेका हुन्। खेलको सुरुमै गोल खाएपछि दबाबमा परेको सहाराले खेलको २३औं मिनेटमा १-१ को बराबरी गोल फर्काउन सफल भयो। आयोजक सहाराका लागि आशिष गुरुङले बराबरीमा ल्याएका हुन्। लक्ष्मण रुचालको फ्रिकिकलाई सदुपयोग गर्दै गुरुङले हेडिङ गोल गरेका थिए। खेलको ५९औं मिनेटमा अनिष तामाङको आत्मघाती गोल गर्नु नै सहाराका लागि दुर्भाग्य बन्यो। श्री स्टारका एन्जल महर्जनले प्रहार गरेको फ्रिकिक क्लियर गर्ने क्रममा तामाङको हेडिङ पोस्टभित्र छिरेको थियो।

खेलमा श्री स्टारका योगेश गुरुङ म्यान अफ दी म्याच घोषित भएका थिए। श्री स्टार र सहाराको यो तेस्रो भेट हो। यसअघि ०६३ मा भएको प्रतियोगिताको सेमिफाइनलमा श्री स्टारले सहारालाई ३-० ले हरायो। ०६९ को फाइनलमा श्री स्टारले आयोजक सहारालाई १-० ले हराउँदै उपाधि जित्यो। श्री स्टारले पाँचपटक र सहाराले एकपटक प्रतियोगिताको उपाधि जितेका छन्।

जितपछि श्री स्टारका प्रशिक्षक विक्रम लामाले योजनाअनुसार खेलाडीले जितका लागि मिहिनेत गरेको बताए। उनले क्वार्टरफाइनल खेलमा सुधारिएको प्रदर्शन गर्ने जनाए। सहाराका प्रशिक्षक सुनिल रानाले आत्मघाती गोलका कारण नै टोलीको दुर्भाग्य रहेको बताए। खेलाडीको खेलप्रति सन्तुष्ट जनाउँदै उनले एउटा गल्तीका कारण हार सामना गरेको जनाए। प्रतियोगिताअन्तर्गत बुधबार राइजिङ स्टार र त्रिभुवन आर्मीबीच हुनेछ।

फुटबलर घलान सम्मानित

यस वर्षको सर्वोत्कृष्ट राष्ट्रिय फुटबल खेलाडी सम्मानबाट नेपाली राष्ट्रिय टोलीका मिडफिल्डर आयुष घलान सम्मानित भएका छन्। आयोजक क्लबले ०७४ देखि प्रतियोगिताको उद्घाटनका दिन सर्वोत्कृष्ट राष्ट्रिय फुटबल खेलाडीबाट एकजनालाई सम्मान गर्दै आइरहेको छ। हेटौंडा उपमहानगरपालिका १८ का घलानले ५० हजार पाँच सय ५५ रुपैयाँसहित सम्मानपत्र पाएका छन्।

आर्मी चार विकेटले विजयी

भैरहवा/ प्रधानमन्त्री कपमा त्रिभुवन आर्मी क्लबले मंगलबार नेपाल एपिएफ क्लबमाथि चार विकेटको जित निकालेको छ। सिद्धार्थ रंगशालामा पहिलो ब्याटिङ गरेको एपिएफले ३२.४ ओभरमा सबै विकेट गुमाएर एक सय २१ रनको सामान्य योगफल बनाएको थियो। खराब मौसमका कारण ३६ ओभरमा खेल खेलाइएको थियो। आर्मीले २४औं ओभरमा ६ विकेटको नोक्सानीमा जित निकाल्यो। आर्मीले पाँच खेलमा तीन जित र दुई हारका साथ ६ अंक जोडेको छ। एपिएफले पाँच खेलमा दुई जित र तीन हारको सामना गरेको छ।

आर्मीको जितमा कप्तान विनोद भण्डारीले नटआउट ३४ रनको योगदान दिए। उनले ४० बलमा चार चौका र एक छक्का प्रहार गरे। कुशल मल्लले १९ रन र बसिर अहमदले १८ रन जोडे। दुवै ब्याट्सम्यानले समान दुई चौका र एक छक्का प्रहार गरेका थिए। बलिङमा एपिएफका रमेश कुर्मीले दुई विकेट लिए। मौसम ढकाल र कप्तान रोहितकुमार पौडेलले समान एक विकेट हात पारे। यसअघि एपिएफको ब्याटिङमा कप्तान रोहितले ५९ रन बनाएका थिए। उनले एक सय तीन बलको सामना गरे। उनी इनिङ्सको ३३औं ओभरमा नवौं विकेटको रूपमा आउट भए।

राजापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजापुर, बर्दिया
लुम्बनी प्रदेश नेपाल

बोलपत्र स्विकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८०/१०/१०

उपरोक्त सम्बन्धमा तपशिलको सामाग्री खरिद कार्य गर्न गराउन यस कार्यालयबाट प्रकाशित सूचना अनुसार कार्यालयमा रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये कार्यालयको निर्णय अनुसार तपशिल बमोजिम बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही ठहरिएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा १ र २ प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि ७ दिने यो सूचना प्रकाशित गरिएको छ।

तपशिल :

क्रसं.	ठेक्का नं.	कामको नाम	छनौट गरिएको बोलपत्रदाता	कबोल अङ्क-मु.अ.कर सहित
१	8/RM/NBC/W/2080/081	वडा नं.९ चैनपुर देखि पुरैना हुदै वडा नं.८ भोगपुर सम्म सडक कालो पत्रे	चित्रा र प्रेमरलालीगुरास जे.भि. गेरुवा-६ बर्दिया	२२५०५७९५।५२
२	9/RM/NBC/W/2080/081	वडा नं.६ जोगीपुर देखी वडा नं. ५ त्रिवेणी बजार हुदै वडा नं. २ बरगदही सम्म सडक कालोपत्रे	चित्रा र प्रेमरलालीगुरास जे.भि. गेरुवा-६ बर्दिया	२३०४९१६०।०६

महेन्द्रजंग शाही
प्रमुख प्रशासकीय अधिकृत

रिलायन्स फाइनान्स लिमिटेडका ऋण नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्ने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मितिः २०८०/१०/१०)

तपाई तपसिलका ऋणी/ऋणीहरुले यस फाइनान्सबाट लिनु भएको ऋण रकम, यस फाइनान्ससंग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र फाइनान्सबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित मिति भित्रमा यस वित्तिय संस्थालाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगर्नु भएमा यस फाइनान्सलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल वमोजिमको चल/अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी अथवा सो बाट आफ्नो लेना असूल उपर नभएमा तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतको अन्य चल/अचल सम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून वमोजिम कारबाही गरी फाइनान्सले आफ्नो लेना रकम असूल उपर गरिनुका साथै तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

तपसिल

शाखा कार्यालयः शहिद चोक, नारायणगढ

ऋणीको विवरण	धितोको विवरण	व्यक्तिगत धन जमानी दिनेको विवरण
१. नामः गरिमा कृषि फर्म पानः ६१६५५४४१६ रजिष्ट्रेशन नं.: ५३८/२०७८/०७९ ठेगानाः भरतपुर-०१, चितवन कर्जा शिर्षकः कृषि कर्जा	जीवन कुमारी तिवारीको नाममा दर्ता रहेको चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. ०१ (साबिक नारायणगढ ५/ग) स्थित कित्ता नं. ९९५ को क्षेत्रफल ०-१-० को जग्गाथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।	जीवन कुमारी तिवारी श्रीमान्: खड्ग बहादुर तिवारी ससुराः रुद्र प्रसाद तिवारी ठेगानाः भरतपुर-१, चितवन सुरक्षा के.सी. श्रीमान्: टेक बहादुर तिवारी ससुराः खड्ग बहादुर तिवारी ठेगानाः भरतपुर-१, चितवन पिकी तिवारी श्रीमान्: प्रशान्त तिवारी ससुराः खड्ग बहादुर तिवारी ठेगानाः भरतपुर-१, चितवन टेक बहादुर तिवारी बुवाः खड्ग बहादुर तिवारी बाजेः रुद्र प्रसाद तिवारी ठेगानाः भरतपुर-१, चितवन
२ नामः मोती बहादुर विश्वकर्मा बुवाः लक्षे कामी बाजेः पन्चे कामी ठेगानाः लामाचौर-०८, कास्की कर्जा शिर्षकः व्यक्तीगत ओभरड्राफ्ट कर्जा	विष्णु माया विश्वकर्माको नाममा दर्ता रहेको चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. २३ (साबिक जगतपुर ३/क) स्थित कित्ता नं. २६४ र २६६ को क्षेत्रफल क्रमश ०-१-८.५ र ०-४-५को जग्गाथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत	विष्णु माया विश्वकर्मा श्रीमान्: मोती बहादुर बिश्वकर्मा ससुराः लक्षे कामी ठेगानाः भरतपुर-२३, चितवन ज्योती वि.क. श्रीमान्: प्रेम बहादुर बिश्वकर्मा ससुराः मोती बहादुर बिश्वकर्मा ठेगानाः जगतपुर-०४, चितवन

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड

Head Office: Reliance Bhawan, Kamaladi, Kathmandu
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

TILOTTAMA MUNICIPALITY
OFFICE OF MUNICIPAL EXECUTIVE
Lumbini Province
Manigram, Rupandehi

NOTICE OF REQUEST FOR PROPOSAL (RFP)

FOR IMPLEMENTION OF 1696 HOURS TRAINING WITH OJT PROGRAM

Date: 2080/10/10

Tilottama Municipality, Manigram, Rupendehi invites proposals from interested and competent Training Institutes/Technical Schools having training facilities with adequate physical infrastructures and Human resources, to implement the 1696 hours, CTEVT-Level-2 training Program as per the CTEVT curricula.

S.N	RFP NO.	Description of Item	Estimated Amount with VAT	Last Date of RFP Submission	Opening of RFP
1	TM/RFP/QCBS/02/080/81	Request for proposal on Professional Cook with OJT	19,97,301.00	2080/10/24 12.00 AM	2080/10/25 2.00 PM
2	TM/RFP/QCBS/03/080/81	Request for proposal on Professional Account with OJT	19,74,023.00	2080/10/24 12.00 AM	2080/10/25 2.00 PM

The interested bidders are requested to submit the sealed technical and financial proposal separately in the given. The details about ToR, format of Technical Proposal and financial proposal can accessed and download from municipality website on https://www.Tilottamamun.gov.np

Bidders are requested to submit the below given documents along with proposals.

a) *Firm's registration and updated in the office of the Company Registrar indicating at least three years standing of the firm/s.*
b) *VAT registration.*
c) *Valid CTEVT affiliation to conduct 1400-1696 hours training in related occupation with letter of renewal or Valid CTEVT affiliation to conduct the pre/diploma course in related occupation.*
d) *Tax clearance certificate for the last three fiscal years or Time extension letter of Inland Revenue Department in case of not taken tax clearance certificate.*
e) *Have evidence of conduction of vocational training programs in L-1, L-2, L-3, 1400-1696 hours or pre/diploma of CTEVT during the last three years. (Verified with experience letter of CTEVT/NSTB)*
f) *Self-Declaration made in writing by the training provider/s that it is not disqualified for taking part in the procurement proceedings, that it has no conflict of interest in the proposed procurement proceeding, and that it has not been punished for an offense relating to the concerned profession or business.*

The bid documents must be submitted in one Envelop containing 3 separate Files of the following documents:

i. *Eligibility documents*
ii. *Technical Proposal and Documents for eligibility,*
iii. *Financial Proposal,*

The consultants will be selected following the Quality and Cost based Selection (QCBS) method.

The minimum *score to pass the technical proposal is 60 percent. Tilottama Municipality reserves the right* to accept or reject any or all proposals without stating any cause.

नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद्
राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र
खुमलटार, ललितपुर

Permanent Plastic House Construction Work सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/१०/१० गते

यस केन्द्रको चालू आ.ब.०८०।८१ को स्वीकृत बजेट कार्यक्रमको पूँजीगत खर्च अन्तर्गत Permanent Plastic House Construction Work गर्नुपर्ने भएको हुँदा उक्त कार्य गर्नको लागि ईच्छुक सो संग सम्बन्धित कार्य अनुभव भएका इजाजत प्राप्त सम्बन्धित व्यवसायी संस्थाहरुले तपसिलको शर्तहरुको अधिनमा रही रित पूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन आव्हान गरिन्छ।

शर्तहरु

(१) सम्बन्धित इजाजत प्राप्त व्यवसायी संस्थाहरुले दरभाउपत्र फाराम खरिद गर्नको लागि निवेदन साथ यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र दर्ता प्रमाण पत्र, नविकरण भएको इजाजत पत्र, मू.अ.क.प्र.प. र आ.ब. २०७९/८० सम्मको कर चुक्ता प्र.प.को प्रमाणित प्रतिलिपिहरु पेश गरेर कार्यालय समयमा नगद रु १०००।- तिरी दरभाउपत्र फाराम प्राप्त गर्न सकिने छ।

(२) दरभाउपत्र रु ३६,०००।- (अक्षरेपी रु छत्तिस हजार मात्र) को. ले. नि. का. ललितपुरको नेपाल बैंक लि.गावहालमा रहेको च.हि.नं. ०१८०१०००००२००३०००००१ कार्यालय कोड नं. ३१२४१३४०४ मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर वा स्वीकृत प्राप्त वाणिज्य बैंकबाट ७५ दिन अवधि भएको सो रकम बराबरको बैंक जमानत पत्र समावेश गर्नुपर्ने छ।

(३) सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२.०० बजेसम्म दर्ता गराउन सकिनेछ। दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु सोहि दिनको २.०० बजे कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ।

(४) सिलबन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदा पछि कार्यालय खुलेको दिन सोहि समयमा गरिने छ।

(५) सिलबन्दी दरभाउपत्र पेश गर्दा हरितगृहसंग सम्बन्धि कार्यअनुभव कागजातहरु, विदेशी सामाग्रीको हकमा Manufacturing Authorization Letter र सो को फोटो तथा क्याटलक अनिवार्य संलग्न गर्नुपर्नेछ अन्यथा मूल्याङनको क्रममा स्वतः रद्ध हुनेछ।

(६) सिलबन्दी दरभाउपत्रमा दररेट अंक र अक्षर दुबैमा भ्याट सहित उल्लेख गर्नु पर्ने छ। अंक र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिईने छ।

(७) कुनै कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस केन्द्रमा निहित रहने छ।

(८) यस सुचनामा उल्लेख भएका कुराहरु यसै सुचना बमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरीद ऐन नियमावली तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

(९) यस सम्बन्धी विस्तृत जानकारी चाहिएमा कार्यालय समय भित्र यस केन्द्रमा सम्पर्क राख्न सकिने छ।

सूचना नं.	खरिद कार्यको बिबरण	लागत अनुमान भ्याट समेत	जमानत रकम	फारम दस्तुर	माध्यम
२/२०८०/०८१	Permanent Plastic House Construction Work	१४,१२,८७५.५३	३६,०००।-	१०००।-	दरभाउपत्र

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com